# पोखरा बजार क्षेत्रका नेवार समुदायले मनाउने चाडपर्व र जात्राको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

पृथ्वीनारायण क्याम्पस, पोखरा, इतिहास तथा संस्कृति विभाग

स्नातकोत्तर तह द्वितीय वर्षको छैटौं पत्रको

प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र


शोधार्थी

वीणा श्रेष्ठ

पृथ्वीनारायण क्याम्पस, इतिहास तथा संस्कृति विभाग

त्रि.वि. रजिस्ट्रेशन नम्वर : ७४१४–८८

कक्षागत रोल नं. ०२/२०७०, परीक्षा रोल नं. ४८०००१


पोखरा

२०७५

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

# पृथ्वीनारायण क्याम्पस पोखरा

## इतिहास तथा संस्कृति विभाग

**पोखरा**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय इतिहास विषयको स्नातकोत्तर तहको पाठ्यक्रम अनुरुप **श्री बीणा श्रेष्ठ**द्वारा **पोखरा बजार क्षेत्रका नेवार समुदायले मनाउने चाडपर्व र जात्राको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशन तथा सुपरीवेक्षणमा तयार पार्नुभएको हो । धेरै परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म सन्तुष्ट छु । उक्त शोधकार्यको आवश्यक मूल्याकङ्नको लागी सिफारिस गर्दछु ।

मिति : २०७५।१२।२८

शोध–निर्देशक

..............................

डा. दीर्घमान गुरुङ

(सहप्राध्यापक)

ईतिहास तथा संस्कृत विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

# पृथ्वीनारायण क्याम्पस पोखरा

**इतिहास तथा संस्कृति विभाग**

**पोखरा**

## स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय इतिहास विषयको स्नातकोत्तर तहको पाठ्यक्रम अनुरुप श्री बीणा श्रेष्ठद्वारा **पोखरा बजार क्षेत्रका नेवार समुदायले मनाउने चाडपर्व र जात्राको अध्ययन** शीर्षकमा तयार पारिएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याकङ्न समिति**

१. विभागीय प्रमुख प्रा.डा. ज्ञानबहादुर कार्की ................................

२. बाह्य परीक्षक प्रा.डा. बिश्वकल्याण पराजुली ................................

३. शोध निर्देशक सहप्रा.डा. दीर्घमान गुरुङ ................................

मिति : २०७५।१२।२८

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र सङ्कायअर्न्तगत स्नातकोत्तर तहको इतिहास विषयको छैटौँ पत्रको रुपमा पोखराका नेवार समुदायहरूले मनाउने चाडपर्व र जात्राको बारेमा चिनाउने उद्देश्यले चाडपर्वको प्रक्रिया, किसिम, कारण र जात्राहरूको सङ्क्षिप्त रुपमा अध्ययन गरी विश्लेषण गरेकी छु ।

यस शोधपत्र तयार गर्दा आवश्यक पुस्तकहरूको कमीको कारणबाट स्थलगत भ्रमण गरी तयार गरिएको छ । स्थानीयवासीहरूसँग बसेर सामाजिक, आर्थिक, सांस्कृतिक धार्मिक आदि विषयका बारेमा जानकारी हासिल गरी शोधपत्र तयार गरिएको छ ।

नेवार समुदायहरूले मनाउने चाडपर्व र जात्राको इतिहास बारेमा नेवार जातिको बारेको लेख रचना, पत्रपत्रिका, पुस्तकहरूको सहयोग लिएको छ ।

सर्वप्रथम मलाई प्रस्तुत शोधपत्र **पोखरा बजार क्षेत्रका नेवार समुदायले मनाउने चाडपर्व र जात्राको अध्ययन** गर्ने सुअवसर उपलब्ध गराएकोमा त्रिभुवन विश्वविद्यालय मानविकी सङ्काय इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पसप्रति कृतज्ञता व्यक्त गर्दछु । यस विषयमा अगाडि बढाउन सहयोग पुऱ्याउनु हुने आदरणीय गुरुहरूप्रति र इतिहास तथा संस्कृति विभागका विभागीय प्रमुख प्रा.डा. ज्ञानबहादुर कार्कीप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा पटक पटक सल्लाह सुझाव, प्रेरणा दिएर सहयोग गरी तथ्ययुक्त बनाउन सहयोग गर्नुभएको श्रद्धेय गुरु शोध निर्देशक डा. दीर्घमान गुरुङप्रति हृदयदेखि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधकार्यलाई विभिन्न सामग्रीहरू र सरसल्लाह सुझाव दिई सहयोग पुऱ्याउनु हुने अग्रज मान्यजन नेवार समुदायका संस्कृतिकर्मी अष्टमान प्रधानाङ्ग, संस्कृतिकर्मी तीर्थ श्रेष्ठ, समाजसेवी टंकमान नापित, गुरु कृष्ण वैद्य, तुलसी नापित, समाजसेवी केदार बजिमय, समाजसेवी प्रकाशमान पालिखे, डा. गेहेन्द्रमान उदास, सूर्यरत्न शाक्य, डा. बिश्व श्रेष्ठ, बसुधा श्रेष्ठ, केशव ताम्राकार, रमेश बाटाजू, लक्ष्मण श्रेष्ठ, नारायण श्रेष्ठ, कमला बाँस्तोला, जिना श्रेष्ठ, सुजन श्रेष्ठप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

मेरो यस शोधपत्रलाई टाइप गरी यस अवस्थासम्म ल्याइदिनु भएकोमा हेरम्बराज अधिकारी तथा श्रेष्ठ कम्प्युटर सर्भिसका ईश्वर श्रेष्ठलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रमा कतिपय त्रुटी एवं कमजोरी छुटपूट हुन गएमा त्यसको जिम्मेवारी आफैमा राख्न चाहन्छु । गल्ती तथा भुलहरू भए क्षमायाचना माग्दै म सहयोगी मित्रहरू सवैलाई धन्यवाद ज्ञापन गर्दछु ।

........................

वीणा श्रेष्ठ

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

रोल नं. ०२/२०७०

रजिष्ट्रेशन नं. : ७४१४–८८

२०७५

# नेपालको ७ प्रदेशको नक्सा



**गण्डकी प्रदेशको नक्सा**



# विषय सूची

**सिफारिस पत्र**

**स्वीकृति पत्र**

**कृतज्ञता ज्ञापन**

**विषय सूची**

| | | |
|---|---|---|
| **परिच्छेद एक : परिचय** | | **१-६** |
| परिचय | | १ |
| १.१ | समस्याको कथन | ४ |
| १.२ | अध्ययनको उद्देश्य | ४ |
| १.३ | अध्ययनको महत्त्व | ४ |
| १.४ | पूर्वकार्यको समीक्षा | ४ |
| १.५ | अध्ययनको सीमा | ६ |
| १.६ | शोध विधि | ६ |
| १.७ | अध्ययनको संगठन | ६ |
| **परिच्छेद दुई : पोखरामा नेवार समुदायहरूको आगमन र बसाइँ सराइ** | | **७-२३** |
| २.१ | पोखरामा नेवार समुदायहरूको आगमन | ८ |
| २.२ | नेवार शब्दको उत्पत्ति | ९ |
| २.३. | पोखरा महानगरपालिकामा रहेका विभिन्न जनजातिहरु | १० |
| २.४ | नेवार समुदायको थरहरू | १५ |
| २.५ | नेवार समुदायमा थर अनुसार पेशा | १६ |
| २.६ | नेवार समुदायमा परम्परागत घरको महत्व | १८ |
| २.७ | पोखरामा नेवार समुदायहरूको बसाई सराई | २१ |
| | २.७.१ भौगोलिक कारण | २२ |

२.७.२. आर्थिक कारण २२

२.७.३. सामाजिक कारण २२

२.७.४ धार्मिक तथा सांस्कृतिक कारण २३

२.७.५ व्यापारिक कारण २३

२.७.७. राजनीतिक कारण २३

**परिच्छेद तीन : पोखराका नेवार समुदायहरूले मनाउने चाडपर्वहरू २४-४५**

३.१ गँठेमङ्गल (घण्टाकर्ण) २४

३.२ जनैपूर्णिमा (गुपुन्ही) २६

३.३ दशैँ (मोहनी नखः) २७

३.४ तिहार (स्वन्ति) ३१

३.५ योमरी पुन्हि (भुर्केरोटी) ३६

३.६ माघे संक्रान्ति (सल्हुं) ३८

३.७ श्रीपञ्चमी (चाड नख) ४०

३.८ विस्केट चाड (विस्काट नख) ४१

३.९ कुमारषष्ठी कुलपुजा (सिठी नख) ४३

३.१० गणेश चौथी (चँथा) ४४

**परिच्छेद चार : नेवार समुदायहरूले मनाउने जात्राहरू ४६-५६**

४.१ गणेश जात्रा ४६

४.२ गाई जात्रा ४७

४.३ बाघ जात्रा ५१

४.४ माघेजात्रा ५३

**परिच्छेद पाँच : नेवार समुदायहरूले मनाउने नाच ५७-६३**

५.१ भैरव नाच ५७

५.२ लाखे नाच ६०

५.३ तायामचा नाच ६२

**परिच्छेद छ : निष्कर्ष र सुझाव ६४-६५**

६.१ निष्कर्ष ६४

६.२ सुझावहरू ६५

सन्दर्भ सामाग्री

परिशिष्ट १ : अन्तर्वार्ता लिएका व्यक्तिहरूको नामावली

परिशिष्ट २ : अन्तर्वार्ताका क्रममा सोधिएको प्रश्नावली

परिशिष्ट ३ : फोटोहरू

# परिच्छेद एक

# परिचय

## परिचय (Introduction)

नेपाल दक्षिण एशिया महादेशको एक भू-परिवेष्ठित मुलुक हो । नेपाल क्षेत्रफलका हिसाबले सानो राष्ट्र भए पनि आफ्नै किसिमको भौगोलिक, सामाजिक, धार्मिक एवम् सांस्कृतिक विविधताले भरिपूर्ण रहेको देश हो । बिश्वको सबै भन्दा अग्लो हिमालय पर्वतको काखमा पर्छ । यसको पूर्व पश्चिम लम्बाई ५०० मील र उत्तर दक्षिणको चौडाई १५० देखि २०० मील छ । जमिनको कुल क्षेत्रफल ४५००० बर्ग मील छ । उत्तरमा चीन, पूर्वमा सिक्किम र भारतको पश्चिमा बङ्गाल राज्यको दार्जिलिङ जिल्ला, दक्षिणमा बिहार र उत्तर प्रदेश राज्य तथा पश्चिमा उत्तर प्रदेश राज्यकै अलमोडा जिल्ला, यति चार किल्ला भित्र रहेको नेपाल सानो फूलबारी जस्तै छ (बिष्ट,२०७४:१) । संसारको सबैभन्दा अग्लो हिमाल सगरमाथा लगायत अरु हिमालहरू मकालु, गौरीशंकर, मनासलु, गणेश, अन्नपूर्ण, धौलागिरी आदि नेपाल भित्र छन् । यिनै अग्ला हिमालबाट बगेका पबित्र नदीहरू मेची, कोशी, बागमती, गण्डकी, भेरी, कर्णाली, महाकाली र यिनै नदीहरूमा मिल्ने असङख्यय नदी, खोलाहरू छन् । प्राकृतिक साधनले सम्पन्न देश भएकोले पर्यटकहरु हेर्न आउने र आनन्द लिने गर्दछन् ।

नेपाल एक बहुजाति, बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक देश हो । न्ेपालीहरुले परम्परा र रीतिरिवाजमा आ-आफ्नै मौलिक चाडपर्व र जात्रा मनाउँदै पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बस्ती बस्दै आएका छन् । यो धर्म निरपेक्ष देश भएकाले सबै धर्म, संस्कृतिको सम्मान महत्व छ । यहाँ धार्मिक रूपमा कुनै विभेद वा विभाजन छैन । नेपाल धर्मअनुसारको सांस्कृतिक विविधता रहेको देश हो । जस्तैः हिन्दु धर्ममा दशैं, तिहार, माघेसक्रान्ती, तीज, शिवरात्री, ऋषि पञ्चमी, वसन्त पञ्चमी, जनै पूर्णिमा, कृष्णअष्टमी,

आदि मान्दछन् । मुस्लिम धर्म र क्रिश्चियन धर्म, बुद्ध धर्म मान्नेहरूले आफ्नो रीतिरिवाज अनुसार मान्दछन् (जिल्ला वस्तुगत विवरण तथ्याङ्क, कास्की २०७१ : १२) । नेपाल एक विशेष पहिचान सांस्कृतिक सम्पदा बोकेका, मठ-मन्दिरले भरिएको एक राष्ट्र हो । नेपालको ७७ जिल्लामा छरिरहेको नेवार समुदायको सामाजिक, संस्कृतिको रूपमा मनाउने चाडपर्व र जात्राको छुट्टै पहिचान रहेको छ । नेवार समुदायले मनाउने चाडपर्व र जात्राको आफ्नै विशेषता रहेको छ । जसले गर्दा मुलुकभित्र मात्र होइन राष्ट्रिय तथा अन्तर्राट्रिय जगतमा पनि प्रशंशनिय छ ।

प्रदेश नं. ४ को राजधानी पोखरा हो । कास्की जिल्लाको क्षेत्रफल २०१७ वर्ग कि.मि. वर्गाकार रूपमा रहेको छ । कास्की जिल्ला एक सुगम पहाडी जिल्ला हो । यसको सदरमुकाम पोखरा हो । यस जिल्लाको फैलावट करिब ६३ कि.मि., हवाई दूरीमा पूर्व-पश्चिममा ५० कि.मि. हवाई दूरी उत्तर दक्षिणमा रहेको छ । यस जिल्लाको सतहबाट करिब ४५० मिटर मादी नदीको किनारा देखि अधिकतम ८०९१ मिटर अन्नपूर्ण प्रथम हिमाल उचाइमा रहेको छ । कास्की जिल्लामा ११ वटा हिमशिखरहरू ७००० मिटर भन्दा बढी उचाइमा रहेका छन् । हिमालहरू मध्ये उत्तर पश्चिम सिमानामा रहेको अन्नपूर्ण प्रथम ८०९१ र उत्तरी भागमा रहेको माछापुच्छ्रे ६९९३ रहेका छन् । उत्तरको अन्नपूर्ण श्रृंखला सधैँ हिउँले ढाकिरहन्छ (जिल्ला बस्तुगत बिबरण,कास्की २०७१:१२) । यहाँको मनमोहक दृश्यहरू हिमश्रृंखला, सेती नदीको गहिरो गल्छी, पाताले छाँगा, प्राकृतिक गुफाहरू र फेवाताल, रूपाताल, वेगनास, साथै फेवातालमा माछापुच्छ्रेको प्रतिविम्व हिमाल देखिन्छ । यसरी पर्यटकहरूलाई लोभलादो प्राकृतिक सम्पदाहरू छन् । २०६८ को राष्ट्रिय जनगणना अनुसार कास्की जिल्लामा जनसंख्या ४९२०९८ (महिला २५५७१३, पुरुष २३६३८५) रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार कास्की जिल्ला ८४ वटा जातजाति ४४ वटा भाषाभाषी र ११ वटा धार्मिक समूहरूको बसोबास रहेको छ । पोखरा महानगरपालिकामा ३३ वटा वडाहरू रहेका छन् । साथै कास्की जिल्लामा बसोवास गर्ने जात-समुदायहरूमा ब्राह्मण, क्षेत्री, नेवार, गुरुङ, मुसलमान, थकाली, मगर, ठकुरी, दमाइ (परियार), सार्की (नेपाली), कामी, तामाङ, राई, भोटे, पोडे (माझी), गाइने, मारवाडी, पञ्जावी, छन्त्याल आदि छन् ।

**कास्की जिल्लाको भौगोलिक अबस्था :**

अक्षांस : २८° ०६" देखि २८° ३६" उत्तरी अक्षांश

देशान्तर : ८३° ४०" देखि ८४° १२" पूर्वी देशान्तर

सिमाना :

पूर्व : लमजुङ र तनहुँ

पश्चिम : स्याङ्जा र पर्वत

उत्तर : मनाङ र म्याग्दी

दक्षिण : स्याङ्जा र तनहुं

क्षेत्रफल : २०१७ बर्ग कि .मी (२०१७०० हेक्टर)

औसत लम्बाई : करिब ६३ कि .मी, हवाई दूरीमा

औसत चौडाई करिब ५० कि .मी हवाई दूरीमा

(जिल्ला बस्तुगत बिबरण कास्की ,२०७१:४) ।

कास्की जिल्लालाई नेपालको पर्यटकीय स्थल र राजधानीको उपनामले चिनिन्छ । विश्वको मनोरम पर्यटकीय क्षेत्रहरू मध्ये एक 'कास्की' जिल्ला हो । कास्कीमा कश्यप ऋषिको तपोभूमी रहेको कारणबाटै कश्यपीको नाम अपभ्रंश भई कास्की नाम रहन गएको भनाई छ । पहेलो कपडा लगाएर बस्ने सन्यासीहरुलाई काषायकी भनिने र त्यही ठांउमा बसोबास गरी बसेको हुनाले सोही नामबाटै अपभ्रंश भएर कास्की हुन गएको । यस जिल्लामा प्राकृतिक खनिजहरु प्रशस्त मात्रामा पाएको हुनाले यस ठाउँलाई कोषकास भनिथ्यो । सोही शव्दबाट नै कास्कीको नाम रहन गएको, कासैकासको टार र पाटन रहेको कारणबाट पनि रहन गरएको भनाई रहेको पाईन्छ (जिल्ला बस्तुगत विवरण तथ्याङ्क २०७१:३) ।

नेपालका केही प्राचीन जातजातिहरूमा नेवार समुदाय एक प्रमुख जातिको रूपमा रहेको छ । वहुभाषिक, वहुसंस्कृतिको देश नेपालको एक महत्वपूर्ण जातिमा नेवार पनि एक जाति हो । नेवार समुदायहरू काठमाडौं उपत्यकामा मात्र थियो । जस्तै- काठमाडौं, भक्तपुर, ललितपुर, कीर्तिपुर, बनेपा, धुलिखेल, नुवाकोट, काभ्रे, ठिमी आदि ठाउँहरूमा नेवार समुदायहरूको वस्ती रहेको थियो । नेपाल एकीकरणपछि पृथ्वीनारायण शाहले

काठमाडौं उपत्यकामाथि विजय हासिल गरेपछि नेवार समुदायहरू बसाई सराई, व्यापार, रोजगार, नोकरी, सरकारी जागिरको सिलसिलामा उपत्यका बाहिर विभिन्न ठाउँहरू मध्ये कोही पोखरामा आएर बस्न थाले। नेवार समुदायहरूले मनाउने चाडपर्व र जात्राहरू बारेमा अनुसन्धान गर्ने उद्देश्यले यस शोधपत्रको शीर्षक पोखराको बजारमा बस्ने नेवार समुदायले मनाउने चाडपर्व र जात्राको अध्ययन राखेको छ।

## १.१ समस्याको कथन (Statement of the Problem)

पोखरामा बसोबास गर्ने नेवार समुदाय, कला, संस्कृति, सामाजिक रितिरिवाज, पहिचान रहेको एक छुट्टै समुदाय हो। नेवार समुदाय हिन्दु र बौद्ध धर्महरू मान्दछन् । यिनीहरूको आफ्नै विशेष पहिचानयुक्त मौलिक संस्कार, संस्कृतिमा चाडपर्व र जात्राहरू मनाउँछन्। नेवार समुदायको लोप हुन लागेको चाडपर्व र जात्राको अध्ययन गरी जनसमक्ष उजागर गर्नुसमस्याको कथन रहेको छ।

## १.२ अध्ययनको उद्देश्य (Objective of the study)

(क) पोखरामा बसोबास गर्ने नेवार समुदायको बारेमा जानकारी गराउनु

(ख) पोखरामा बस्ने नेवार समुदायहरूले मनाउने चाडपर्व र जात्राहरूको बारेमा उल्लेख गर्नु।

## १.३ अध्ययनको महत्व (Justification of the study)

यो सानो अध्ययनमा सम्पूर्ण नेवार संस्कृतिको बारेमा अध्ययन गर्न असम्भव भएकोले यहां केवल पोखरामा बसोबास गर्ने नेवार समुदायले मनाउने चाडपर्व र जात्राहरूको बारेमा मात्र उल्लेख गरिएको छ।

## १.४ पूर्वकार्यको समीक्षा (Review of the Literature)

नेवार समुदायको बारेमा विभिन्न पुस्तक तथा पत्र-पत्रिकामा लेख, रचनाहरू

प्रकाशीत गरिएको पाइन्छ ।

- लिलाभक्त मुनकर्मीद्वारा लिखित ***"हाम्रा सांस्कृतिक पर्व र जात्राहरू"*** नामक पुस्तकमा नेवारहरूको संस्कृतिको वारेमा उल्लेख गरिएको छ ।
- पदम श्रेष्ठद्वारा लिखित ***"नेवार"*** भन्ने पुस्कामा नेवार समुदायहरूको उत्पत्ति साथै नेवार समुदायमा काम अनुसारको जात विभाजनका बारेमा संक्षिप्त वर्णन गरेको छ ।
- प्रेम शान्ति तुलाधरद्वारा लिखित ***"नेवार समुदायको चिनारी"*** भन्ने पुस्तकमा नेवार समुदायहरूको सामाजिक, आर्थिक, सांस्कृतिक, स्वास्थ्य, शिक्षाको बारेमा उल्लेख गरिएको छ ।
- डा. तुल्सी नारायण श्रेष्ठ द्वारा लिखित ***"नेपालका नेवारहरूको पहिचान*** भन्ने ***पुस्तकमा नेवारको संस्कारको"*** बारेमा वर्णन गरिएको छ ।
- पोखराको साँस्कृतिक इतिहासमा लुकेको व्यक्तित्व स्व. बैठक लाल श्रेष्ठको **"स्मारिका"** मा माघेजात्राको उत्पत्तिको बारेमा वर्णन गरिएको छ ।
- डा. सोम प्रसाद खतिवडा, द्वारा लिखित "नेपालको साँस्कृतिक पर्यटन पुस्तकमा ***"केही प्रमुख जात्रा र पर्व"*** को बारेमा उल्लेख गरिएको छ ।
- पोखराबाट प्रकाशित भिन्तुना पत्रिकाले ***"नेवार समुदायको चाडपर्व र जात्रा"*** हरूको बारेमा बर्णन गरेको छ ।
- डा. ऋषि प्रसाद शर्माद्वारा लिखित नेपाल राष्ट्रिय चाडपर्व भन्ने पुस्तकमा ***"नेपालको चाडपर्व"*** को बारेमा वर्णन गरिएको छ ।
- वडा नं. ९ को प्रकाशन "पार्श्वचित्र आठौँ" भन्ने पुस्तकमा ***"पोखराको नामाकरण"*** बारेमा सङ्क्षिप्त वर्णन गरेको छ ।
- सत्यमोहन जोशीद्वारा लिखित 'नेपाली चाडपर्व' नामक पुस्तकमा नेवारहरूको चाडपर्वबारे उल्लेख गरिएको छ ।
- डोरबहादुर विष्टद्वारा लिखित "सबैजातको फूलबारी" नामक पुस्तकमा विभिन्न जातजातिको परिचय दिइएको छ ।

## १.५ अध्ययनको सीमा (Limitation of Study)

नेवारहरू नेपालको विभिन्न भागमा बस्दै आएको छ। यिनीहरूले आफ्नो चाडपर्व र जात्राहरूलाई निरन्तरता दिदै आएको छ। तर नेपालको सवै क्षेत्रमा बसोबास गर्ने नेवारहरूले मनाउने चाडपर्व र जात्राहरू यो सानो सोध अध्ययनमा असम्भव भएकोले यहां केवल पोखरामा बसोबास गर्ने नेवार समुदायले मनाउने चाडपर्व र जात्राहरूको बारेमा मात्र उल्लेख गरिएको छ।

## १.६ शोध विधि (Research Methodology)

यस शोधकार्यमा दुई प्रकारको अनुसन्धान विधि अपनाएको छ ।

(क) प्राथमिक स्रोत (Primary Sources)

(ख) द्वितीय स्रोत (Secondary Source)

### (क) प्राथमिक स्रोत (Primary Sources)

प्राथमिक स्रोत अन्तर्गत पोखरामा बसोबास गर्ने नेवार समुदायको अग्रज मान्यजनहरु, बुढापाकाहरु, शिक्षित व्यक्तिहरुसँग नेवार समुदायले मनाउने चाडपर्व र जात्राहरुको बारेमा अन्तर्वार्ता लिएको छु भने म स्वयम् चाडपर्व र जात्राहरुमा सहभागि भई अवलोकन गरेकी छु।

### (ख) द्वितीय स्रोत (Secondary Sources)

द्वितीय स्रोत अन्तर्गत नेवार समुदायको चाडपर्व र जात्राहरुको बारेमा प्रकाशित पुस्तक र पत्रपत्रिकाहरुको सहयोग लिएको छ।

यो शोधपत्रलाई विश्लेषणात्मक र वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ।

## १.७ अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनलाई ६ परिच्छेदमा बिभाजन गरिएको छ। परिच्छेद एकमा अध्ययनको परिचयको बारेमा उल्लेख गरिएको छ। परिच्छेद दुईमा पोखरा शव्दको उत्पत्ति र नेवार समुदायको आगमनको बारेमा उल्लेख गरिएको छ। परिच्छेद तीनमा नेवार समुदायले मनाउने चाडपर्वको बारेमा उल्लेख गरेको छ। परिच्छेद चारमा नेवार समुदायले मनाउने जात्राको बारेमा उल्लेख गरेको छ। परिच्छेद पांचमा नेवार समुदायले मनाउने नाचको बारेमा उल्लेख गरिएको छ। परिच्छेद छ मा निष्कर्ष र सुझावहरू दिएको छ।

## परिच्छेद दुई

## पोखरामा नेवार समुदायहरूको आगमन र बसाइँ सराइ

पोखरा नेपालको दोश्रो राजधानीको रूपमा रहेको शहर हो । पोखरा प्राकृतिक साँस्कृतिक सौन्दर्यले भरिएको क्षेत्र हो । पोखरा उत्पत्तिको तथ्य प्रमाण प्राप्त नभए पनि अग्रज मान्यजनहरूबाट पोखरा शब्दको उत्पत्तिमा केही भनाइ रहेको उल्लेख पाइन्छ । पोखराको नामकरण कसरी रह्यो भन्ने सम्बन्धमा विभिन्न भनाइ पाइन्छ ।

- पहिला पोखरा पुरै पोखरी पोखरीले भरिएको थियो । पोखरीको पानी निकास भएपछि त्यही पोखरीको नामबाट पनि पोखरा रहन गएको भनाइ पनि पाइन्छ ।
- पहिला पोखरा पानीको जलमग्न रहेको ठाउँ हो । त्यसबेला भगवानहरू पोखरीमा पौडी खेल्न आएको भनाइ पनि उल्लेख पाइन्छ (अन्तर्वार्ता : तिर्थ श्रेष्ठ वर्ष ५७) ।
- पोखरा र पोखरी दुवै शव्द प्राकृतबाट बनेका समान अर्थबोध र प्रयावाची शव्द हुन् । जलाशय वा कुण्डको अर्थमा पोखरा शव्द उस्तो प्रचलित नभएकोले मात्र केही नौलो र असजिलो भए पनि वास्तवमा पोखरा र पोखरी भन्नु कुरा एउटै हो ।
- यस क्षेत्रमा स्वच्छ पबित्र जलाशय वा तिर्थकुण्डको रुपमा रहेको बुझिन्छ । त्यसैको नामबाट पनि यस ठांउको नाम पोखरा हुन गएको हुन सक्छ ।
- सराङकोटको फेदी, पोखराको शिरानमा श्री बिन्धबासिनी देवीको मन्दिर देखि पश्चिमा पट्टी जलमूल नामक ठूलो पोखरी थियो । तर बर्षादमा मूल निस्कने र पानी जम्ने हुन्थ्यो । तर पहिले पहिले हिउंद र वर्षायाममा त्यहां पानीको बिशाल पोखरी हन्थ्यो । उक्त पोखरीको चारैतिर डांडाले घेरिएको जलमूल पोखरीको पानीबाट सिचित भू-भागलाई पोखरा बेसी भनियो र यही नामबाट नै यस ठाउँको नाम पोखरा रहन गयो (पार्श्वचित्र, २०७५ : ५) ।

## २.१ पोखरामा नेवार समुदायहरूको आगमन

गण्डकी प्रदेशको ११ जिल्ला मध्ये कास्की जिल्ला एक सुगम पहाडी जिल्ला हो। पोखरामा नेवार समुदायहरूको आगमनको एकिन तथ्य प्रमाणहरू पाइएको छैन। जेष्ठ नागरिक र मान्यजनहरूको भनाई अनुसार नेवार समुदायहरू काठमाडौं उपत्यकाबाट आएका हुन्। त्यहाँ हैजाको महामारी रोग फैलिएको, व्यापार, रोजगार, राजनीतिक, सरकारी जागिर, धान्नै नसक्ने सांस्कृतिक कारण आदिको कारणले बसाइ सरी पोखराको विभिन्न ठाउँहरूमा नेवारहरू बस्दै आएको पाइन्छ। पोखरामा नेवार समुदायहरू आएर बसेको ठाउँहरूमा लामाचौर, बाटुलेचौर, विन्ध्यवासिनी, मोहरिया टोल, भैरवटोल, भिमसेन टोल, गणेश टोल, रानीपौवा, तेर्सापट्टि, साँघुमुख, सिमलचौर, बगाले टोल, बागबजार, बगर, नयाँबजार, कुंडहर, आदि छन् (अन्तरवार्ता : गेहेन्द्रमा उदास, वर्ष : ८२)। पोखरामा नेवार समुदायहरूको मुख्य व्यापारीक केन्द्र चाहिँ नालामुख, भिमसेन टोल, साँघुमुख, रानीपौवा, बागबजार, विन्ध्यवासिनी, मोहरिया टोल, तेर्सापट्टि, आदि हुन। मुख्य व्यापारीक केन्द्र 'नालामुख' लाई मान्दछन्। व्यापारको सिलसिलामा आएर बसेका पाइन्छ। साथै प्रशासनिक र सांस्कृतिक क्रियाकलापले गर्दा पनि पोखरामा आएर बसेको उल्लेख पाइन्छ।

नेवार समुदाय आ-आफ्नो विभिन्न सीप, कलाले भरिपूर्ण भएका समुदाय हुन। पोखराका नेवार समुदायहरूले बनाएको घर, मन्दिरको झ्याल, ढोकामा कलात्मक बुट्टाहरूले कुँदिएको र भगवानको मूर्तिहरू बनाएको पाइन्छ। वस्तुकलाको विकासमा नेवार समुदायहरूको ठूलो देन रहेको छ।

नेवार समुदायहरू एक ठाउँबाट अर्को ठाउँ जाने क्रममा नेवारहरू पोखरा आएर वस्ती बसाएर बजार विस्तार गरेको पाइन्छ। साथसाथै नेवारहरूको संस्कृतिमा पर्ने चाडपर्व, जात्राहरूको पनि विकास भएको पाइन्छ (अन्तर्वार्ता, गेहेन्द्रमान उदास वर्ष ८२)। नेवार समुदायहरू पहिला पोखरामा "छब्बिस कुरिया घरको रूपमा आएर पोखराका विभिन्न ठाउँहरूमा छरिएर बसोबास गरेको पाइन्छ। जस्तैः विन्ध्यवासिनी, भैरवटोल, मोहोरिया टोल, नालामुख, भिमसेन टोल, रामकृष्ण टोल, साँघुमुख, रानीपौवा, तेर्सापट्टि, कुँडहर, सिमलचौर, बागबजार, गणेश टोल, नयाँ बजार, गौडाको मुख (कुँडहर), बगाले टोलआदि ठाउँहरूमा नेवार समुदायको बसोबास रहेको पाइन्छ (अन्तरर्वाता : केदारमान बजिमय, वर्ष ८५)।

नेवार समुदायहरूले बस्ती बसाएको ठाउँहरूमा सांस्कृतिक महत्व बढेको पाइन्छ । नेवारहरू काठमाडौं उपत्यकाको विभिन्न ठाउँहरू जस्तैः भक्तपुर, ललितपुर, काठमाडौं, बनेपा, काभ्रे कीर्तिपुर, धुलिखेल, ठिमी आदि बाट आएका हुन् ।

## २.२ नेवार शब्दको उत्पत्ति

नेवार समुदायमा नेवार शब्दको उत्पत्तिको यकिन तथ्य थाहा नभए तापनि निम्न कारणहरूले नेवार शब्दको उत्पत्ति भएको पाइन्छ :

- पहिलो नेवार समुदायहरू दक्षिण भारतको मालवा समुन्द्री किनारामा अवस्थित "नायर" भन्ने स्थानबाट नेपाल उपत्यकामा आएको र नायर भन्ने स्थानवाचक शब्दको अप्रभंश भएर नेवार शब्दको सृजना भएको हो भन्ने भनाइ रहेको छ। नायर निवासीहरु र नेवारहरूको रीतिरिवाजहरूमा केही समानता पाइन्छ। यस्तै वंशावलीमा पनि "नायर भन्याको देशको निवासी नेवारहरू भया" भनी उल्लेख गरेको पाइन्छ। यो सिद्धान्त धेरै समय अघिदेखि बौद्धिक वर्गमा चर्चाको विषय बन्दै आएको पाइन्छ (नेपाली, १९५६ : २८) ।
- नेवारहरू राजस्थानको "निवाङ्ग" भन्ने स्थानबाट आएको र कर्णाटक वंशी नान्यदेव यिनीहरूको पुर्ख्यौली पुरुष हो भन्ने विचार शिवराजश्रेष्ठ मल्लले व्यक्त गर्नुभएको छ। त्यस्तै कुलचन्द्र कोइरालाले पनि नेवार राजा - जयस्थिति मल्लका सन्तानहरू कर्णाटकवंशी न्यायदेव वंशहरूको पुत्रीका पुत्रहरू भएको र उनीहरू रघुवंशी माण्डव गोत्र भएको कुरालाई स्विकार गर्नुभएको पाईन्छ ।
- नेपाल उपत्यकामा सन् १६०५ मा राजा रामशाहको समयमा व्यापार गराउने उद्देश्यले गोरखा गएका नेवारहरू नै सबैभन्दा पहिला उपत्यकाका निवासीहरूलाई जातिवाचक शब्दको रूपमा नेवार शब्द नेवार प्रयोग गरेका थिए। तत्पश्चात सन् १६५४ मा राजा प्रताप मल्लले आफ्नो लायकु (राजदरबारमा) मा राख्न लगाएको शिलालेखमा नेवार भाषा (नेपाल भाषा) को लिपिमा "नेवार" भन्ने शब्द प्रयोग गरेका थिए (डा. श्रेष्ठ, २०६६ : ११) ।
- नेवार भन्ने शब्द देशवाचक र जातिवाचक शब्द "नेपार" बाट अपभ्रंश भएर नेवार

भएको र नेवार शव्दले भने जातिवाचक रूप लिएको पाइन्छ। साथै तामाङ्ग भाषाको "यार्वा" शब्द नेवार शब्दको संक्षिप्त रूपमा भएको उल्लेख पाइन्छ।

- नेवार कुनै जात होइन। ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र चार वर्णहरूको एउटा समुदाय हो। नेवार नेपाल राष्ट्सित अति घनिष्ट रुपले प्राचीन कालदेखि नै सम्बन्धित रही आएको आदिबासी एंव भूमिपुत्र हो। यसको आफनै पहिचान रहि आएको छ (श्रेष्ठ, २०६६ : ११)।
- यस प्रकार नेवार शव्दको उत्पत्ति भएको पाइन्छ।

## २.३. पोखरा महानगरपालिकामा रहेका विभिन्न जनजातिहरुः

**तालिका नं.१**

| क्र.सं. | जातजातिहरु | जनसङ्ख्या |
|---|---|---|
| १. | ब्राह्मण | ११५२०० |
| २. | गुरुङ | ६६१२० |
| ३. | क्षेत्री | ६४३६० |
| ४. | मगर | ३७९०२ |
| ५. | कामी | २७९०२ |
| ६. | नेवार | २२४८३ |
| ७. | दमाइ, ढोली | १३२९९ |
| ८. | तामाङ | ११४३७ |
| ९. | सार्की | ८२२३ |
| १०. | ठकुरी | ५७८२ |
| ११. | घर्ती, भुजेल | ५७६९ |
| १२. | मुसलमान | ३८२४ |

| क.सं. | जातजातिहरु | जनसङ्ख्या |
|---|---|---|
| १३. | सन्यासी, दसनामी | ३६५१ |
| १४. | राई | ३२१० |
| १५. | थारु | २७५१ |
| १६. | कुमाल | १८८८ |
| १७. | थकाली | २११६ |
| १८. | दलित अन्य | ९५४ |
| १९. | सोनार | ८४६ |
| २०. | कलवार | ८३८ |
| २१. | छन्त्याल | ७७७ |
| २२. | तेली | ७०० |
| २३. | लिम्बु | ६१२ |
| २४. | काठबनियान | ६२७ |
| २५. | गाइने | ६०७ |
| २६. | घले | ५१७ |
| २७. | तराईका अन्य समुदाय | ४८९ |
| २८. | हलुवाई | ५१२ |
| २९. | हजाम, ठाकुर | ५१३ |
| ३०. | शेर्पा | ४७९ |
| ३१. | बिदेशी | ४७६ |
| ३२. | यादव | ४१५ |

| क.सं. | जातजातिहरु | जनसङ्ख्या |
|---|---|---|
| ३३. | दुरा | ३८३ |
| ३४. | माझी | ३३१ |
| ३५. | बंगाली | ३०६ |
| ३६. | कोइरी/कुशुहा | २८४ |
| ३७. | सुनुवार | २०४ |
| ३८. | खवास | १७७ |
| ३९. | व्राम्हण (तराई) | १९२ |
| ४०. | चमार/हरजिन, राम | १७० |
| ४१. | मारवाडी | १८४ |
| ४२. | ह्याल्मो | १५६ |
| ४३. | भोटे | १६२ |
| ४४. | कुर्मी | १५३ |
| ४५. | लोध | १४६ |
| ४६. | जाति पहिचान नभएका अन्य | १२३ |
| ४७. | कायस्थ | ११३ |
| ४८. | कानु | १०३ |
| ४९. | बाराई | ९६ |
| ५०. | धानुक | ८८ |
| ५१. | दराई | ८२ |
| ५२. | राजपुल | ७८ |

| क.सं. | जातजातिहरु | जनसङ्ख्या |
|---|---|---|
| ५३. | चेपाङ्/प्रजा | ७७ |
| ५४. | लोहार | ७६ |
| ५५. | मल्लाह | ७४ |
| ५६. | दुसाद/पासवान | ६२ |
| ५७. | दनुवार | ६४ |
| ५८. | सन्थाल/सतार | ५४ |
| ५९. | नुनिया | ५४ |
| ६०. | बादे | ५३ |
| ६१. | याक्का | ४९ |
| ६२. | धोबी | ४९ |
| ६३. | मुसहर | ३१ |
| ६४. | सुधी | ४२ |
| ६५. | बोटे | १६ |
| ६६. | तत्मा/तत्वात | ३९ |
| ६७. | राजबंशी | ३६ |
| ६८. | माली | ३५ |
| ६९. | जिरेल | ३२ |
| ७०. | केवट | ३२ |
| ७१. | धिमाल | ३० |
| ७२. | राजधोव | २९ |

| क्र.सं. | जातजातिहरु | जनसङ्ख्या |
|---|---|---|
| ७३. | ब्राह्मु/वरामु | २८ |
| ७४. | पंजावी/शिख | २८ |
| ७५. | कुम्हार | २६ |
| ७६. | कहार | २२ |
| ७७. | वान्तवा | २२ |
| ७८. | लोहमी | १६ |
| ७९. | किसान | १७ |
| ८०. | च्यामलिङ | १५ |
| ८१. | खवटे | १६ |
| ८२. | पहरी | ० |
| ८३. | थामी | १४ |
| ८४. | जनगद/धागर | १४ |
| ८५. | बानतार/सारदार | ९ |
| ८६. | कमार | १३ |
| ८७. | पथ्थरकट्टा/कुसादिया | ११ |
| ८८. | अन्य | ३९१० |

पोखरा महानगरपालिकामा ८८ जातजातिका मानिसहरु बसोबास गर्दै आएका छन्। यी जातजातिहरु मध्ये सबैभन्दा बढी जनसङ्ख्या व्राम्हणको रहेको छ भने सबै भन्दा कम जनसङ्ख्या बानतार/सारदारको रहेको छ। हाल पोखरा महानगरपालिका भित्र २२४८३ नेवार समुदायका मानिस बसोबास गरिरहेका छन्। पोखरा महानगरपालिकाभित्र बसोबास गर्ने संख्याको दृष्टिले नेवार समुदाय छैटौ स्थानमा पर्दछ।

## २.४ नेवार समुदायको थरहरू

नेपालमा बसोबास गर्ने प्रत्येक जातिको आ-आफ्नै विभिन्न प्रकारका थरहरू हुन्छन् । त्यस्तै नेवार समुदाय भित्र पनि विभिन्न थरहरू छन् ती निम्न छन् ।

**तालिका नं. २**

| क्र.सं. | थर |
|---|---|
| १. | जोशी |
| २. | प्रधान |
| ३. | श्रेष्ठ |
| ४. | द्वा |
| ५. | कायस्थ |
| ६. | उदास |
| ७. | ताम्राकार |
| ८. | पालिखे |
| ९. | विजुक्छे |
| १०. | भारी |
| ११. | जलारी |
| १२. | दली |
| १३. | बैद्य |
| १४. | लिगल |
| १५. | मास्के |
| १६. | बाटाजु |
| १७. | मल्ल |
| १८. | माकाजु |
| १९. | नापित |
| २०. | मर्सानी |
| २१. | सिल्पकार |
| २२. | नकर्मि |
| २३. | कतिला |
| २४. | प्रजु |
| २५. | राजभण्डारी |
| २६. | खड्गी/कसाई |
| २७. | सुवाल |
| २८. | तुलाधर |
| २९. | चित्रकार |
| ३०. | बज्राचार्य |
| ३१. | कुस्ले |
| ३२. | बजिमय |
| ३३. | ध्वजु |
| ३४. | गोगजुं |
| ३५. | खिचाजु |
| ३६. | मुल्मी |
| ३७. | जोजिजु |

| | |
|---|---|
| ३८. | अमात्य |
| ३९. | मुनकर्मि |
| ४०. | उलक |
| ४१. | कंसाकार |
| ४२. | प्रधानाङग |
| ४३. | गुभाजु |
| ४४. | गैडा |
| ४५. | माली |
| ४६. | आंचाजु |
| ४७. | भान्साकार्य |
| ४८. | मानन्धर |
| ४९. | साक्य |
| ५०. | धौला |
| ५१. | सुबर्णकार |
| ५२. | तम्क्या |
| ५३. | कतिला |
| ५४. | गोर्खाली |
| ५५. | खोप्लाङगे |
| ५६. | खसु |
| ५७. | मुलेपति |
| ५८. | कर्माचार्य |
| ५९. | कसजू |
| ६०. | कपाली |
| ६१. | जोन्छे |
| ६२. | प्रजापति |
| ६३. | डगोल |
| ६४. | तण्डुकार |
| ६५. | धौबडेल |
| ६६. | कक्षपति |
| ६७. | ह्ललाहुलू |
| ६८. | खम्बु |
| ६९. | व्यन्जनकार |
| ७०. | रघुबंशी |
| ७१. | मालाकार |
| ७२. | च्यामे |
| ७३. | पुतवार |
| ७४. | अवाले |
| ७५. | रन्जितकार |
| ७६. | च्यामे |

**पोखरामहानगरपालिकामा ७६ थर भएका नेवार समुदाय बस्दछन् (बिष्ट,२०७४:८)।**

## २.५ नेवार समुदायमा थर अनुसार पेशा

नेपालको इतिहास हेर्ने हो भने विभिन्न समुदायहरूले विभिन्न पेशाहरू अगाल्दै आएको पाइन्छ। नेवार समुदायले थर अनुसार पेशा अपनाएको पाइन्छ। नेवार समुदाय

भित्र थर अनुसार निम्न पेशा अगालेको पाइन्छ ।

**तालिका नं. ३**

**पेशा अनुसारको थर निम्न छन्**

| सि.न. | थर | पेशा |
|---|---|---|
| १ | ताम्राकार | तामाको काम गर्ने |
| २ | कंसाकार | धातुको काम गर्ने |
| ३ | प्रजापति | माटाको काम गर्ने |
| ४ | मालाकार/माली | फुलवारीको काम गर्ने |
| ५ | हलुवाई/राजकर्णिकार | विभिन्न प्रकारका मिठाई, रोटी आदि बनाउने |
| ६ | सायमी | तेल सम्बन्धी काम गर्ने |
| ७ | नकर्मी | फलाम सम्बन्धी काम गर्ने |
| ८ | नापित/नौचा | पुरुषको कपाल, महिलाको नङ काट्ने |
| ९ | चित्रकार | देवी देवताको चित्र बनाउने, |
| १० | रन्जितकार/छिपा | लुगामा रङ लगाउने |
| ११ | कुसले, जोगी | बाजा बजाउने |
| १२ | ज्यापु, डंगोल, महर्जन | खेतीपाती सम्बन्धी काम गर्ने |
| १३ | कसाई, खड्गी | मासु काटेर बेच्ने |
| १४ | पोडे, च्यामे, सुबर्णकार | सरसफाई गर्ने |
| १५ | कर्माचार्य | हिन्दु तान्त्रिक गर्ने |
| १६ | जोशी | नेवारी पुरोहित गर्ने |
| १७ | शाक्य, बज्राचार्य | सुन चांदीको काम गर्ने |
| १८ | सिल्पकार | काठको काम गर्ने |
| १९ | गुभाजु | शाक्यको पुजारी, बौद्ध पुरोहित |
| २० | लोकर्मी | ढुङ्गाको काम गर्ने |
| २१ | बैद्य | औषधि बनाउने र उपचार गर्ने |
| २२ | उदास | व्यापार गर्ने |
| २३ | कुमाले | माटाका भाडाकुडा बनाउने |
| २४ | कुल्लु | कला सम्बन्धी काम गर्ने |
| २५ | दली/यतवार | पालकी बोक्ने |

(डा. श्रेष्ठ, २०७४: ४९)

नेवार समुदायलाई पेशाको दृष्टिले २५ थरीको पेशामा विभाजन गरेको पाइन्छ। यिनीहरुले त्यही पेशा अगाल्दै आएको छ। यस प्रकार नेवार समुदाय विभिन्न पेशामा विभाजित भएको पाइन्छ।

## २.६ नेवार समुदायमा परम्परागत घरको महत्व

नेवार समुदायमा नेवारहरूको घर, कलाकौशल र प्रविधिको उत्कृष्ट रूपमा बनाएको हुन्छ। घर बनाउँदा धार्मिक र सांस्कृतिक संस्कारसित गाँसिएर विशेष प्रकारले बनाएको हुन्छ (तुलाधर, २०६७ : ४०)। सामान्यत घरलाई जगभन्दा माथिको भाग वा तल्लाको आधारमा ५ भागमा छुट्टयाएको हुन्छ। ती निम्न छन् :

### १) छिँडी (छेरि)

मूल ढोकाबाट भित्र जानासाथ आउने भागलाई छेरि भनिन्छ। “छेरीमा” पशुपालन गर्ने र खेतीमा काम गर्ने ज्यावलहरू राखिन्छ। छेरीको कुनामा माथि जाने भऱ्याङ्ग राखिएको हुन्छ। सबै भन्दा तल्लो भागलाई छिडी भनिन्छ। ढोकाहरुमा दायाँबाँया आँखी झ्याल राखेको हुन्छ। ‘छेँ’ भन्नाले घर र ‘डि’ भन्नाले बस्ने ठाउँलाई भनिन्छ। छिडी चाही ढुङ्गा र काठको फल्याक राखेर बनाएको हुन्छ।

### २) मातँ (मातन)

छेरीको माथिल्लो भाग मातँ हुन्छ। यस मातँमा सुत्ने कोठा र भण्डार कोठा बनाएको हुन्छ। छिडीको तल्लाको भऱ्याङ्ग उक्लेपछि मातन तल्लामा पुग्न सकिन्छ। यस तल्लामा मूल सडकसँग जोडिएको भागमा ठूलो झ्याल र दायाँ, बायामा आँखी झ्याल राख्ने गरिन्छ। यहाँ दियो पानस, पानी पिउने करुवा वा अंखोराको साथै बस्नको लागि गुन्द्री वा सुकुल पनि राख्ने गरिन्छ।

### ३) चोटा (च्वतँ)

मातन भन्दा माथिल्लो भागलाई च्वत भनिन्छ। पाहुना आउँदा कुराकानी गर्न सजिलो खुल्ला रूपमा बनाएको हुन्छ। यो भाग अन्य भागभन्दा खुल्ला भएको हुन्छ। यस

ठाउँमा बुट्टेदार झ्यालहरु राखिएको हुन्छ। साथै उज्यालो हुने खालको ठूलो झ्याल राखेको हुन्छ। जस्तै : संझ्याल, गाःझ्याल, क्वास्वः झ्याल, सूर्यझ्याल आदि राखेको हुन्छ।

### ४) बुइगल (वैग)

च्वतभन्दा माथिल्लो भागलाई वैग (बुइगल) भनिन्छ। घरको सब भन्दा माथिल्लो तलालाई बुइगल भनिन्छ। यस ठाउँमा खाना पकाउने चुलो र पूजा गर्ने कोठा बनाएको हुन्छ। नेवार समुदायमा यो ठाउँमा कसैलाई जान दिन्न। बिचमा अग्लो खम्बा वा थाम राखेर दायाँ बायाँ केही होचा गारो बनाएर दुवै तिर पाखो हुने गरी खुल्ला रूपमा बनाएको हुन्छ। यस चुल्होमा चाडपर्वको बेलामा रोटी बनाउने गर्दछन्।

### ५) चुल्हो (भुतु)

नेवार समुदायमा आवश्यक पर्ने मध्ये चुल्हो पनि एक महत्वपूर्ण पक्ष हो। चुल्हो माटो, ईटा र रातो माटोले लिपेर एक मुखे वा दुई मुखे चुल्हो बनाएको हुन्छ। चुल्होहरु पूर्व र पश्चिम दिशातिर फर्काएर बनाएको हुन्छ (तुलाधर, २०६७ : ४०)। एउटा खाना बनाउने र अर्को दूध पकाउने बनाएको हुन्छ। साथै धुँवा फाल्ने प्वाल पनि बनाएको हुन्छ।

प्रायजसो नेवार समुदायहरूको घर माटो, ढुङ्गा, काठले बनाएको हुन्छ। मूल ढोका दायाँ बायाँ आँखीझ्याल राखेको र घरभित्र खोपी (दराजजस्तै) बनाइ राखेको हुन्छ। बाहिरको भित्ता भन्दा करिब ३ या ४ फिट दलिन राखेर बनाइन्छ। घरको शुभ मंगलको प्रतीकको रूपमा मूलढोका पूर्ण कलश, शिव पार्वती, चन्द्र, सूर्य, गणेश, कुमार भगवान राखिएको हुन्छ। घरको आंगनमा कुमारको प्रतिक पिखालखु स्थापना गरि सधैं पुजा गर्ने गर्दछ। पिखा भनेको ढोका बाहिर पूजा गर्ने ठाउँ र लखु भनेको ठोकाको माथि पुजा गर्ने ठाउँलाई भनिन्छ।

## नेवार समुदायमा घरको धार्मिक पक्ष

नेवार समुदायमा घरको धार्मिक पक्ष विशेष स्थानमा राखेर बनाएको हुन्छ। आफू बस्ने ठाउँ हुरी बतासबाट सुरक्षित गरी घरको ढोका होचो र बाहिरबाट आएर घर पस्ने बेलामा घरको मूल ढोकामा ढोगेर साथै बाहिर आउँदा जुत्ता फुकालेर मात्र माथि भऱ्याङ्ग

चढ्ने परम्परा छ । घरको बाहिर भित्तामा प्वाल बनाएर चराचुरुङ्गीहरूलाई बसोबास लागि भनेर बनाएर राखिएको हुन्छ ।

### नेवार समुदायमा घरको सामाजिक पक्ष

नेवार समुदायमा नेवारहरू एकै ठाउँमा गुच्चमुच्च (सँगै) एउटा घर र अर्को घर आपसमा जोडिएर रहेका हुन्छन् । यसरी जोडिएर बनाएको घरको बिचमा हात पठाउने प्वाल बनाएको हुन्छ । त्यही प्वालबाट एक घरको मान्छेले अर्को घरको मान्छेसँग आगो साटासाट र अन्य वस्तुहरूको आदानप्रदान गरिन्छ । घरको अगाडि चोकको बिचमा देवी, देवताको स्थापना गरिएको हुन्छ ।

### नेवार समुदायमा घरको प्राविधिक पक्ष

नेवार समुदायको घर पक्ष हेर्दा प्राविधिक पक्ष सशक्त, वास्तुशैली उत्कृष्ट देखिन्छ । घरको मौलिक कला-सीप बुट्टेदार झ्याल, डिजाइनर बनोट घर प्रविधिलाई खोजी गरेर हेर्‍यो भने वैज्ञानिकता देख्न सकिन्छ । यही कारणबाट पनि मन्दिर, पाटीपौवा, दरबार आदि । आज जस्तो आधुनिक उपकरण र ज्यावलहरू नभए पनि घर बनाउने पक्ष राम्रो भएकोले पहिलेका पुर्खाहरू कति मेहनती र कलाकौशलमा निपुण छन् भन्ने कुरा प्रष्ट देखिन्छ (पोखरा भिन्तुना, २०७४ : ५) ।

### नेवार समुदायहरूको घरको विशेषता

नेवार समुदायहरूको घरको वनावटमा ढुङ्गा, माटो, इटा र काठको प्रयोग गरि ४ तला सम्म वनाएको हुन्छ भने छाना खर अथवा ढुंगाले छाएको हुन्छ । पोखरामा आजभन्दा करिव २००/२५० वर्षको इतिहास रहेको हामीले सुन्दै आएको छौ । ती घरहरू अझै पनि सुरक्षित छन् भने वातावरणकुलित पनि रहेको छ । घरको गारो २४ इन्ची हुने गर्दथे भने हाल ढलानको पिलरको रुपमा चिलाउनेको रुखको खम्वा र दलीन राखिन्थ्यो भने आजकल छडको रुपमा साना साना काठ वा ढुङ्गाका टुक्राहरूले ओछ्याएर त्यसमाथि इट्टा र कालो माटोले छापी रातो माटोले लसक्क लिपेर राम्रो भुइ वनाएका हुन्थे (अन्तर्वार्ता, सत्यमान प्रधानाङ्ग वर्ष ८३) । छेरि भन्दा माथि मातँ तलामा पाहुनाहरू आउंदा भेटघाट गर्ने घरका

मान्छे सुत्ने लुगाफाटाहरू राख्ने गर्दथे भने पछाडी वार्दली वनाएर आधामा भान्सा वनाउथे भने आधामा हात धुने ठाउँ वनाइन्थ्यो भने त्यसभन्दा माथि च्वतँमा आएका पाहुनाहरूलाई सुत्ने ठाउ वनाइन्थ्यो भने त्यस भन्दा माथि चार तला अर्थात वइगलमा धान, कोदो भकारी राखिन्थे भने चाडपर्वहरूको वेलामा शुद्ध गरी पकाइने रोटीहरू वनाउन चुलो र सामग्रीहरू राखिने गरिन्थ्यो । साथै घरको पछाडि छुट्टै धनसार घर बनाएको हुन्छ । त्यस घरमा ढिकी, जाँतो राखिएको हुन्छ । नजिकै गाई भैसीको गोठ पनि हुन्थ्यो ।

**तालिका नं. ४**

**पोखरामा वसोवास गर्ने नेवारहरूको घरको वनोट कच्ची र पक्की संख्या**

| टोलको नाम | घरको संख्या | पक्की | प्रतिशत | कच्ची | प्रतिशत |
|---|---|---|---|---|---|
| महेन्द्रपुल | ४७ | ३९ | ८३ | ८ | १७ |
| रामकृष्णटोल | ११८ | ४४ | ६२..८ | ७४ | ३७.२ |
| भीमसेनटोल | ८७ | ५३ | ६१ | ३४ | ३९ |
| तेर्सापट्टी | १६० | ११६ | ७२.५ | ४४ | २७.५ |
| मोहरियाटोल | १०४ | ६४ | ६१.५४ | ४० | ३८.४६ |
| गैडाको मुखः | ६८ | ४० | ५८.८ | २८ | ४१.२ |
| पृथ्वीचोक | ४१ | ४१ | १०० | - | १०० |
| बाटुलेचौर | ११ | ६ | ५४.५ | ५ | ४५.५ |
| सिमलचौरः | ३६ | २४ | ६६.७ | १२ | ३३.३ |
| रानीपौवा | ७० | ४१ | ५८.६ | २९ | ४१.४ |

पोखरा महानगर भित्रका नेवार समुदायमा २७४ कच्ची घर र ४६८ पक्की घर गरी कुल ७४२ घरमा बसोबास गर्दै आएको छ (इभ्युलेशन अफ नेवार सेन्टलमेण्ट इन पोखरा, २०६४ : ७१) ।

## २.७ पोखरामा नेवार समुदायहरूको बसाई सराई

पोखरामा नेवार समुदायहरू मात्र नभई सबै समुदायको वस्तीले भरिएको ठाउँ हो ।

नेवारहरू प्रायजसो मुख्य बजारमा अधिक मात्रामा बसेको पाइन्छ । नेवार समुदायहरू बसाई सराई हुनाको मुख्य कारणहरू निम्न छन् ।

### २.७.१ भौगोलिक कारण

पोखरामा नेवार समुदायहरू आउनुको मुख्य कारण भौगोलिक दृष्टिकोणले गर्दा पनि हो । पोखरा अति सुन्दर मनोरम दृश्य, स्वच्छ हावापानी, वरिपरि हरिया डाँडाहरू, माछापुच्छ्रे, अन्नपूर्ण, धवलागिरी हिमालहरू, नदी, खोला, तालहरू, कृषियोग्य जमिनहरूको साथै अनुकुल हावापानी जस्तैः जाडोमा त्यति जाडो नहुने र गर्मीमा त्यति गर्मी नहुने ठाउँ भएकोले काठमाडौ उपत्यका र अरु ठाउँहरूबाट नेवार समुदायहरू पोखरामा बसाइ सराइ भएको उल्लेख पाइन्छ (अन्तर्वार्ता : तुलसी नापित वर्ष ८४) ।

### २.७.२. आर्थिक कारण

पोखरामा नेवार समुदायहरू आर्थिक कारणले पनि बसाई सरेको पाइन्छ । कोही पनि व्यक्तिहरू आफ्नो स्थान छोडेर अर्को ठाउँमा गएर बस्न चाहँदैन । नेवार समुदायहरूले धेरै चाडपर्व र जात्राहरू मनाउने गर्छन् । भोजभतेरमा धेरै खर्च गर्नु परेरे आर्थिक समस्यो गर्दा पनि आफ्नो जन्मस्थान छोडेर विभिन्न ठाउँहरूमा बसाइ सराइ गरेको पाइन्छ (अन्तर्वार्ता : गेहेन्द्रमान उदास वर्ष ८२) ।

### २.७.३. सामाजिक कारण

पोखरामा नेवार समुदायहरू बसाई सर्नुमा सामाजिक कारण पनि महत्वपूण मानिन्छ । सामाजिक कारणले गर्दा नेवार समुदायहरूमा वाध्यता भएर नेवार समुदायहरू आफ्नो जन्मस्थान छोडेर पोखरामा आएर बसेको पाइन्छ । जस्तै : ठूलो जातको केटीले सानो जातसँग विवाह गर्दा पनि समाजमा बस्न दिदैन्थ्यो । नेवार समुदाय त्यतिबेला कट्टर समुदायमा गनिन्थ्यो । वाध्यता भएर पनि नेवार समुदायहरू आफ्नो ठाउँ छोडेर वसाई सराई भएर आएको पाइन्छ (अन्तर्वार्ता : टंकमान नापित, वर्ष ८१) ।

### २.७.४ धार्मिक तथा सांस्कृतिक कारण

नेवार समुदायहरू बसाई सराई गर्नुका कारण धर्म र संस्कृति पनि एक हो । नेवार समुदायहरूले धेरै धर्म, चाड पर्व मनाउने गर्दछन् । नेवार समुदायहरूले वर्षमा केही न केही धर्म (पाठ-पूजा), चाड, पर्व मनाएकै हुन्छ। नेवारहरू धार्मिक स्थलमा गएर पूजा गरेर भोजभतेर खाने यो समुदायको एक मुख्य विशेषता रहेको पाइन्छ। पोखरा नेवार समुदायहरूको आगमन वा वसाई सराई हुनु भन्दा पहिले नै धार्मिक क्षेत्र भएको ठाउँ थियो । जस्तैः तालवाराही, विन्ध्यवासिनी मन्दिर, र पोखराको बाटो भएर मुक्तिनाथ तीर्थस्थल  जाने भएको हुनाले नेवार समुदायहरू धर्म र संस्कृतिको हिसाबले पनि पोखरामा बसाइ सरेको पाइन्छ । नेवार समुदायहरू गएर बसेको ठाउँहरूमा गणेश, भिमसेने मन्दिर स्थापना गरेर बसेको हुन्छ  (अन्तर्वार्ता : अष्टमान प्रधानांङ्ग वर्ष ६३) ।

### २.७.५ व्यापारिक कारण

नेवार समुदायहरू पोखरामा आगमन हुनुको मुख्य कारण व्यापारिक कारण पनि एक हो । नेवार समुदायहरू एक ठाउँबाट अर्को ठाउँमा जाँदा व्यापार गर्ने हिसावले पनि गएको पाइन्छ । जस्तैः काठमाडौंबाट नजिक पर्ने बुटवल, पाल्पा, भैरहवा, पोखरा हुँदै स्याङ्जा, पर्वत, वाग्लुङ, म्याग्दी सम्म गएर व्यापार गर्दथे । साथै पोखरामा ठुलो एकादशीमा विभिन्न स्थानहरूमा तोरण तार्ने मेला, ढुंगेसाघुमा माघे संक्रान्तीको मेला र दशैपछिको कोजागत पुर्णिमाको समयमा गाउँदेखि आएका गाउलेहरूले आफ्नो आवश्यकताका सामग्रीहरू किनेर लैजाने भएकोले पोखरालाई व्यापारको ठूलो क्षेत्र  मानिन्छ । त्यसै कारणे आम्दानी बढ्ने हिसाबले पनि नेवार समुदायहरू बसाई सरेको पाइन्छ  (अन्तर्वार्ता : कृष्ण बैद्य वर्ष ८२) ।

### २.७.७. राजनीतिक कारण

नेवार समुदायहरू वसाइ सर्नुको विभिन्न कारणहरूमा राजनीति पनि एक हो । श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहले नेपालको एकीकरण अभियान  संगै उपत्यका विजय  गरे पछि काठमाडौं उपत्यकाका राजाहरू सँगसँगै जनताहरू पनि भागाभाग भएर सबै ठाउँमा जाँदा कोही नेवार समुदायहरू पोखरामा आएर बसेको पाइन्छ  (अन्तर्वार्ता : क्षेत्रप्रसाद लिगल वर्ष ८४ ) ।

# परिच्छेद तीन
# पोखराका नेवार समुदायहरूले मनाउने चाडपर्वहरू

नेवार समुदायहरू आफ्नो संस्कृति र चाडपर्वमा धनी समुदाय हो । पोखराका नेवार समुदायहरूले पनि विभिन्न प्रकारका चाडपर्व र जात्रा, सामाजिक संस्कारहरू मनाउने गर्दछन् । उनीहरूले मनाउने महत्वपूर्ण चाडपर्वहरू यस प्रकार छन् ।

## ३.१ गँठेमङ्गल (घण्टाकर्ण)

नेवार समुदायहरूको शुरु हुने चाडहरूमा पहिलो चाड गठेमंगललाई मानिन्छ । वर्षका चारवटा चतुर्दशीमा घण्टाकर्ण चतुर्दशी, बालाचतुर्दशी, काग तिहारको चतुर्दशी, शिबरात्री चतुर्दशी मध्ये घण्टाकर्ण चतुर्दशी नेवार समुदायले मात्र मनाउने भएकोले यस पर्वलाई नेवार समुदायले मौलिक रुपमा लिने गरिएको छ । श्रावण कृष्ण चतुर्दशीको दिनमा यो चाड मानिन्छ । यो चाडमा बिहान नुहाइ धुवाई, सफासुग्घर शुद्ध भएर भूत पिशाचले दुःख नदियोस्, घर परिवारलाई कुनै रोग व्याधिले छुन नपाओस भनेर मन्दिरमा गएर पूजा गरिन्छ । घरको मूल ढोकामा पूजा गरेर फलामको किल्ला ठोक्छ । पंचरगी औठी वा फलामको औठी लगाउने चलन पनि रहेको छ। त्यो दिनमा नेवार समुदायहरूका महिलाहरूले राती लुतो फाल्ने र हातमा तिउरी वा मेहदी लगाउने चलन छ (जोशी, २०६७ : ९१) ।

यस दिनमा नेवार समुदायहरू भएको टोलहरुमा तेर्सापट्टीटोल, भैरबटोल, बगाले टोल, सिमलचौर, ठाडो पसल, रामबजार, गौडाको मुख, रामकृणटोल महेन्द्रपुल, नयाँबजार, गणेशटोल आदि गठेमंगल मनाउने केटाहरूको समूहले हरियो नियालोको मुठा ल्याई मूर्ति (गठेमंगल) बनाएर उभ्याई राख्ने चलन छ। साथै नाङ्लोमा गठेमंगल चित्र बनाएर पनि राखेको हुन्छ । गंठेमगलको दिनमा जम्मा भएको केटाहरूले बाटोमा हिड्ने मानिससँग बाटो छेकेर “जगात देऊ” भनी कराई पैसा माग्दछन् । साथै टोलको घर घरमा गएर केटाहरूले

गठेमगल आयो भनेर चिच्याउंछन् । यसरी चिच्याएको गठेमंगललाई बच्चीहरूले खेलेको कपडाको पुतली वा अरु खेलौनाहरू दिएर पठाउँछन् । आजबाट "भूत पिशाच" ले दुःख, रोगहरू नलागोस भनेर पठाउँछन् (मुनकर्मी,२०४३:२१) ।

गठेमंगललाई सांझपख रांको बालेर दागबत्ती दिने चलन छ । घण्टाकर्णलाई दागबत्ती दिने र किरिया गर्ने व्यक्ति तल्लो जातको वा आमा, बाबा नभएको हुनु पर्दछ । जगात उठाएको सबै रुपैयाँहरू उसलाई नै दिने चलन रहेको छ । घण्टाकर्ण मनाइसकेपछि वेलुकी नासःद्यको पुजा गरेर वन्द गरेर राखेको बाजाहरू निकालेर आ-आफ्नो सांस्कृतिक जात्राहरूको वाद्यवादन वजाउने शुरु गरिन्छ । यही दिनमा राती नेवार समुदायहरू परिवारसँगै बसेर भोज खाने चलन रहेको छ । यो चाडलाई छोरा मान्छेहरूको चाड पनि भनिन्छ (अन्तर्वार्ता : अष्टमान प्रधानाङ्ग वर्ष ६३) ।

गठेमङ्गलको बारेमा लोककथा यस प्रकार छ :

उहिले एक जना घण्टासुर भन्ने राक्षश थियो । त्यो राक्षशले भगवानको नाम सुन्न नपरोस् भनेर दुवै कानमा फलामको ठूलो घण्टा झुण्ड्याएर हिँड्ने गरेको थियो । त्यसैले त्यो मान्छेको नाम नै घण्टाकर्ण रहेको थियो । कसैले देवताको नाम लियो भने कानको फलाम घण्टा बेसरी बजाएर हिड्थ्यो । नरभक्षी राक्षसले मानिसहरूलाई फेला पाऱ्यो भने आहारा बनाउने गर्दथ्यो । त्यसबेला घण्टासुर आयो भनेर मानिसहरू भागेर लुक्थे ।

एक दिन घण्टासुर आफ्नो शिकारको खोजिमा निस्केको थियो । उनि फर्किदा झमक्क साँझ परेछ । बाटो बिर्सेर एउटा भ्यागुतासँग फलानो बाटो कुन रहेछ भनेर सोधेछ । भ्यागुतोले घण्टासुर भनेर चिनेछ । भ्यागुतोले घण्टासुरलाई ठूलो धाप भएतिर बाटो देखाएर पठायो । घण्टासुर एक सुरमा हिडेछ । धापमा गाडियो र धापबाट उम्कन सकेन ।

भोलिपल्ट घण्टासुरलाई मानिसहरूले देखे । घण्टासुरलाई ढुङ्गाले हिर्काएर मारे। त्यो दिन श्रावण कृष्ण चतुर्दशी दिन परेको थियो । त्यतिबेला देखि नै श्रावण कृष्ण चतुर्दशीको दिनमा गठेमङ्गललाई खराब तत्वको प्रतिक मानेर ,देश र जनताको सुरक्षा भएको दिन मानेर घण्टाकर्ण चाड मानेको धारणा छ ।

यो पर्वमा विशेष गरेर मासु, जाँड, अदुवा, लसुन, छ्यापी, स्वकाबजी (च्यूरा), सबै राखेर भूतप्रेतलाई पन्छाएर दोबाटोमा राखिन्छ ।

## ३.२ जनैपूर्णिमा (गुपुन्ही)

पोखराका नेवार समुदायहरूले मनाउने महत्वपूर्ण चाडहरू मध्ये यो एक चाड हो। यो चाडलाई नेपाल भाषामा 'गुपुन्ही' भनिन्छ। यो चाड हरेक वर्ष श्रावण पूर्णिमादेखि कृष्णाष्टमी सम्म नौं दिन मनाउने भएकोले गुपुन्ही भनिएको हो। **"गु"** अर्थ "**नौ"** (९) हो। पुन्हिको अर्थ "पूर्णिमा" हो। नेवार समुदायहरूले धेरै दिन मनाउने चाडहरू मध्ये यो एउटा चाड पनि हो। यो चाड धार्मिक तथा व्यङ्गात्मक किसिमले मनाउने चाड हो।

गुपुन्हीको दिन भन्दा ३/४ अघि नौ थरिको गेडागेडी मास, केराउ, चना, बकुला, मस्याङ्ग, सिम्फु, बोडी, सिमि, मुगी आदि। मिसाएर पानीमा भिजाएर छोपेर राखिन्छ। राम्ररी भिजेपछि पानी फालेर मलमलको कपडामा बाधेर हावा आउने ठाउँमा राखिन्छ। त्यो मिसाएको गेडागुडी टुसाएको हुन्छ।

त्यो दिनमा नेवार समुदायहरू बिहानै घर सफासुग्घर गरी नुहाई शुद्ध भएर टुसाएको गेडागेडीहरूलाई क्वाँटी पकाएर साथै विभिन्न परिकार बनाएर ब्राह्मण पुरोहितलाई सिदा उठाएर तागाधारी हातमा बाँध्ने चलन पनि छ। नेवार समाजमा पकाएको क्वाँटी देवीदेवतालाई चढाउने, भ्यागुतो र कागलाई पनि खुवाउने चलन छ। नौ थरिका गेडागुडीहरू मिसाएर बनाएको स्वादिष्ट "क्वाटी" खाने भएकोले यस चाडलाई गुन्हिपुन्हि भनिएको भनाई छ। यो क्वाटीले बलियो, निरोगी भइन्छ भन्ने भनाई रहेको पाइन्छ। त्यसै गरी बज्राचार्य, शाक्य, ताम्राकार, उदासले, तागाधारी हातमा नबाँधी बृद्धविहारमा प्रसादको रूपमा खानेकुराहरू बनाएर भिक्षुहरूलाई खुवाउने गर्दछन् (अन्तर्वार्ता : तेजनारायण, ताम्राकार वर्ष ८०)।

गुपुन्हि चाडलाई जनैपूर्णिमा पनि भनिन्छ। यस दिनमा ब्राह्मण समाजमा वर्ष भरिको जनै फेर्ने गर्दछन्। पहेंलो धागोको, जनैलाई मन्त्र साधना गरी जनै लगाउने र तागाधारी पुरुष भए दाहिने हातको नाडी र महिला भए देब्रे हातको नाडीमा तागाधारी बाँधिदिने गर्छन्। यसरी जनै लगाउने, जनै बाँधिने भएकोले यो दिनलाई "जनै पूर्णिमा" भनिएको हो (अन्तर्वार्ता : किशोरी देबी श्रेष्ठ वर्ष ८२)। जनै पूर्णिमाको दिनमा लगाएको नाडीको जनै लक्ष्मीपूजाको दिनमा फुकालेर गाईको पुच्छरमा बाँधिदियो भने मृत्यु पछि स्वर्ग सजिलैसँग पुग्न सकिन्छ भन्ने परम्परागत धारणा रहेको पाइन्छ। साथै गुपुन्हि, जनै

पूर्णिमाको दिनलाई “ऋषि तर्पणी” पनि भनिन्छ। जनैपूर्णिमाको दिनमा तराई भेगतिर दिदी, बहिनीहरूले दाई भाइहरूलाई राखी बाधिदिन्छन् (अन्तर्वार्ता : चन्द्रिकादेवी बजीमय वर्ष ८३)।

नेवार समुदायमा ***नौ*** अङ्कको महत्व बेग्लै र अर्थपूर्ण रहेको पाइन्छ। जस्तै- **नवदुर्गा, नवरात्री, नवरत्न, नौ दिन, नौ महिना, नौ वर्ष, नौ वटा गेडागेडी र नौ पात** गाँसेर बनाएको भोज खाने टपरी र नौ दिनसम्म मनाइने **“गुन्हि पुन्हि”** चाड नेवार समुदायको विशेष महत्व रहेको छ (अन्तर्वार्ता : अष्टमान प्रधानाङ वर्ष ६३) साथै विवाह गरेको छोरी नन्दहरू, भाञ्जा भाञ्जीहरूलाई बोलाएर क्वाँटी सहित भोज खुवाइन्छ (आदर्श समाज, २०७१:२)।

**क्वाँटीको सामग्री र बनाउने बिधी**

नौ थरिका गेडागुडीहरू केलाएर, मिसाएर पानीले पखालेर सफा पानीमा भिजाएर राखिन्छ। नौथरी गेडागुडीहरूमा मस्याङ, चना, केराऊ, बोडी, मुगी, मास, भट्ट, बकुला, (राजमा, सिमी र तेल वा ध्यू, ज्वानो, मेथी, लसुन, अदुवा, हिग आदि चाहिन्छ।

भिजाएको गेडागुडीहरूलाई पानी फालेर सफा नाङ्लोमा फिजाएर पातलो कपडाले ढाकेर हावा आउने ठाउँमा राखिन्छ। २-३ दिनमा टुसा उम्रेपछि मात्र पकाउने। तेल वा ध्यूमा मेथी पड्काएर लसुन अदुवा भए फुर्याएर गेडागुडीलाई भुट्ने र नुन, बेसार, मसालाहरू राखेर चलाउने  र चलाई सकेपछि पानी राखेर बेसरी पकाउने ,पाकी सकेपछि ज्वानोले झान्ने साथै क्वांटी मगमगाउदो सुगन्ध आउने र हेर्दै खाउ खाउ लाग्ने भएकोले पिउने र भोजमा खाने गरिन्छ।

## ३.३ दशैं (मोहनी नखः)

दशैं ज्यादै प्राचीन चाड हो। नेपालमा प्राचीन कालदेखि नै दशैं मनाउँदै आइरहेको छ। प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदाको दिन देखि कोजाग्रत पूर्णिमा सम्म नेपालमा राष्ट्रिय चाडका रुपमा मनाउदै आइरहेको छ। संस्कृतको “दशमी” शव्दबाट अपभ्रंश भई “दशै” शव्द बनेको छ। दशै दुई प्रकारबाट मनाइन्छ। (१) आश्विन शुक्ल पक्षमा मनाइने दशै (२) चैत्र शुक्ल पक्षमा मनाइने दशै। साथै ठूलो दशै र सानो दशै  पनि भनिन्छ।

दशैमा देबी भवानीको बिशेषतः पूजा आजा भक्तिभाव हुने भएकोले शक्ति पूजाको ठूलो महिमा हुन्छ। मध्यकालमा दशैलाई विशेष गरेर साङ्ग्रामिक महत्त्वको रूपमा मनाइन्थ्यो। त्यस बेला शस्त्राग्यास (खडगसिद्धि) का रूपमा यो चाड मनाइन्थ्यो। अष्टमीको दिनमा खड्गसिद्धिको प्रार्थना गरेर देवीको आराधना गरेर 'खड्ग' को स्थापना गरिन्थ्यो। दशैं धार्मिक रितिरिवाज अनुसार मनाइन्छ। राजा जयस्थिति मल्ल र उनको भारदारहरूले समेत खड्गको स्थापना गरेको गोपाल राजवंशावलीमा उल्लेख गरिएको छ (खतिवडा, २०७२ : ३४०)। दुर्गा भवानीको पूजाआजा गर्ने तथा देवस्थलहरूमा र घरघरमा चण्डी पाठ गरिन्छ।

पोखराका नेवार समुदायहरूले मनाउने चाडपर्वमा सबभन्दा ठूलो र लामो चाड बडादशैं हो। यो चाड असोज शुक्ल प्रतिपदादेखि पूर्णिमा सम्म मनाइन्छ। घरको परिवार जम्मा भएर रमाइलोसित मनाउने चाड हो। एकले अर्कोलाई विजयको शुभकामना व्यक्त गर्ने र पठाउने चलन पनि छ। पारिवारिक भेटघाट र पारिवारिक पुनर्मिलन, अग्रजहरूबाट आशीर्वाद, ढोगभेट गरेर नवदुर्गा भवानीको प्रसाद, भोज खाएर खुशीयाली मनाइन्छ। साथै केटाहरुले घरको कौशिमा बसेर चङ्गा उडाउछन् र केटाकेटीहरु पिङ्ग पनि खेल्छन् (अन्तर्वार्ता : नारायण प्रसाद श्रेष्ठ,वर्ष ७५)।

नेवार समुदायमा घटस्थापनाको दिन बिहानै घर सफा सुग्घर, शुद्ध गरी नुहाई चोखो ाभई पूजाकोठामा जमरा रोपिन्छ। चोखो बालुवा सेतीनदी किनाराबाट ल्याएर माटोको भाँडामा वा टपरीमा राखेर मकै, गहुँ धोएर बालुवामा मिसाएर, कलश स्थापना गरेर सुकुन्दा बालेर पूजाको थालीमा प्रसाद, फलफूल, नरिवल राखेर जमरा रोपिन्छ। जमरालाई छोपेर नौ दिनसम्म बिहान वेलुकी जल साँझ धूपबत्ती बालेर देवीको आराधना गरिन्छ। जमरा रोप्ने घटस्थापनाको दिनमा विन्ध्वासिनी मन्दिरबाट नवदुर्गा ९ देवीको रथ सहित शोभायात्राको साथै आमा समूहहरुबाट कलश यात्रा गरी जनसभागीहरू, जङगी, निजामती कर्मचारी, स्कुलका विद्यार्थी, स्काउट, बिशिष्ट मान्यजनहरू सहभागी भएर बजार परिक्रमा गरिन्छ। सप्तमीको दिनमा फूलपाती भित्र्याइन्छ। फूलपातीको दिनमा जङगी पोखरा व्यारेकबाट पुजारी सहित फुलको डोली र फूलपाति बढाईमा निजामती कर्मचारीहरू र अन्य बिशिष्ट व्यक्तिहरू बजार परिक्रममा गरी बिन्ध्यबासिनी मन्दिरमा फूलपाति बढाई गरिन्छ। साथै अष्टमीको दिनमा नुहाइ शुद्ध भएर नित्यपूजामा उखुको वोट राखिन्छ र चिउरा, लसुन, अदुवा, हासको अण्डा राखेर पूजा गरिन्छ र घरपरिवारसँगै बसेर समयबजी प्रसाद खान्छन्।

नवमीमा पनि नित्यपूजा पाठ गरेर जमरा निकालेर नौ दुर्गा मन्दिर गएर पूजा गरिन्छ। नवमीका दिनमा मूल दशैं भनेर महानवमी दिन मनाइन्छ। अष्टमी र नवमी बिचको रातलाई कालरात्री भनिन्छ (अर्न्तवार्ता : सुलोचना श्रेष्ठ, वर्ष ६३)। नवमीको दिनमा चिउरा, सेलरोटी, काटमार गर्नेहरूले बोका, राँगा, च्याङग्रा खसी, हाँस, कुखुरा आदिको काटमार गरेर पूजा गरिन्छ। साथै काटमार नगर्नेहरूले कुभिण्डो, घिरौला, उखुको बोट, अदुवाको बोट स्थापना गरेर पूजा गर्ने चलन पनि छ। यसरी कालरात्रीको पूजा गरेर माटोको वा तामा, पित्तलको पालचा (दियो) मा बत्ती बालेर विषेश गरी नेवारहरूले "मोहनी" थापेर पूजा गरिन्छ। यसरी यो चाडलाई नेवारहरूमा "मोहनी नखः" भनिएको भनाइ छ।

यस दिनमा कारखानाको मेशिन, मोटर, मोटरसाइकल, स्कुटर, आफूले काम लिनुपर्ने निजी वस्तु समेतलाई जमरा राखेर पूजा गरिन्छ। यसरी पूजा गरेर विभिन्न परिकारहरू बनाएर **"कुछिभ्वय"** परिवारसँग बसेर खाइन्छ। नेवार समुदायमा कुछिभ्वय भन्नाले मानामा बजी कुरुवा भरेर विभिन्न परिकारका खानेकुराहरू सबै सदस्यहरूलाई जेठोदेखि लहरै बसाएर ख्वाउने भोजलाई "कुछिभ्वय" भनिन्छ। **कुछिम्वय :**

१) स्याबजी/बजी - भुटेको चिउरा र नभुटेको चिउरा

२) लाभा, पालु - लसुन, अदुवा तारेको

३) खेँ - उसिनेको अण्डा फ्राइ गरेको

४) लाँ - पकाएको मासु

५) जुःजु धौँ - राजा दही

६) हाकु मुस्या - कालो भट्टमास

७) हाकु छोयला - आगोमा पोलेर साधेँको मासु

८) ती लाँ - झोल सहितको खसीको मासु

९) लोसा - विभिन्न थरिका अचारहरु

१०) ऐला - रक्सी

११) सेलमरी/सिन्कामरी - सेल रोटी र झिलिङ्गा

१२) पार्सी - फलफुल

१३) तखला - धेरै थरीको मसलाहरु राखेर पकाएको मासु माटोको भाडामा जमाएर राखिन्छ

१४)  वमरी - मासको बारा

१५)  कचिला - मसला राखेर मोलेको काँचो मासु

१६)  पाछी/टुकोचा - सागसब्जीको तरकारी

कुछिभ्वय घरको परिवारलाई मात्र नभएर घर परिवारमा ल्याइने कुनैपनि जीबन निर्वाहको निमित्त प्रयोगमा ल्याउने सरसामान, परिवारमा दिवगंत पितृहरूको पितृभोग पनि राखिदिने गर्दछन् । यसरी देव देवताहरूको साथ साथै नाङलो, कुचो, ओखल, ढिकी, जातो, गाग्री, चुल्हो, आदि सरसामानहरूलाई पनि "कुछिभ्वय" चढाउने चलन छ । खास गरेर कुछिभ्वय आफनै परिवार भित्रका सदस्यहरू मात्र बसेर खाने भोज हो । सबैलाई केराको पात वा ठूलो सालको टपरीमा एक माना चिउरामा विभिन्न प्रकारका तरकारीहरू, मासुको परिकार, अण्डा, विभिन्न थरिका रोटीहरू, जांड वा रक्सी आदि पेटभरी नअगाइन्जेल खानु पर्ने हुन्छ (डा.बजाचार्य २०७२: ११६) । असोज शुक्ल दशमीको आखिरी दिन विहान सफासुग्घर, नुहाई चोखो भएर नित्यपुजा गरेर स्थापना राखेको सामग्रीलाई पुजा गरेर घरमुलीले साइत अनुसार सवै परिवारमा सानो देखि ठुलो सम्मलाई रातो टिका, मोहनी टिकालगाई जमरा र दक्षिणा सहित आशीर्वाद दिने गर्दछन् । साथै विवाह भएको छोरी ज्वाई छोरा बुहारी लगायत सबै घरका परिवारले मोहनी टिका र रातो टिका लगाई आशीर्वाद लिन्छन् । यसरी नयाँ छोरी ज्वाई आउँदा घरबाट घरमुलीले आशिर्वाद दिएर कपडा दक्षिणा उपहार दिने चलन छ । सवै आफन्त, ईष्टमित्रहरू टिका थाप्न पूर्णिमा सम्म आउने जाने गर्दछन् । यसरी आउनेलाई खानपान र भोज खुवाएर पठाउछन् ।

दशैंको अन्तिम दिन असोज शुक्ल पूर्णिमामा समाप्त हुन्छ । सो दिनमा पनि विहानै सफासुग्घर, नुहाइ शुद्ध भएर दुर्गा पुजा राखेको पुजा कोठामा समयबजी, विभिन्न परिकार बनाएर पुजा गरी घटस्थापना, फूलपाती, महाअष्टमी र नवमीको दिनमा राखेरको पुजा सामाग्रीहरू निकालेर आफन्त छिमेकी कहां प्रसादको रूपमा पुऱ्याइन्छ । त्यही दिनमा आकाशदीप कौशिमा बालेर झुण्ड्ण्याउछन् (अन्तर्वार्ता : नारायणबहादुर श्रेष्ठ वर्ष ७५) ।

चैते दशैमा मनाउने दशैलाई "रामनवरात्रि" र "दुर्गानवरात्रि" पनि भनिन्छ । दुर्गा मातृशक्ति र नौ रुपका छन् । जसलाई नवदुर्गा भनिन्छ । नौ वटा स्वरुपको पूजा गरिने नौ दिनलाई "नवरात्र" भनिन्छ । "नव" र "रात्र" दुई शव्द बाट "नवरात्र" बनेको छ । नवदुर्गाका नौ वटा स्वरुप यस प्रकारका छन् :

(१) शैलपुत्री (२) ब्रह्मचारिणी

(३) चन्द्रघण्टा (४) कुष्माण्डा

(५) स्कन्दमाता (६) कात्यायनी

(७) कालरात्रि (८) महागौरी

(९) सिद्धिदात्री

यसरी नौ देवी भवानीको पूजा आराधना गरिन्छ । साथै नवरात्रिको भोलिपल्ट साइत अनुसार बिजयादशमी "बडादशै" मनाइन्छ (डा.शर्मा, २०७४ : १०३) ।

## ३.४ तिहार (स्वन्ति)

तिहार सिंगो मानव सभ्यताकै सांस्कृतिक पर्व हो । यसमा केही पौराणिक र केही ऐतिहासिक सन्दर्भ छन् । तिहारलाई पनि राष्ट्रिय पर्वको चाड मध्ये एक चाडको रुपमा मानिन्छ । यो चाडमा काग, कुकुर, गाई लक्ष्मी, गोरु "म्ह" पूजा, "किँजा पूजा" ( दाजुभाईलाई पूजा) गरेर सबै प्राणिहरूलाई सम्मान गर्न सिकाउने र अध्यारोबाट उज्यालो लिएर आउने उत्सव पर्वलाई तिहार भनिन्छ । यस चाडलाई पाँच तिथीहरूको चाड पनि भनिन्छ । किजा पुजा तिहारलाई "यमपच्चक" पनि भनिन्छ । यमराजलाई मृत्युका देवता पनि भनिन्छ । यमराजले कर्म अनुसारको हरेक प्राणिहरूले भोगनु पर्छ भनेर ५ दिनलाई चित्रगुप्तलाई जिम्मा दिएर आफनो बहिनी यमुना कहां जान्छन् । यसरी यमराजले सत्कार र सम्झनामा यमसँग सम्बध जीव, पशुपंक्षी आदिको पूजा आराधना गरेर मनाउने पांच (५) दिनको तिहारलाई "यमपच्चक तिहार" भनिन्छ । यो दिनहरुमा घर घरमा तामा वा पित्तल,माटाका पालामा बत्ती बालिन्छ र यस चाडलाई "दिपावली" पनि भनिन्छ (डा . शर्मा,२०७४ : १२२) ।

१. पहिलो दिनलाई काग तिहार भनिन्छ । कागलाई समाचारको बाहकको रुप मानिन्छ । "सुबोल" बोल शुभ समाचार ल्याउ भनिन्छ । यसरी कागलाई खानेकुरा दिएर पूजा गरिन्छ ।

२. दोश्रो दिनमा कुकुरको पूजा हुन्छ । यसको पनि आफनै सांस्कृतिक महत्व छ । जसले शिकारी यूगमा समयलाई संकेत गर्दछ । ओझेलमा परेका घटनालाई सुघेरै पनि

पत्ता लगाउनेमा गनिन्छ । यसरी कुकुरको गुण सम्झेर पूजा गर्दछन् ।

३. तेश्रो दिनमा गाईलाई लक्ष्मीको रूपमा पूजा गरिन्छ । यसले मानिसको पशुपालन यूगलाई जनाउंदछ । साथै गाईबाट दूध दिने भएकोले गाईको पूजा गरिन्छ । धनकी देवी लक्ष्मीलाई सम्झिन्छन् ।

४. चौथो दिनमा गोरु र म्ह पूजा हुन्छ । यसले पनि मानिसको कृषि यूगलाई संकेत गर्दछ । गोरुबाट खेतमा हलोको कार्य गरेर खेतीपाति गरिन्छ । यसरी गोरुको सम्झनामा पूजा गरिन्छ । साथै नेवार समुदायमा आफनो शरिरको आत्मामा भगवान हुन्छ भनेर म्ह पूजा गरिन्छ ।

५. पांचौ दिनमा भाईपूजा हन्छ । दिदीबहिनीहरूले दाजुभाईहरूलाई टिका, माला लगाइदिन्छन् (कान्तिपुर २०७४:३१)

नेवार समुदायले मनाउने महत्वपूर्ण चाड मध्ये तिहार पनि एक हो ।

यमपञ्चकको चौथो दिन पनि सफा सुग्घर गरेर नेवार समुदायहरूको महत्त्वपूर्ण दिन हो । यो दिनमा नेवार समुदायले नयाँ वर्ष मनाउँछन् । जस्तै **नेवाः खल** र **मिसा पुच** मिलेर महिला सहकर्मी नेवारी पहिरन र पुरुषदेखि बालबालिका समेत अन्य समुदायका संगठनहरू पनि समावेश भएर धिमे बाजासहित मोटरसाईकल र्‍यालीले बजार परिक्रमापछि **नेवाः खलका** अध्यक्षबाट सगुनस्वरूप "समयबजी" खुवाइन्छ । समयबजी भन्नाले (च्यूरा, लसुन, अदुवा, कालो भट्ट, फाई गरेको माछा, मासुको छोयला, अण्डा) आदि । यो नेपाल सम्वत सबै नेपालीहरूको मौलिक सम्वत हो । प्रत्येक वर्ष तिहारको चौथो दिन धुमधामसित विशेष प्रकारले मनाउँदै आएको छ (अन्तर्वार्ता : गंगादेवी पालिखे वर्ष ६७) ।

नेपाल सम्वतको सबैभन्दा ठूलो विशेषतामा सबै चाडपर्व र जात्रा, उत्सव, शुभसाइत, केही नयाँ कामको थालनी आदि सम्वतको आधारमा गरिन्छ । जन्मदेखि मृत्युसम्म तिथिमिति, संस्कृति पनि नेपाल सम्वतबाट गरिन्छ ।

नेपाल सम्वत बारेमा भन्नुपर्दा शंखधर साख्वा एक साधारण व्यापारी थिए । उनले साइतमा ल्याएको बालुवा सुनमा परिणत भएको थियो । पछि उनले देश र जनताको ऋण मुक्त गरेका थिए । त्यसैले उनको सम्झनामा राजा राघवदेवको पालाबाट नेपाल सम्वत मनाउँदै आएको भनाइ पाइन्छ । २०५६ मंसिर २ गते नेपाल सम्वतका प्रवर्तक मानिने शंकधर साख्वलाई राष्ट्रिय विभूति, २०६० कार्तिक ९ मा उनको नाउको हुलाक टिकट

प्रकाशन, २०६५ कार्तिक ७ गते सम्वतलाई 'राष्ट्रिय सम्वत' को मान्यता दिएको छ ( गोरखापत्र: २०७४:३१) ।

नेपाल सम्वतको दिनमा नेवार समुदायहरूले विशेष महत्वपूर्णका साथ **'म्ह पूजा'** गरिन्छ । 'म्हपूजाको अर्थ शरीर पूजा र आत्माको पूजा हो । म्हको अर्थ "देह" वा "शरीर" हो । आदरपूर्वक सम्पन्न गरिने शरीरको पूजा हो । त्यसैकारण म्हपूजालाई "आत्मापूजा" भनिन्छ । आफु भित्र म भन्ने वस्तुलाई चिन्नु पर्छ (हिस्टोरिया, २०७४:१९६) ।

नेवार समुदायमा यस दिनमा आफ्नो शरीरको पूजा गर्ने चलन छ । यसको थालनी प्राचीन समयदेखि भएको हो । आफ्नो शरीरको रक्षा गर्नुपर्ने भावनासँग सम्बन्धित छ । यसमा आरोग्य र दिर्घायुको कामना सहित यम र यमदुतलाई पूजा गरिन्छ ।

म्हपूपूजाको लागि चाहिने आवश्यक सामग्रीहरू:

म्हपूजाको लागि पूजा भाडा लगायत अन्य स-साना पूजा सामग्रीहरू पनि आवश्यक पर्ने हुनाले सबै कुराहरू नछुटोस भनी करिब एकहप्ता अगाडि देखि आवश्यक सामग्रीहरू संकलन कार्य शुरु गरिन्छ ।

- सुकुन्दा - गणेशको मूर्ति अंकित तेल बत्ती बाल्ने दियो
- क्वत: (पूजाभू) - पूजाको सामग्रीहरू राख्ने भिन्नै प्रकारको पूजा थाली
- कलश - जलपात्र
- सिन्हम्हु - चन्दन खोरी पात्र
- धौपति - दही राख्ने पात्र
- अन्ती - रक्सी राख्ने करुवा आकारको लामो टुटी भएको
- सलिंचा - रक्सी खन्याउने माटाका साना साना पाला
- सिफ - काठको अभिषेक गर्ने पाथी
- ह्याउं सिन्ह - रातो अबिर
- म्हासु सिन्ह - केसरी चन्दन
- भुयु सिन्ह - सिन्दुर
- लाभा - धान फुटेको
- चु - चामलको पिठो

- धुपाय - नेपाली कागजको बाटेको धुप
- न्हुतुफी - नयाँकुचो
- जजंका - काचो धागोमा, सातनको कपडामा आखे (नफुटेको, सिँगो चामल) सुपारी फूल राखेर बनाएको गलामा लगाउने माला (जनै जस्तै)
- खुइता - सिरकको खोलबाट बनाएको बाल्ने बत्ती
- बाच्चा - दुई वटा बटुको (पानी र तेल राख्ने)
- तःफो स्वा - सयपत्रीको फूल
- ग्वय् स्वा - सुपारी फूल वा मखमली फूल
- ट्वाःस्वा - शिरको टुप्पोमा झुण्डाउने सानो माला
- तःसी - बिमिरो
- सीगाली - कटुस
- ख्वःसि - ओखर
- लोचामरी - चामलको पिठोमा अलि ध्यू राखेर तातो पानीले मोलेर च्यापटो र लाम्चो आकारको बफाएर बनाएको रोटी, बिशेष गरेर मण्डपमा इतालाई लोचामरी माथि राखेर बालिन्छ ।
- गोजा - चिउरालाई भिजाएर गजुर जस्तो वनाएको
- लाभा - लसुन
- पालु - अदुवा
- स्याबजी र बजी - भुटेको चिउरा र चिउरा
- खे - उसिनेको अण्डा
- न्यां - तेलमा तारेको साना साना माछा
- अयला - रक्सी
- छोयला - पोलेर वा उसिनेर साधेर बनाएको मासु
- ज्यानलप्ते - भोज खाने टपरी
- सेलमरी र सिन्कामरी - सेलरोटी र झिलिङा

- टुमो - बयर,

सि सगं विभिन्न थरिका फलफुलहरू सगुन लिने (हिस्टोरिया,२०७४:२००)।

पोखराका नेवार समुदायहरूले विशेष प्रकारले साँझमा मनाउने चाड हो । जस्तै बिहान घरघरमा सफा सुग्घर, नुहाइ धुवाई चोखो भएर अनेक परिकारका खानाहरू बनाइन्छ। 'म्हपूजा' गर्ने स्थानमा सफासुग्घर लिपेर पूजा सामग्रीहरूको व्यवस्था गर्नुपर्छ। जस्तै पूजाको थाली छुट्टै, सिम्रिक, चामलको पिठो, चोखो पानी, धानको लाभा, तोरीको तेल, रातो अबिर, चामलको पिठोको लोचामरी, जजन्का, सानो बत्ती, फलफूल, विमिरो, सयपत्री, मखमली, अरु फूलहरू टुक्रा टुक्रा गरेर ठूलो डाली वा भाडामा राखिन्छ। फूलको डालीमा फूलसँग कटुस, बयर, ओखर, घरमा बनाएको रोटीको परिकार टुक्रा टुक्रा गरेर मिसाउनुपर्छ। घरमा जति जना परिवार छन् त्यति जनाको 'म्हपूजा' गर्ने स्थानमा मानिसको गणना गरेर 'मण्डप' बनाइन्छ। यदि घरका कुनै सदस्य घर वाहिर अथवा विदेशमा भए उक्त व्यक्तिको पनि मण्डप वनाइन्छ। त्यस मण्डपमा तःसी राखेर पुजा गरिन्छ (अन्तरवार्ता : सुलोचना श्रेष्ठ, वर्ष : ६३)। त्यही मण्डपमा बिमिरो, केरा, सुन्तला, धानको लाभा राखिन्छ। शुरुमा चोखो पानीले गोलो छ वटा घेरा हालेर त्यसमाथि तेल, सिम्रिक, अबिर, फूल, लाभाहरू राखेर बनाइन्छ। त्यही मण्डप अनुसार परिवारको सदस्यहरु आ-आफ्नो ठाउँमा बस्दछन्।

पुरुषहरू टोपी लगाउँछ भने महिलाले दायाँ हात पारि निकालेर पछ्यौरा ओढ्ने गर्छन्। म्हपूजाको मण्डपमा घरको मूल सदस्य नकीले (घरको मूली) भगवान्को नाममा रहेको मण्डपमा सुकन्दा, फूल, फलफूल, बिमिरो राखेर पूजा गरिन्छ। साथै घरको मूल नकीले आफैले आफूलाई पूजा गरी मण्डपमा बस्ने परिवारको सदस्यहरूको मण्डपमा पूजा गरेर सदस्यहरूलाई पूजा गरिन्छ (अन्तरवार्ताः केदार बजिमय, वर्ष ८५)। सयपत्री फूल बिगारेर टुक्रा टुक्रा पारी मिसाएको फूललाई पाथीमा भरेर (तीन पटक) टाउकोमा खन्याएर पूजा गरिन्छ। जुन मण्डपमा इता (बत्ती) बालेर धागो जजन्का सबै सदस्यहरूले लगाउने र फूलमाला टिका लगाउनुको साथै अण्डा, माछा, लसुन, अदुवा, रक्सी सगुनको रूपमा दिइन्छ। यसरी दिएपछि मण्डपको सदस्यहरूले नकीलाई (मुल मान्छे) ढोगेर आशीर्वाद लिन्छन्। नंकीले नयाँ कुचोले बत्ती बलेको मण्डपलाई बढारेर एक ठाउँमा राखिन्छ। यसरी विशेष रूपले **म्हपूजा** गरिन्छ। त्यसपछि भोज खाइन्छ।

यमपञ्चकको पाँचौं दिनमा भाइपूजा गरिन्छ। पोखराका नेवार समुदायहरूले म्हपूजाको जस्तै मण्डप बनाई दाई, भाइहरू कति जना छन् । त्यही अनुसार सफा सुग्घर, गरी लिपेर मण्डपको सामग्रीहरूबाट मण्डप बनाएर फूल, लाभा, बिमिरो, फलफूल, धानको आँखे (धानको नकाटिएको चामल) पूजा गरिन्छ। थरीथरीका रोटीको परिकार बनाएको, फलफूल, अण्डा, माछा, लसुन, अदुवा, भट्टमास, रक्सी, खानाको परिकार, सयपत्री, मखमली फूलको माला, उपहार दिदी बहिनीहरूले तयार पारेको हुन्छ। साइतअनुसार दिदीबहिनीले मण्डलको सुकुन्नामा पूजा गरेर दाईभाईहरूलाई पूजा गरिन्छ। बत्ती बालेर पूजा गरेर माला लगाइदिएर सगुनसहित उपहार दिएर खाना खुवाइन्छ। गच्छेअनुसार दिदीबहिनीलाई दक्षिणा दिइन्छ। पूजाको मण्डपमा फेरि दिदी बहिनीले नयाँ कुचोले बढारेर एक ठाउँमा राखिन्छ। यसरी नेवारी समुदायमा एक महत्वपूर्ण चाड मानिन्छ। लक्ष्मीपूजादेखिको झिलिमिली बत्ती भाइपूजासम्म बालिन्छ (अन्तर्वार्ता : प्रकाशमान पालिखे वर्ष ६७)। दाईभाईले विवाह गरेका दिदीबहिनीहरूलाई बोलाएर खाना खुवाउने चलन पनि रहेको छ। यमपञ्चकको दिनमा यमुनाले आफ्ना भाइ यमराजलाई भाइपूजा गरेको र भोजन खुवाएर खुसी भएको दिन मानिन्छ।

**म्ह पूजा सामग्रीहरुको महत्वः**

- ❖ ओखर - हाम्रो शरिर ओखर जस्तै साहसी, सहिष्णु बनी रहोस्।
- ❖ अक्षता - हाम्रो जीवनमा अन्नको रूपमा रक्षा, गर्ने र शक्तिको सन्देश र धानबाट समृद्धि झल्कन्छ।
- ❖ मखमली र सयपत्री फूल - फूलले शारीरिक सौन्दर्यको महत्वलाई बुझाउदछ।
- ❖ फलफूल -शरीरलाई शक्तिप्रदान गर्दछ।
- ❖ धूपबत्ती र तेल - यश, कीर्ति दिर्घायु बन्ने प्रेरणा दिन्छ।
- ❖ दही र भट्टमास - शीतलता जीवनमा सुरक्षाको महत्वलाई बुझाउछ।
- ❖ अण्डा, मासु, रक्सी - शरीरलाई शक्ति साहस, प्रसन्नता र स्थिरताको भावना बठाउन सकिन्छ ( कास्की जिल्ला अर्न्तगत कुडहर क्षेत्रका नेवार समुदायको सङ्क्षिप्त अध्ययन,२०६७:७३)।

## ३.५ योमरी पुन्हि (भुर्केरोटी)

नेवार समुदायले मनाउने चाडहरूमा यो एउटा महत्वपूर्ण चाड हो। वर्षभरिका १२

वटा पूर्णिमाहरूमध्ये मंसिर महिना वा मार्ग शुक्ल पूर्णिमालाई “योमरी पुन्हि” भनिन्छ। यो दिनमा पनि सफा सुग्घर, चोखो भएर गोठ, भकारीमा पूजा गरिन्छ।

नयाँ धान भित्रिएपछि नयाँ चामलको पिठो बनाएर विभिन्न प्रकारका देवताहरूमा गणेश, देवीहरू, लक्ष्मी, कुवेरको प्रतिक बनाएर पूजा गरिन्छ। साथै भकारी कम नहोस् भनेर “धनधान्यले पूर्ण होस्, कहिले दुःख नहोस्” भनेर यो चाड मनाइन्छ। योमरी कस्तो खालको रोटी हो भने चामलकको पिठोमा ि घ्यू अलि राखेर तातोपानीले मुछेर कपडाले छोपेर राखिन्छ। तिल भुटेर चाकुमा पकाएर बाक्लो झोल बनाएर राखिन्छ। मुछेको पिठोको डल्लो बनाएर चोरऔंलाले तेलमा चोपेर खोप्ने गरेर घुमाउदै, खोक्रो भाँडाको आकार बनाइन्छ र चाकु तिलको झोल राखेर बन्द गर्दै, शंख आकारको भएपछि पोटासी वा मम पकाउने भाँडामा राखेर बफाएर योमरी तयार गरेर देवताहरूको पूजा गरेर धानको भकारीमा राखेर फलफूलहरू, समयवजी राखेर पूजा गरिन्छ। योमरी प्रसादको रूपमा छिमेकीहरूलाई पनि बाँडिन्छ। परिवारको सदस्यहरूलाई पनि टीका लगाइ योमरी खान दिइन्छ। योमरी बनाउँदा आफ्नो इच्छा अनुसार खुवा, नरिवलको धूलो, मासु राखेर पनि योमरी बनाइन्छ।

नेवारहरूले मनाउने चाडपर्वहरूमा यो एउटा रोटीको नामबाट नै पर्व मनाउने चाड ***“योमरीपुन्हि”*** हो। शुभ कार्यमा हर्ष, उल्लासमा पनि बनाइन्छ। जस्तैः बच्चा, बच्चीहरू २ वर्षको जन्मदिनमा दुईवटा उनेर माला लगाइ मनाइन्छ। दुई वर्ष देखि १२ वर्षसम्म जोड जोड वर्षमा जति उमेर पुग्छ त्यति नै योमरीको माला उनेर लगाइदिने गर्दछन्। यसरी योमरीको आफ्नै महत्व छ (अन्तर्वार्ता : गंगादेवी पालिखे वर्ष ६७)।

साथै भारी जीउ हुने बेलामा दही च्यूरा खुवाउन जाँदा पनि माइती पक्षहरू योमरी नलगि हुन्न। यसरी योमरी पुन्हिलाई महत्वपूर्ण चाड मानिन्छ। (अन्तर्वार्ता : अष्टमान प्रधानाङ्ग वर्ष ६३)। यो चाडमा पूजा गरेपछि ४ दिन पछि पूजा गरी निकालेर ईष्टमित्रहरूकहाँ प्रसादको रूपमा बाँड्ने चलन पनि छ। यो चाडलाई दान गरेर मनाउने चाड पनि भनिन्छ।

योमरी पुन्हि भन्नाले नेवार भाषामा “मन पर्ने रोटी ***“पुन्हि”*** अर्थ पुर्णिमा हुन्छ। योमरी पुन्हिमा ज्यापू दिवस पनि पर्छ। नेवार ज्यापूहरूमा डंगोल, मानन्धर, ज्यापूहरूले विवाह र भाइपूजामा पनि योमरी बनाउने चलन छ। यो चाडलाई राष्ट्रिय पर्वको रूपमा

लिएको छ । यो चाडको दिनमा उघौली चाडको दिन पनि पर्छ । यो चाडको बारेमा एउटा कथन पनि छ :

यमरी पुन्ही अर्थात थिंला शुक्लपूर्णिमाको दिन पांचाल देश -पनौती) भन्ने ठाउँमा सुचन्द्र भन्ने व्यक्ति धर्मात्मा महाजन थिए । सुचन्दको पत्नी गरिबहरू प्रति अतिदयालु स्वभावका थिए । मार्ग शुक्ल पूर्णिमाको दिनमा यि दुईजना पति पत्नि मिलेर सफा सुग्घर गरेर "यमरी पुन्हि" को दिनमा योमरी बनाएर सबै छिमेकी र गरिब गुरुवाहरू समेतलाई दान पनि गरेको थिए । एकदिन धनको देवता कुवेरले सुचन्द्रको घरमा गरिब ब्राह्मणको भेष धारण गरेर माग्न गएछ । साच्चिकै गरीब ठानेर सुचन्द्रको पत्नीले घर भित्र लगेर आदरसाथ मिठो मिठो खानाहरू खुवाएर कपडा समेत दान दिएर खुशी बनाए । कुवेर देवता खुशी भएर ज्ञानगुनको कुरा गरेर फःसि (मःम पकाउने भाडा जस्तै) दिएर अन्तरध्यान भएछ । पछि सुचन्दको पत्नीले आफ्नो श्रीमान्लाई सबै कुरा भनिन् । साथै यो जोडीले चामल भिजाएर सुकाएर पिठो वनाएछ । त्यो पिठोलाई डल्लो वनाएर त्यसभित्र चाकु -गुड) राखेर फःसि मा पकाउने गरिन्छ । गोवर र पराल मिसाएर धानलाई छोप्ने गरी लिपेको धानको भकारी माथि योमरी साथै गणेश र कुवेरको प्रतिमुर्ती वनाई पुजा गरेछन् । योमरी वाड्दा धानको भकारी कहिल्यै पनि कम भएन । यसै कारण जति दान गरेको छ उत्तिनै वृद्धि हुंदै गयो । यसरी सुचन्द्रको घरमा जहिले पनि भरिभराऊ भएर आएको देखेर छिमेकीहरू पनि के रहेछ यसो बुझदा योमरी बनाएर दान दिएको थाहा पाएपछि सबै छिमेकीहरूले मार्ग शुक्ल पूर्णिमा दिनदेखि "योमरी पुन्हि" मानिदै आएको धारणा रहेको छ (मुनाकर्मी, २०४३ : ६९) योमरी प्रसादको रूपमा स-परिवार बसेर खाइन्छ र छिमेकी, इष्टमित्रहरुलाई पनि प्रसादको रूपमा बाडिन्छ ।

## ३.६ माघे संक्रान्ति (सल्हुं)

सूर्य दक्षिणबाट उत्तर सर्ने वा मकर राशिमा प्रवेश गर्ने दिन भएकोले यस दिनलाई "माघे सक्रान्ति" भनिन्छ । यो दिन देखि दिन लामो र रात छोटो हुदै जान्छ । यस दिनमा तिर्थ नदिको दोभानमा ठूलो मेला लाग्दछ । नदिमा नुहाएमा रोग मुक्त भई शरीर स्वस्थ्य हुने बिश्वास छ । यसै दिनमा ६ प्रकारको तिल राखेर नुहाउने, पानीमा तिल राखेर पितृ

तर्पण गर्ने, आगोमा हवन गर्ने, तिल दान गर्ने चलन पनि छ। नेवारहरूको चाडहरू मध्ये यो एउटा महत्वपूर्ण चाड हो। मकर राशिमा प्रवेश गर्ने दिन भएकोले माघ १ गतेलाई मकर सङ्क्रान्ति भनिन्छ। नेवार समुदायले यस दिनमा घ्योचाकु खाने दिन पनि भनिन्छ।

खास गरेर नेवारहरूले पौष मसान्तको रातमा तरुल, पिडालु, सखरखण्ड, अदुवा उसिनेर राखिन्छ। भोलिपल्ट माघ १ गते मास चामल मिसाएर घ्यू राखेर खिचडी पकाई तिलको लड्डु, चाकु, घ्यू, भुजा वा चिउराको डल्लो बारा, फुलौरा, सेलरोटी बनाएर समयवर्जि प्रसाद राखेर पूजा गरिन्छ। आफ्नो परिवारसँग र विवाह गरेको चेलीहरू भाञ्जा भाञ्जीहरू बोलाएर टीका लगाएर भोज खुवाउने चलन छ (अन्तर्वार्ता : पुष्पादेवी श्रेष्ठ वर्ष ६५)।

घ्यू, चाकु खाएर शरीर तताउने भएकोले यस चाडलाई घ्यू चाकु सल्हु (सङ्क्रान्ति) पनि भनिन्छ। घरको देवताहरूलाई बनाएको विभिन्न प्रकारहरूको परिकारहरू पितृहरूलाई सम्झेर चढाइन्छ। अन्तरवार्ताः रामबहादुर उदास,वर्ष ८२)।

बिशेषत माघे संक्रान्तीमा मेची, महाकाली, सप्तकोशी, सप्त गण्डकी देखि देवस्थलहरूका घाटहरू र त्रिबेणी, बराहक्षेत्र, देवघाट, पोखराको ढुङगेसाघु, दोभानहरूमा साना ठुला मेलाहरू लाग्दछन्। यात्रुहरूको ठूलो घुइचो हुन्छ। मेलाहरूमा तरुल, सखरखण्ड, फलफूलहरू बेच्न राखेको हुन्छ।

त्यस दिनमा आमाहरूले आफ्नो छोराछोरीहरूलाई शिरमा आरोग्य लाभ होस भनेर तेल घसि दिन्छन्। कृषकहरूले पनि तोरीको तेलबाट मालिस गरेर घाम ताप्छन्।(जोशी, २०७३ : ५२) यस बारेमा एउटा लोककथन छ : एकजना व्यापारीले माघे संक्रान्तीको दिनमा तिल बेच्दा पनि तिल घट्दै घटेन, किन घटेन भनेर अचम्म भयो। ति व्यापारीले यताउता हेर्‍यो हेर्दा तिलको राश मुनि नारायणको मुर्ति फेला पर्‍यो। त्यसपछि तिलको महिमा बढ्यो। यसरी माघे संक्रान्तीको दिनमा भक्तजनहरूले नारायण मूर्तिको स्थापना गरेर ध्यो चाकु तिलको लडृ र फलफूलहरू राखेर धुमधाम सँग मनाउंदछन्। यसरी माघ १ गतेको दिनको महिमा बढदै गएको भनाई रहेको छ। अन्तरवार्ता : क्षेत्रप्रसाद लिगल,वर्ष ८५)। यो पर्वलाई पनि राष्ट्रिय पर्व मानेको छ। यो थारुहरूको पनि ठूलो पर्व हो।

## ३.७ श्रीपञ्चमी (चाड नख)

प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीको दिनलाई श्रीपञ्चमी वा वसन्त पञ्चमी भनिन्छ। विद्या की देबी “सरस्वती” को पूजा धूमधामसंग मनाउने चलन छ। सरस्वती मन्दिरमा भक्तजन, बिधार्थीहरूको ठूलो घुइचो लाग्छ। धेरै जसो मानिसहरू आफनो छोरा छोरीहरूलाई “श्रीपन्चमी” को दिन देखि अक्षरारम्भ गराउछन्। कोही कोही त श्रीपन्चमीको रातमा जागराम बसेर आराधना पनि गर्दछन्। बिहानै नुहाइ धुवाई गरी सरस्वती मन्दिरमा, आफनो पुस्तकमा पाठ पूजा गर्दछन्।

सरस्वतीको मन्दिरमा दाया बायाको भित्ताहरूमा सरस्वती माता की जय भनेर चकले लेख्छन्। केटाकेटीहरूलाई सबै भन्दा पहिले त्यो दिनमा हात समाएर “ओम नमो बागि श्वराय” अक्षर लेखाएर शिक्षाको शुरुवात गर्दछन्। कोही कोही ब्रत पनि बस्छन्। साथै बिद्याको प्रतिपादक भएकोले ज्ञान, सीप, सिद्दी दिने मानिन्छ (राजभण्डारी,२०६४:९०)। यस दिन देखि बिरुवाहरूको सुकेको पात नयां पालुवा पलाउने भएकोले यो दिनलाई बसन्त पच्चमी पनि भनिन्छ।

नेवार समुदायहरूमा श्रीपञ्चमीलाइ ठूलो चाडको रुपमा मान्दछन्। नेवार समुदायको जलारीहरुले यो चाड दशै,तिहार भन्दा पनि ठूलो चाडको रुपमा मान्दछन् ( अघिल्लो दिन पुस्तकहरू जम्मा गरेर सफा गरेर राती सरस्वती मन्दिरमा गएर मूर्तिलाई तेल लगाइदिने र दुनामा चामल राखेर संगै चढाउने चलन छ। पञ्चमीको दिनमा पूजा सामग्री राखेर सालको पातको दुनामा चामल माथि सुपारी राखेर, फलफूलहरू राखेर पूजा गरिन्छ। दुनामा राखेको चामल चढाएर सातवटा चामलको गेडा दाँत नछुवाइ निल्ने गरिन्छ। विद्याकी देवी सरस्वतीको विद्याले परिपूर्ण होस भनेर गरिन्छ। यस चाडमा बिहान चोखो भएर विभिन्न परिकारहरुका रोटी, तरकारी, अचार, मासुका परिकार बनाएर विवाह गरेको छोरीहरू र आफन्तहरूलाई बोलाएर भोज खुवाउने चलन छ (अन्तर्वार्ता, सेतुली जलारी वर्ष: ७२)

श्री पन्चमीको दिनमा नेवारहरूले गुठीहरूमा पूजाआजा गरेर भोज खाने गर्दछन्। काठमाण्डौ उपत्यका हनुमानढोका भित्र मङगल धुन गुन्जन्छन्। परम्पराअनुसार बैदिक बिधिपूर्वक कलश पूजा आजामा जङगी र निजामती सेवाका उच्च पदाधिकारीहरू उर्दीका

साथ बसन्त श्रवण गरिन्छन् । कही कही देव स्थल, मन्दिर, तीर्थस्थलहरूमा पनि मेला लाग्दछ (जोशी, २०७३ : ५५) । यसै बेला देखिनै शिशिरको जाडो कम हुदै जान्छ, प्रकृतिमा नयाँ उमङ्ग देखा पर्न थाल्छ, हिउँदे बालीनालीहरु लहलहाउन थाल्दछन् साथै बोट विरुवाहरुको पात पनि पलाउन थाल्छन् ।

नेपालीहरुले आदिकालदेखि नै श्रीपञ्चमी वा बसन्तपञ्चमी मानिदै आएका छन् । बसन्तपञ्चमी हाम्रो छिमेकी देश भारत र चीनमा पनि मान्दछन् । आ-आफ्नो रीति अनुसार मान्दछन् । भारतमा माघ शुल्क पञ्चमीको दिनमै बसन्त महोत्सव हुन्छ । चीनमा महिनाको पहिलो दिनबाटै मान्ने गर्दछन् । चीनले आफ्नो परम्परागत नयाँ वर्षको शुभारम्भ पनि बसन्त महोत्सव बाटै शुरु हुन्छ । चिनियाँहरुले बसन्तमहोत्सव”लाई (छुच्चे) भनिन्छ । ठूलो राष्ट्रिय चाडको रूपमा मान्ने गर्दछन् ।

## ३.८ विस्केट चाड (विस्काट नख)

बिस्केट चाड भक्तपुरको बिस्केट जात्रासंग सम्बन्धित चाड र जात्रा हो । बिस्केट चाड मनाइने दिनमा सौरमासबाट चल्ने सम्बत संक्रान्तिका अतिरिक्त यस दिनलाई बिस्केट सक्रन्ति पनि भनिन्छ । यो चाड अघिल्लो वर्षको चैत्र मसान्त र नयाँ सालको संक्रान्तिमा मनाउछ । यो चाड नयाँ सालको १ गते धूमधामसँग मनाइन्छ । बिस्केट जात्रा लिङ्गो उभ्याउने र ढाल्ने जात्राको चाड हो । भैरव र भद्रकालीको रथजात्रा आठ दिन सम्म धुमधामसँग मनाइन्छ । सिङ्गो लिङ्गो ढलाइलाईसके पछि रथ जुधाउने जात्रा सम्पन्न गरिन्छ (जोशी २०६७ : ७६) । भक्तपुरका बासिन्दा नेवार समुदायहरू जुनसकै ठाउँमा गएर बसाई सराई गए पनि यो बिस्केट चाड मनाउने गर्दछन् ।

बिस्केट जात्रा ८ रात ९ दिन चल्ने लामो जात्राको रुपमा मनाइने जात्रा हो । नेपाल भाषामा यो जात्रालाई “च्याचा” (८ रात) “गुहुया” (९ दिन) जात्रा पनि भनिन्छ । यस जात्रामा भैरबनाथ, भद्रकालीको प्रतिक मानिने लिगोको शिर्ष भाग र हातहरूमा निलो कपडाले बेरिएर कोखामा झुण्डयाएको दुई ध्वजाहरूलाई बिर ध्वजा, बिश्व ध्वजा वा बिश्व केतु भन्ने चलन पनि छ । ध्वजाहरूमा आकाश भैरब,एक जोडी ध्वजहरू फुकाएपछि एउटा संबत फेरिने हुनाले बिचमा फुकाएर हेर्नु हुदै भन्ने चलन पनि छ । बिस्केटको लिगोलाई

तान्त्रिकपूर्वक ठड्याएको हुन्छ। आठ लिगोको डोरीलाई अष्टमान्त्रिकाको प्रतिक भनिन्छ। लिगो उभ्याउने जात्रा हेर्नाले शत्रु नाश हुन्छनत् भन्ने धारणा प्रचलित छ। नब वर्षको पहिलो दिनमा लिगो ढाल्ने चलन छ। यसरी क्रमश:: लिगो ढालेर नवौ दिनसम्म देव देवीहरूलाई देवगृहमा बिराजमान गर्न लगिन्छ। यसरी यो चाड सम्पन्न हुन्छ पोखरा भिन्तुना, २०७५ : ११)।

नयाँ वर्षको दिनमा ठिमीमा बालकुमारीको खटजात्रा शुरु हुन्छ। त्यहाँ वरिपरि ३२ खटा देवदेवीहरूको जात्रा एकै ठाउँमा ल्याइन्छ। भोलिपल्ट बजार परिक्रममा गरेर सिन्दुरजात्रा गरिन्छ (जोशी, २०६७ : ७८)। त्यो दिनदेखी बोडे गाउँमा जिभ्रो छेड्ने जात्रा पनि हुन्छ। तान्त्रिक शक्तिको चमत्कारमा यो जिभ्रो छेड्ने गरिन्छ। यसरी जिब्रो छेड्ने व्यक्तिलाई कुनै पनि असर पर्दैन। नेवार समुदायमा यो एक किसिमको महत्वपूर्ण चाड हो।

पोखराका नेवार समुदायहरूले मनाउने महत्वपूर्ण चाड हो।यो चाड नेवार समुदायहरूको धार्मिक, सांस्कृतिक पर्वको रूपमा मानिन्छ। अनेक प्रकारको रोटीहरू अनेक प्रकारको परिकारहरु बनाउँछन्। यस चाडमा खास गरेर भैरव र दुर्गाको पूजा गरिन्छ। चैत्रको मसान्तको दिनमा बिहानै सफासुग्घर, नुहाइ चोखो भएर प्रसादको सामग्रीहरू तयार पारेर नित्य पूजाघरको मूलीले पितृहरूलाई प्रसाद छुट्याएर चढाइन्छ। साथै परिवारको सदस्यहरू पोखराको नजिकका मन्दिरमा गएर पुजा गर्दछन् जस्तै गणेश टोलको गणेश मन्दिरमा गएर पूजा गरिन्छ। यो चाडमा वलि दिने चलन पनि रहेको छ। यो चाड नयाँ साल आउनु अघि हप्ता दिन देखि मनाउँदै आएर नयाँ सालमा टुँगिन्छ। बैशाख १ गते गणेश मन्दिरमा पूजा गरेर ४ दिन सम्म बजार परिक्रमा गर्छ । यस चाडमा आफ्नो चेलीहरूलाई बोलाएर भव्यसाथ रमाइलो गरेर मनाउँछन् (अर्न्तवार्ता : मानिक साई, वर्ष - ८४)। यस चाडको बारेमा एउटा किवदन्ती रहेको छ।

राजा शिवदेवका पालामा पूर्वबाट आएका किराँतीहरूले भक्तपुरमा आक्रमण गर्ने सूचना आएर राजालाई चिन्ता भयो। राजा वज्रयोगिनी देवीको भक्ति थिए। देवीको आराधना गरेर सुत्दा सपनामा "चिन्ता नगर शेखर आचाजुलाई सहयोग माग्नु भनेछ। भोलिपल्ट राजा आफै शेखर आचाजुको घरमा गएर सबै सपनाको कुरा भनेपछि शेखर आचाजुले देश, नरेश र जनतालाई शत्रुको आक्रमणबाट बचाएर राख्छु भनि आफ्नो तान्त्रिकबाट पुरुषार्थ देखाउने निधो गरे। दुश्मनहरू जताबाट आउँछ उतैतिर धपाइदिन्छु

भन्ने वचन दिए । आफ्नो तान्त्रिक विद्या राजालाई सुनाए अनि एक मुठी मन्तरेको अक्षता राजालाई दिए । राजा दङ्ग भएर दरवार फर्के ।

नभन्दै हजारौं सङ्ख्यामा शत्रुहरू भक्तपुर नजिकै आइपुग्न थाले । ठूलो हाहाकार मच्चियो । त्यतिबेला राजाले शेखर आँचाजुलाई बोलाएर अक्षता छर्की दिए । त्यसैबेला शेखर आचाजु भयङ्कर बाघको रूपमा परिणत भए । शेखर आचाजु गर्जदै शत्रुहरूतिर अगाडि बढेर सारा शत्रुहरू भागेर गयो । देश शान्ति भयो । राजाले आफूलाई दिएको अक्षताले बाघलाई पूजा गरेपछि शेखर आचाजु बाघबाट शेखर आचाजु नै भएर आए । राजा र जनताले शेखर आचाजुलाई ठूलो प्रशंसा गरे । केही दिन पछि शेखर आचाजुको धर्मपत्नी नररूपाले अजिङ्गरको रूप हेर्ने ठूलो इच्छा प्रकट गरिन् । राजालाई भने जस्तै गरी श्रीमतीलाई आफू अजिङ्गर बने । यसरी अजिङ्गर बनेपछि नररूपा डरले सातोपुत्लो गयो र भाग्न थाल्यो । अजिङ्गर बनेको श्रीमान् अक्षताले छर्किदिन्छ भनेर श्रीमती तिर लाग्यो । यसरी आफुतिर आयो भनेर दिएको अक्षता आफैले खाए त्यसपछि श्रीमती पनि अजिङ्गर बने । ति दुवै जना अजिङ्गर भएपछि पश्चाताप गरी जीवन बिताउन थाले । उनीहरू उपचार हुन्छ कि भनेर राजाको दरवार नजिक गए तर केही नभएपछि उनीहरू चुपिघाट खोलाको किनारमा भद्रकाली पीठनेर गएर आत्महत्या गरेर मरे ।

यस घटनाले गर्दा देशमा ठूलो हाहाकार भएर अनिकाल पर्‍यो । राजाले तन्त्रविद् शेखर आचाजु सम्झे आचाजुलाई बोलाउन घरमा पठाउदा घर नै रितो देखे । पछि राजाले जाँचबुझ गर्दा दुवै जना अजिङ्जर भएर मरेको थाहा पाएपछि राजा र जनताले ठूलो अपशोच माने । पछि राजाले तन्त्रविद शेखर आचाजु र उनकी पत्नी नररूपाको नाममा आत्महत्या भएको ठाउँमा प्रति वर्ष एउटा विशाल लिङ्गो गाडी त्यसको टुप्पामा दुई अजिङ्गरको प्रतिक स्वरूप लामो पताका फरफराएर स्मृति दिवस मनाउने परम्परा चलाए । यो चाड त्यहीबेला देखि विस्केट जात्राको नामले प्रसिद्ध भयो ।

## ३.९ कुमारषष्ठी कुलपुजा (सिठी नख)

नेवार समुदायहरूले मनाउने चाड मध्ये सिठी नख पनि एउटा चाडः हो । यो चाड जेष्ठ महिनाको षष्ठीका दिनमा पर्दछ । नेवार समुदायमा मनाउने चाडपर्वहरूमा मनाउने क्रममा यस चाडलाई अन्तिम चाडको रुपमा मानिन्छ । मार्कण्डेय पुराणमा जेष्ठ महिनाक"ो

शुक्लपक्षमा भगवान शिवजीको जेष्ठ पुत्र श्री कार्तिकेय कुमारको जन्म भएको हुँदा त्यस दिनलाई "कुमार षष्ठी" हो भनी लेखिएको छ। कार्तिकेय कुमारको नाम सिठी देवता हो। घरको मूल ढोका अगाडि पिखालखु रहन्छ भने त्यो पिखालखु रहने स्थान नै कुमारको स्थान हो। पिखालखु स्थानमा पूजा गर्नु अघि पानी पधँरो, कुलो, इनार धारा भएको ठाउँ सफा गर्नु साथै नुहाएर शुद्ध भई पुजा गरिन्छ। देवाली मनाउन नपाउनेहरूले यो दिनमा कुल देवताको पूजा गर्दछन्। यो दिनमा चाडो उठेर नबोलिकन तीर्थस्थलका नदीहरूमा नुहाउंदा चिसोपन अल्छी लाग्दैन भन्ने जन बिश्वास रही आएको छ। यस दिनमा चोखो भएर विभिन्न परिकारहरू बनाएर घर अगाडि मूलढोकानिर रातो माटोले लिपेर सबै प्रसादहरू राखेर पूजा गरिन्छ (पोखरा भिन्तुना ,२०७३:७)।

यो पूजामा फूलको पातमा 'ॐ' लेखेर "श्री सिठी देवतालाई आराधना गरेर पूजा गरिन्छ। प्रसादको रूपमा देवतालाई चढाउने चटामरी (चामलको पिठो) र मसलादार बारा, फुलौरा मास वा मुगी वा केराउ आदि र अन्य परिकार बनाएर सिठी देवतालाई चढाई प्रसाद खाने चलन छ। चामलको पिठोले बनाएको चटामरीलाई पृथ्वी र बाराको रोटीलाई आकाशको प्रतिक मानिन्छ र यसमाथि राखिएको विभिन्न थरिका परिकारहरूलाई पृथ्वीमा बस्ने जीवजन्तुहरूको प्रतिक हो भनेर मानिन्छ (राजभण्डारी, २०६४:१०)।

मार्कण्डेय पुराणमा उल्लेख भए अनुसार सिठी नखमा सिठी नखको पूजाआजा नगरी हिँड्ने मानिसहरू अर्को जुनीमा "**सुंगुर**" भइ जन्मनु पर्छ भन्ने भनाई रहेको पाइन्छ। कुमारलाई पानीको देवता मानिन्छ। रोपाई खेतीपातीमा पानीको समस्या नहोस् भनेर कुमारलाई पूजा गर्ने चलन चलेको भनाई उल्लेख छ। सिठीनख पर्व पछि रोपाई शुरु हुने भएकोले यो पर्वमा पोसिलो खाना खाएर बलियो होस् भनेर यो चाड मनाउने गरिएको उल्लेख पाइन्छ। नेवार समुदायहरूका सबै नेवार समुदायहरूले घर घरमा कुलायन पूजा गरेर परिवारका आफन्तहरू जम्मा भएर एक अर्कोलाई आदर तथा आशिष दिने, समाज परिवारमा एकता कायम गर्न यो चाडपर्वले सहयोग पुऱ्याएको छ (मुनाकर्मी, २०४३: १४)।

## ३.१० गणेश चौथी (चँथा)

नेपालीहरूको धार्मिक, सामाजिक र सांस्कृतिक जनजीवनमा गणेशको सर्बप्रथम

स्थान रहेको छ। कुनै पनि शुभ कार्यको थालनी गर्दा "श्री गणेशाय नमः" भन्ने चलन छ। यो पर्व हरेक वर्ष भाद्र शुल्क चौथीको दिनमा पर्दछ। नेवार समुदायहरूले मनाउने धेरै चाडपर्वहरू मध्ये गणेश चौथीको महत्व निकै नै ठूलो छ। बिहानै सफासुग्घर, नुहाइ चोखो भएर पूजाको सामग्रीहरू तयार गरेर सांझ पखमा "गणेश चौथी" बिधिपूर्वक पूजा गर्दछन्। आठ किसिमको गेडागुडीहरूमा जस्तैः मकै, केराउ, भट्ट, बकुला, चना, चामल, बदाम, रुख कटहरको बिया भुटेर राखिन्छ र अन्य फलफूलहरू, दुवो, सुपारी, लड्डु, फूल चढाई गणेश र चन्द्रमाको पूजा गरिन्छ। त्यस दिनमा चन्द्रमालाई हेर्न हुदैन दोष लाग्दछ भन्ने जनधारण छ। यसैले उक्त दिनमा दोष निवारण गर्नको लागि पूजा गर्दछन् ( जोशी,२०६७:१०७) साथै बिना कारण चोरीको दोष नलागोस भनेर झयाल, ढोकाहरू बन्द गरेर पूजागर्ने चलन छ। यस सम्बन्धमा एउटा कथन यस प्रकार छ :

चौथीमा गणेश देवताको मात्र पूजा नभई चन्द्रमाको पनि पूजा गर्दछन्। नेवार समुदायहरूले चौथीलाई असल देवताको रुपमा लिएको हुदैन। चोर देवताको रुपमा मान्दछन्। एकपल्ट बिष्णु भगवानले देव सभा राखेको थियो। त्यही बेला चन्द्रमाले श्री गणेशलाई नानाथरिकाले जिस्क्याइ रहेका थिए। सबै देवताहरू सुन्दर छ तिमी चाही हात्तीको टाउको, पेठ ठूलो, कान ठूलो छन्द न बन्दको शरीर छ भनेर भनी रहंदा श्री गणेश रिसाएर श्री चन्द्रमालाई पनि श्राप दिन थाल्यो। यसरी श्राप दिए तेरो अनुहार हेर्ने जति सबै चोर कहलाउन् भनी श्राप दिए। उक्त श्रापले गर्दा सबै भगवानहरू डराएर श्री चन्द्रमाको मुख हेर्न छोडे। कसैले मुख नहेरेकोले चन्द्रमालाई अति लाज भयो। यसरी चन्द्रमाले सबै भगवानसंग सरसल्लाह लिएर श्री गणेशसंग क्षमा माग्न गए। महादेव र अन्य देवताहरूसंग गएर दुवो, लड्डु, फलफुहरू सुपारी चढाई क्षमा गरी दिनु पर्‍यो भनी निबेदन चढाए। यसरी क्षमा मागेकोले श्राप घटाई भाद्रशुक्ल चतुर्थीको एक दिन मात्र श्राप लाग्ने छ भनी अन्य दिनका लागि क्षमा गरी दिए (डा.बज्राचार्य, २०७२:७८)। यसै दिन देखि चन्द्रमालाई चोर देवता भनी मान्ने गरेको चन्द्रमालाई हेर्न नहुने गरी सांझपख भव्यका साथ पूजा गरिन्छ।

# परिच्छेद चार

# नेवार समुदायहरूले मनाउने जात्राहरू

नेवार समुदाय आफ्नो संस्कृतिमा धनी भएको समुदाय हो । यो समुदायले परापूर्वक काल देखि नै आफ्नो संस्कृतिको संरक्षण र सम्बर्धन गर्दै आएको छ। नेवार समुदायले मनाउने मुख्य जात्राहरू निम्न छन् :

## ४.१ गणेश जात्रा

हिन्दु र बौद्ध धर्मालम्बीले पनि गणेशलाई सम्मान गर्ने देवताको रुपमा मान्दछन् । संस्कृतमा "गण र ईश" शव्दबाट "गणेश" शव्दको उत्पति भएको हो । नेपाल भाषामा गणेशलाई "गणेध" भनिन्छ । गणेश भन्ना साथ आँखा अगाडि हात्तीको अनुहार भएको पेट ठूलो भएको कान ठूला, चार हातमा क्रमैसंग बन्चरो, जपमाला, मुला र लडडु समातेको हुन्छ । गणेश देवतालाई नेवार समुदायहरूले महत्पूर्ण देवताको रुपमा मान्दछन् ।

नेवार समुदायहरू बसेको गाउँ वा टोलहरूको चोक चोकमा गणेश स्थापना गरी मन्दिर बनाइएको हुन्छ । कुनै पनि शुभ कार्य थालनी गर्दा गणेशको सुकुन्दामा भएको गणेश देवतालाई पूजा गरिन्छ । कुनै पनि ग्रन्थको शुरुमा सबै भन्दा पहिले "श्री गणेशाय नमः" लेखिन्छ । साथै गणेशलाई "मंगलमूर्ति" भन्ने र "मङगलमुर्तये नम" पनि लेख्ने गरिन्छ । गणेशलाई पूजा गर्ने दिन "मङगलबार" हो (पोखरा भिन्तुना, २०७५:९) । लिङ्गपुराणमा उल्लेख भए अनुसार गणेश देवलाई "बिध्नेश्वर" भनेर सम्बोधन पनि गरिन्छ ।

पोखरामा नेवार समुदायहरूले गणेश जात्रा प्रत्येक वर्षको बैशाख १ गते नव वर्षको दिनमा मनाइउछ । गणेश जात्रा शुरु हुनु चार दिन अघि मानिकलाल साईले गणेश बाजा ( धिमे बाजा) बजाएर बजार परिक्रममा गरेर गणेश जात्रा आयो है भनेर सूचना दिइन्छ । गणेश जात्रा गणेश मन्दिरमा नित्य पूजा भएपछि बैशाख १ रथ (गणेश) को उठाएर बजार परिक्रमा गरिन्छ । बैशाख १ गते विस्केट नखः मानेको घरको आंगनमा रातो माटोले

लिपपोत गोलो आकारको बनाइएको हुन्छ। रातो माटोले लिपेको घरमा गणेश रथ बिसाएर भव्यका साथ पुजा गरेर वलि दिईन्छ। गणेश जात्राको रथसँगै भजन कीर्तन गरेर बजार परिक्रमा गरिन्छ । सबै टोल टोलमा गएर पूजा गरेपछि ४, ५ गतेतिर विधिपूर्वक पूजा गरेर भित्राउने काम हुन्छ। (अन्तर्वार्ताः गंगादेवी पालिखे वर्ष ६७)।

गणेश भगवानलाई हिन्दु वौद्ध धर्म मान्नेहरूले पनि पूजा गर्दछन्। गणेश भगवानलाई नेवारी भाषामा “गन्द्य” भनिन्छ। नेवार समुदायमा गणेशको भूमिका अत्यन्त महत्वपूर्ण छ। नेवारहरू बसेको टोलमा गणेश मन्दिर भएको हुन्छ। कुनै असल काम, शुभ कार्यमा पनि पहिला गणेशको पूजा गरिन्छ । गणेशदेव श्वेतवर्मी र रक्तवमी पनि हुन्छ। नेवारी समुदायमा कलश राखिने गणेश स्वेतबर्मि हो। रक्तवमी गणेश मन्दिरमा रातो गरी रंगाएको हुन्छ। साथै बच्चाहरू चाँडै बोलेन भने सूर्य विनायक मन्दिर लाने गरिन्छ। खटिरा निस्केर कष्ट दिइ राखेछ भने गणेशको भाकल गरेर पूजा गरिन्छ। कुनै सामान हराएर, दुःख दिएछ भने माटोले गणेशलाई स्नान गराएर रायोको तेल घसेर पूजा गरिन्छ। गणेशलाई पूजा गर्दा हाँस, कुखुराको अण्डा, माछा, समयावजी, रक्सी राखेर पूजा गरिन्छ। वलि दिने चलन पनि छ (अन्तर्वार्ता : प्रकाशनमान पालिखे वर्ष ६७)। गणेश जात्रा रमाइलो धार्मिक महत्व बोकेको जात्रा हो - नेवार समुदायमा हरेक परिवारमा घर पूजा कोठामा लिपपोत र सफा सुग्घर गरेर घरको मुख्य महिलाले नित्य पूजा गर्दछन्। सांझपख धुपबत्ती दिने गर्दछन्।

## ४.२ गाई जात्रा

गाईजात्रा विश्वको ईतिहासमा नै अद्धितीय र अनुपम चाड र जात्रा रहि आएको छ। यो चाडमा रुने र हसाउने परम्परा बिश्वका कुनै पनि देशमा यो चाड छैन। यो चाडमा बिशेषता र मौलिकता रहेको चाड हो। गाईजात्रा पर्वले मृत्युलाई जीबनको सहज मानी त्यसलाई हाँसी हाँसी स्विकार गर्ने शिक्षा बिश्वलाई नै दिएको छ। यो चाडमा दिवंगत आफन्तहरूको सम्झनामा पूर्वजहरूप्रति श्रद्धाञ्जली र कृतज्ञता प्रकट गरिन्छ भने अर्कोतिर आफन्तहरूको बिछोडमा रोइरहेको व्यक्तिमा हास्य व्यङग्यका माध्यमबाट हाँसो र खुशीको संचार गराईन्छ। “मृत्युलाई अभिशाप होइन बरदान भन्ने शिक्षा दिएको छ।”

मानिस मरेपछि स्वर्ग जाने बाटोमा एउटा “बैतरणी” नदी तर्नु पर्छ। बैतरणाी शव्दमा त्याग र दानको महत्व लुकेको छ। जसले गर्दा समाजमा दान गरेर योगदान पुऱ्याएको छ। त्यसैले बैतरणी नदी सहजै तर्न सक्छ भन्ने गाईमाताको पर्वमा यथार्थ रहेको छ। बैतरणी नदीमा पार नगरी स्वर्ग जान सकिदैन र मोक्ष पाइन्न भन्ने भनाई रहेको छ। शर्मा,२०७४:६५)। यसैकारण नेवार समुदायमा मनाउने गाईजात्राको बढी महत्व रहेको छ। आफन्तहरूको दिवंगत आत्मालाई गाईको अनुग्रह प्राप्त भई कुनै दुःख नहोस र बैतरणी नदी तर्न सजिलो होस भन्ने हेतुले नै गाईलाई भक्तिपुर्वक पुजाआजा गरी गाईजात्रामा गाईलाई नै पूजा गरी सिंगारेर गाईलाई बजार परिक्रमा गरिन्छ।

पोखराका नेवार समुदायहरूले मनाउने जात्रामा यो एउटा महत्वपूर्ण जात्रा हो। गाई जात्रा श्रावण पूर्णिमाको भोलि पल्ट भाद्रकृष्ण प्रतिपदाको दिनसम्म गाईजात्रा मनाइन्छ। नेवार समुदायमा यो एक प्रकारको महत्व बोकेको जात्रा हो। यो जात्रा काठमाडौं उपत्यका वाहेक नेवार समुदाय भएको जिल्ला वा ठाउँहरूमा यो जात्रा निकालिन्छ। आफ्नो रीतिथिति अनुसार गाईजात्रा चलाएकाले परम्परागत मौलिकता रहेको छ।

कुनै घरको परिवारका सदस्यहरूमा कसैको  वर्ष दिन भित्रमा मृत्यु भयो भने जनैपूर्णिमाका दिनमा मृत्यु भएको व्यक्तिको नाममा पूरोहित ल्याई सिदामा सबैथोक साथै क्वाटी राखेर सिदा तर्पण गरेर पूरोहित बाजेलाई टीका लगाएर सिदा दान दिइन्छ। क्वाटी खाएको भोलिपल्ट घर सफासुग्घर, नुहाइ चोखो भएर गाईजात्राको दिनमा मृत्यु भएको व्यक्तिको नाममा प्रसादको रूपमा तायामचालाई (नाच्ने र सबै) बाडिन्छ। पोखरामा टोल टोलबाट तायमचा नाच निकालिन्छ। यही दिनमा तायामचाको नाँचसँगै वर्ष दिन भित्र मृत्यु भएको घरबाट मृतकको सम्झनामा एउटा डोकोमा मृतकको फोटो साथै गाईको चित्र समेत टाँसेर डोकोमा नियालो गाडेर आइमाई भए सारी, चोलो राखेर र केटा मान्छे भए डोकोमा कोट लगाएर मृतकको फोटो, गाई चित्र सहित कोट राख्ने चलन छ। तायामचा सगसँगै भजन गाउँदै बजार परिक्रम गर्दछन्। तायामचा सँगसँगै मृतकको नाममा निकालेको गाईलाई टीका लगाएर भित्रयाउने गर्दछ। साथै कसै कसैले महिनाभरि मृतकको नाममा भजन सिकाएर रामायण निकाल्ने पनि गर्दछ (अन्तरवार्ता: अष्टमान प्रधानाङ्ग, वर्ष ६३)।

तायामचामा देवी देवता आव्हान गर्ने काम गरिन्छ, जसमा मृदङ्ग ढल्की आदि बाजा विशेष ताल र वोलमा बजाइन्छ। यसलाई द्यल्हायगु ताल र बोलमा बाजालाई धुप बालेर पूजा गरिन्छ। जोकर परीहरू कम्मर भाँच्दै तायामचा नाँचको तालमा नाँच्न शुरु हुन्छ। यो नाँच बजार परिक्रमा गर्दै लैजान्छ दोबाटो, देवदेवीको मन्दिरमा आइपुग्दा द्यल्हायगु गरिन्छ।

यो नाँचमा ४ जना परीहरूको बिचमा जोकर हुन्छ। यि ४ जना परी स्वर्गबाट आएका अप्सराहरू बिचको जोकर वा अगाडिको जोकर वास्तवमा ऋषिको रूपमा हो भनेर विश्वास गर्दछन्। ऋषिको रूपमा भेषभुषामा टाउकोमा फेटा, जुँगादारी, अनुहार विभिन्न रंग लाएको हसाउने खालको हुन्छ। परी बनेको अप्सराहरू भेषभुषामा रंगअनुसार जामा चोलो लामो कपालमा परीमा सिँगारिएको हुन्छ (अर्न्तवार्ता: केशब ताम्राकार वर्ष ६३) तायामचा विभिन्न किसिमबाट भेषभूषा गाईजात्रा पारा बनेको यमराज राक्षसहरू पनि बनेको हुन्छ

गाईजात्रामा मृतकको आत्माको मुक्तिको लागि र धार्मिक विचारमा गाईको पुच्छर समाई वैतरिणी नदी तर्ने तथा यमराजको द्वार स्वर्गको ढोका खोल्ने भएकोले प्रवेश गर्न पाउने धारणा रहेको छ। नेवार समुदायमा यस जात्रामा मृतकको आत्मालाई स्वर्गमा बास मिलोस भन्ने कामना गरी “गाई जात्रा” मनाइन्छ। उक्त दिनमा नेवार समुदाय भित्र पनि गुभाजु, शाक्य, ताम्राकार उदास, तुलाधर बाहेक अन्य सबै नेवार समुदायहरूले यो जात्रा मनाएर गाईजात्रा निकालिन्छ।

यस जात्रामा राजनैतिक,सामाजिक बिकृति प्रति व्यङ्ग्यात्मक प्रदर्शन नाचगान तथा मृत व्यक्तिहरूको सम्झनामा रामायण, गाई निकालेर बजार परिक्रममा गर्ने चलन छ। साथै मनोरज्जनात्मक तथा व्यङ्ग्यात्मक ढङ्गले बिबिध कार्यक्रम गर्ने, पत्रपत्रिकाहरू, टि.भी, सामाजिक कुरीतिहरूलाई समेटेर हास्यव्यङ्गय प्रकाशन गरेको हुन्छ। गाईजात्राको दिनमा बजार परिक्रममा दिवंगत भएका आफन्तको सम्झनामा गाईजात्राका सहभागीहरूलाई श्रद्दालुहरूले दूध, फलफूल, जुस, दही अन्य दान गर्ने चलन रही आएको छ (पोखरा भिन्तुना,२०७५:१३)।

गाईजात्राको उत्पत्ति सम्बन्धमा एउटा लोककथा यस प्रकार उल्लेख भएको पाइन्छ:

तीन शताव्दी अघि राजा प्रताप मल्लले चलाएको “गाई जात्रा” हो। राजा प्रताप मल्लका कान्छा छोरा चक्रबर्तेन्द्रको निधन भएकोले रानी ज्यादै नै दु:खी भएकोले राजाले

मृत्यु सत्य हो। यसको सामाना हामी लगायत सबै प्रजाले गरेका हुन्छन् भन्ने देखाउन परिवारका सदस्यको निधन भएको घरबाट गाईजात्रानिकाल्ने र बालबालिकालाई सजाएर हसाउने पहिरनमा शहरको परिक्रमा गराउनु भन्ने आदेश दियो।

राजा प्रताप मल्लको पालामा काठमाडौं उपत्यकामा शीतला रोग (विफर) महामारी फैपिलएको थियो। फलत : राजाको एउटा वालक राजकुमारको पनि मृत्यु हुन गयो। राजारानी दुःखी भए, रानी त झन पुत्रशोकमा विरामी भएर थला परिन्। यस्तो अवस्थामा बुद्धिमान मन्त्रीले गाईजात्राको परम्परा चलाउने सल्लाह दिए। त्यो वर्षमा राजाको छोरा मात्र होइन जनताका छोराछोरीहरू पनि मृत्यु भएको छ त्यस घर घरबाट जोगीको भेषबाट लोग्ने मान्छे, स्वास्नी भए गाईको भेषमा निकाल्ने र बजार परिक्रमा गर्नु पर्ने उर्दी दिइयो। साथै रानीलाई खुशी बनाउनको लागि हास्यव्यङ्ग्य, ख्याली, रंगविरंगका भेष भएका बहुला भएर प्रदर्शन गर्न दिइयो। सबैले उर्दी पालना गरेर भाद्र कृष्णअष्टमी सम्म गाईजात्रा चलाउने परम्परा बस्यो। यसरी पुत्रशोकमा परेको रानीले हेरेपछि मेरो मात्र छोरा मरेको होइन सबै जनताका छोराछोरी मरेको रहेछन् भनेर चित्त बुझाए (अर्न्तवार्ता : राजकुमार भारी, वर्ष ९२)। त्यसपछि गाईजात्रामा मृतकहरूको स्मरणमा मनोरञ्जन र परम्परागत संस्कृति बन्यो। देशमा भएको राजनैतिक शासन व्यवस्थामा देखा परेका केही कमजोरी, अनैतिकता, अत्याचार आदि खुल्ला रूपमा हास्यव्यङ्ग्यात्मक प्रदर्शन गर्न त्यस दिनमा प्रस्तुत गर्न छुट दिइयो। पोखराको जात्राहरूमा मानिसहरूको घुइँचो लाग्ने गर्दछ। अत्यधिक मात्रामा गाउँ गाउँ र टाढा टाढाबाट मानिसहरू सहभागिता भएको पाइन्छ । गाईजात्रा एउटा रमाईलो सांस्कृतिक चाड हो।

नेपालमा मात्र मनाइने गाईजात्रा मध्यकालतिर नेपालीकै उपज मानिन्छ। गाईजात्रा सम्बन्धी तथ्य विवरण नपाइने भए पनि प्रताप मल्लको समयको गाईजात्रासम्बन्धी थ्यासफु पनि पाइएको छ। गाईजात्रामा लाखेनाच नाच्ने चलन छ। गाईजात्रा र लाखे नाच काठमाडौँ उपत्यकामा मात्र नभएर नेवार समुदायहरूको बस्ती भएका उपत्यकाहरूमा भव्यका साथ मनाइन्छन् (खतिवडा, २०७२ : ३४५)।

## ४.३ बाघ जात्रा

नेवारहरूले मनाउने जात्रामा एक महत्वपूर्ण जात्रा बाघ जात्रा पनि हो । बाघ जात्राको शुरुवात नेवाहरूको पुख्यौली बस्ती काठमाण्डौमा भएको हो। काठमाण्डौ उपत्यकाबाट आएका नेवार समुदायहरू स्थानिय रुपमा पोखरामा बस्ती भएपछि नेवार समुदायहरूले यो जात्रालाई निरन्तरता रुपमा दिई रहेका छन्। पोखराका नेवार समुदायहरूले मनाउने जात्रालाई यहाँका सबै धर्म मान्नेहरूले उतिकै आस्था र बिश्वास गर्ने गरेको पाइन्छ (अर्न्तवार्ता : अष्टमान प्रधानाङ्ग, वर्ष ६३)। बाघ मार्नले सबै जनताहरुको रक्षा भएको कारणले सबैको सहयोग र सहभागिता पाएकोले यो जात्रा धार्मिक र मनोरञ्जनका हिसाबले पनि उतिकै महत्व रहेको छ।

नेवार समुदाय भित्र कला, कौशल, संस्कृति भएको हुनाले पोखराका नेवार भित्र महत्वपूर्ण भूमिका रहेको छ। पोखरा उपत्यका प्राकृतिक सौन्दर्य, कला, संस्कृतिले भरिएको भूमि हो। जस्तैः नाच, जात्रा, चाडपर्व, महोसत्वहरूले गर्दा नै पर्यटकहरूको मन जित्न सकेको पाइन्छ। यसरी देखाउने जात्राहरूमा बाघ जात्रा पनि एक महत्वपूर्ण जात्रामा मानिन्छ।

यस जात्रामा मुख्य पात्र नै बाघ भएकोले मान्छे नै बाघको भेष धारण गरेर बाघको मुकुण्डो लगाएर चार खुट्टाले हिड्ने गर्दछन्। यस जात्रामा थुपै कलाकारहरू भएको हुन्छ। जस्तैः बाघहरू, राजा, रानी, सिपाही, मन्त्री, भारदार, ढिकेग्वारा अन्य कलाकारहरू पनि हुन्छन्। जंगलहरूमा बाघ लुकेर बसेका हुन्छन्। ढिकेग्वाराहरूले बाघलाई खोज्दै जान्छन्। ढिकेग्वाराको असफल भएपछि जनताहरूले राजा कहां बिन्ती चढाउँछन्। राजाको सल्लाह बमोजिम सिपाही भारदारहरू, ढिकेग्वारा ,जनताहरू सहित मिलेर बाघलाई घेरा हालेर मारिन्छ।

बाघ जात्रा र गाईजात्रा एक आपसमा सम्बन्ध रहेको पाइन्छ। पोखरामा रहेका नेवार समुदायहरूले धर्म, संस्कृति, सांस्कृतिक महत्व दिएको पाइन्छ। बाघजात्रा पोखरामा कसरी उत्पत्ति भयो भन्ने धारणामा लिखित रूपमा पाइदैन। पोखरामा बाघ जात्राको छुट्टै विशेषता रहेको जात्रा मान्न सकिन्छ। यो जात्रा टोल टोलबाट निकालिदैन। साथै बाघजात्रा धेरै खर्चालु र कलाकारहरू धेरै मात्रामा चाहिने र अन्य सामग्री पूर्ण रूपमा हुनपर्दछ।

जस्तै- राजा, रानी, प्रधानमन्त्री, मन्त्रीहरू, सिपाहीहरू, यमराज, शिकारी, बाघ, घोडा, सुसारे, द्वारपाल, जनसमुदायहरू आदि बाघजात्रामा तायामचा झाँकी, भैरव नाच, घोडा जात्रा अन्य नाचहरू पनि समावेश (सहभागी) गरेर बजार परिक्रममा गरिन्छ (अन्तर्वार्ता : अष्टमान प्रधानाङ्ग वर्ष ६३)। बाघ जात्राको उत्पत्ति बारेमा लोक कथन यस प्रकार छ :

काठमाडौं उपत्यका घना जङ्गलले भरिएको थियो। त्यो जङ्गलमा बाघहरूको विगविगी रहेको थियो। नेवार समुदाय बस्ने ठाउँहरूमा बाघले दिनहुं जस्तो चराईरहेका बोका, बाख्रा, कुखुरा, गाई, भैंसी आदिको विनाश गर्दै गए। टोलटोलका बालबालिकाहरू पनि आक्रमण गरेर मानवलाई आतंकित गर्दै गए। नेवार समुदायहरू चिन्तित हुन थाल्यो। त्यसपछि बाघलाई मार्नुपर्छ भनेर शिकारी योग्य व्यक्ति (ढिकेग्वारा) लाई जिम्मा दिए। शिकारी ढिकेग्वाराले मार्न नसकेपछि झन् नेवार समुदायहरू निकै नै चिन्तित भए। नेवार समुदायहरू मिलेर राजा कहाँ बाघ मार्न सहयोग पाउँ भनी विन्ती चढाए। राजाले जनताहरूको दुःख देखेर उक्त विन्तीलाई स्वीकार गरेर रानी, भारदार, मन्त्री, सैनिकहरूसँग सल्लाह गरेर हातहतियार, धनूकाँड भाला, खुकरी सहित सक्दो सहयोग गरेर बाघहरूलाई घेरा हालेर मारे। जनताहरू उक्त दिन राजाको कार्य देखेर ज्यादै नै खुशी भए। बाघलाई कृष्ण अष्टमीको साँझ बाघलाई घेरा हालेर सैनिकहरूको सहयोगबाटे घेरामा ल्याएर मारेको थियो। किनभने बाघ दुर्गा भवानीको वाहन भएकोले ज्योतिषको सल्लाह अनुसार साँझपख मारेको थियो (तुलसी नापित, वर्ष ८४)।

यस घटनापछि काठमाडौं उपत्यकामा बाघले दुःख दिएन। त्यसपछि नेवार समुदायले, यसको संझनामा बाघ जात्रा मनाउन थाले। यसरी काठमाडौं उपत्यकाबाट बसाई सराई र जागिरको सिलसिलामा पोखरामा बसेका नेवार समुदायहरूले बाघ जात्रा निकालेको पाइन्छ। पोखरामा बाघजात्रा २०५७ सालबाट मनाउन छोडेको पाइन्छ । २०६७ सालको गाईजात्रा महोत्सवमा बाघजात्राको सानो झलक देखाएको थियो।

"पोखराको संस्कृति चिनाउनको लागि पोखराका नेवार समुदायहरुले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। पोखरा प्राकृतिकसौन्दर्यले भरिपूर्ण हुनाका साथै कला, संस्कृति नेवार समुदायले अयोजना गर्ने जात्रा, नाच, चाडपर्वहरुमा र महोत्सवहरुमा केही झलक "बाघ जात्रा" देखाइन्छ। घटस्थापनाको शुरुको दिनमा विन्ध्यवासिनी नौ दुर्गादेवीको शोभायात्रा

बजार परिक्रमामा केही झलक बाघ जात्रा निकालिएको हुन्छ। यसरी निकालिएको बाघ जात्रा रमाइलो खालको हुन्छ।

सिंगो पोखरा बजारका नेवार समुदायहरुको सहभागिताबाट मनाइने जात्रा हो। यो जात्रा निकै नै खर्चालु हुन्छ। खर्चकै कारणबाट नै वर्षवर्षमा निकाल्न सकिदैन। किनभने यो जात्रामा धेरै नै कलाकारहरुको आवश्यकताको साथै सामग्रीहरु पनि निकै नै चाहिएको हुन्छ। यस कारण कुनै महोत्सवमा पर्यटनहरुको लागि आकर्षण झलक देखाउने गरिन्छ। साथै नेपाल सम्बत्को ऱ्यालीमा पनि बाघ जात्रा को झलक राखेको हुन्छ। अन्तरवार्ता : र्टकमान नापित, वर्ष ८१)।

पोखराका नेवार समुदायहरूले मनाउने जात्राहरूमा यो पनि बिशेष जात्रा हो। यो जात्रामा विविध खालको झांकी प्रदर्शन, तायमचा, घोडा जात्रा, लाखे नाच, मनोरञ्जनात्मक तरीकाले जात्रा प्रदर्शन गरिने भएकोले यो जात्रा हेर्नको लागी पोखराका बासीन्दाहरू र गाउ गाउँबाट मानिसहरूको ओइरो लाग्ने गर्दछ। यो जात्रा विशिष्ट र महत्वपूर्ण भएकोले नेपालको कमै ठाउमा मात्र निकालिन्छ (अन्तर्वार्ता : तुलसी नापित वर्ष ८४)।

## ४.४ माघेजात्रा

नेवार समुदायहरूले चलाउने जात्रामा धार्मिक, सांस्कृतिक पक्षबाट एक महत्पूर्ण धार्मिक जात्रा माघेजात्रा हो। पोखरावासीहरू मध्ये धार्मिक र संस्कृतिमा रुचि राख्ने नेवार समुदायहरूले मनाउने माघे जात्रा १ महिनासम्म चल्ने लामो अवधिको जात्रा हो। पौष शुक्ल पूर्णिमा देखि माघ शुक्ल पूर्णिमा सम्म भव्यताका साथ नित्य विधिपूर्वक माधव नारायण शिव, पार्वती., गङ्गा, भगीरथीलाई सम्झना गरी मनाइने धार्मिक एवं सांस्कृतिमा आधारित जात्रा हो। यो जात्रामा एकाविहानै गंगा नदीमा गएर स्नान गरेर भक्तजनहरू भजन कीतन गर्दै बजार परिक्रममा गरिन्छ। माघे जात्रामा भक्तजनहरू प्रत्येक दिन बिहान भजन कीर्तन गर्दै सहभागीहरू स्वस्थानी माता, महादेव प्रति भक्तिभावबाट भजन गाउँदै टोल टोल परिक्रममा गरिन्छ। माघेजात्रा हिन्दु धर्ममा आधारित, विश्वास र आस्थामा निर्भर रहेको जात्रा हो। माघेजात्रालाई सहश्रधारा पनि भनिन्छ (अन्तरवार्ताः कृष्णबहादुर बैध,वर्ष ८२)। यो जात्राको पोखरामा महत्वपूर्ण देन छ। यो एक महिनाको लामो अवधिको जात्रामा

३ पटक भव्यका साथ निकालिन्छ। जस्तै : श्री पञ्चमी, भिमा एकादशी, स्वस्थानीको साङगेपूर्णिमा सहश्रधारा सहित सरस्वती देवी बनाएर बजार परिक्रमा गरिन्छ। माघेजात्रा लामो अवधिको कठिन धर्मको जात्रा हो। यो जात्रामा पोखराका नेवार सुमदायहरूको नेवा गुठी, नेवा मिसापुचको साथै सर्वसाधारण जनताहरूले पनि सहयोग गर्दछन् (अन्तर्वार्ता : अष्टमान प्रधानाङग वर्ष ६३)।

माघेजात्रा व्यवस्थापन समितिद्धारा संचालन गरिने यो जात्रा ३ वर्षको अन्तरालमा निकाल्ने गरिन्छ। माघेजात्राको सहश्रधारा भन्नाले माटो वा पित्तल, तामाको घडा बनाएको खटमा प्वाल बनाएको हुन्छ। त्यही प्वालबाट गहुंको डाठ छिराएर त्यस ठाउँबाट जल निस्कने गरी जलको धारा बगाएको हुन्छ। त्यसलाई नै सहश्रधारा भनिन्छ। सहश्रधारा निकाल्नु अघि विहान सेती नदी (गंगा) मा स्नान गरेर सूर्य भगवानलाई नित्य पूजापाठ गरेपछि शंख फुकेर सहश्रधारा बोक्ने भक्तहरूले सेतो कपडाको कछाड लगाएर सहश्रधारा टाउकोमा बोकेर भक्तजनहरू सहभागी दिदी, वहिनी, मान्यजनहरू बुढापाकाहरू लाईन क्रममा भजन किर्तन गाउदै पोखरा बजार परिक्रमा गरेर बजार घुमाईन्छ। अरु दिन प्रत्येक दिनमा सेती नदीमा स्नान गरेर नित्य पूजा नारायण मन्दिरबाट भेला भएर सहभागी भक्तजनहरू भजन किर्तन गाउदै पोखरा बजार परिक्रमा गरेर नालामुखको शिवजी मन्दिरमा विसर्जन गरेर भित्र्याउने काम हुन्छ (अन्तर्वार्ता : कोमल प्रजू वर्ष ७४)।

माघेजात्राको उत्पत्ति पोखरामा कहिले कहांबाट भयो भन्ने तर्कमा पोखरामा १९७३ सालबाट शुरु भएको मानिन्छ। काठमाडौं किर्तिपुरबाट जागिरको सिलसिलामा पोखरा आउनु भएका स्व. गुरु बैठकलाल श्रेष्ठ , मोतिलाल रञ्जितकार र पोखराका स्थानीय बासीहरू मिलेर माघे जात्रा शुरु गरेको पाइन्छ। लोककथन अनुसार महाभारतको बन पर्वमा भागिरथ राजाले महानदी गंगाको तपस्या गरी स्वर्ग देखि गंगालाई अवतरण गरी आफ्नो पितृहरूको उद्धार गरिएको कथन छ।

सगर नामको राजा प्रतापी, रूपवान, वलवान पराक्रमशिल थियो। राजाको दुइ रानीमा बेदर्मी र शैष्या थिए। यि दुइ रानीको कुनै सन्तान थिएन राजा र दुवै रानी मिलेर कैलाश पर्वतमा गएर तपस्था गर्न थाले। केही वर्ष पछि भगवान शंकरले दर्शन दिएर राजाले भगवान शंकरसँग सन्तानको बर मागे। भगवान शंकरले तिमीले जुन वर मागेको छ । त्यसैमा एक रानीबाट अत्यन्त शुरविर क्रोधि स्वरूपका साठी हजार पुत्र हुनेछ , सवै

पुत्रहरू एक साथ मृत्यु पनि हुनेछ । अर्को रानीबाट बंश चलाउने एक मात्र धर्मात्मा शुरविर पुत्र प्राप्त हुन्छ भनेर भगवान शंकर अर्न्तध्यान हुनुभयो (अन्तर्वार्ता : तुलसी नापित वर्ष ८४) । राजा सगर खुशी भएर रानी सहित दरवार फर्कियो । दुवै रानीहरूबाट वर अनुसार पुत्रको जन्म भयो ।

राजा सगरले छोराहरू ठुलो भएपछि अश्वमेघ यज्ञ ग-यो । यज्ञमा राम्रो गुण भएको घोडा छोड्नु भयो । त्यो घोडाको हेरचाह गर्नको लागी राजकुमार र केही सिपाहीहरू खटाइएको थियो । केही समय पछि घोडा हरायो । राजा सगरले थाहा पाएपछि क्रोधित भएर यज्ञको घोडा हराउनु हुदैन भनेर घोडा खोजेर ल्याउ भनेर कडा आदेश पाएपछि राजकुमारहरू खोज्न जांदा पातलमा घोडा चरिरहेको देखे साथमा कपिल ऋषिलाई पनि देख्यो । घोडा देखेर खुशी भएर लिन गयो । त्यसैबेला कपिल ऋषिलाई चोर भनेर तिरस्कार गर्दै घोडा लान थाल्यो । यत्तिकैमा कपिल ऋषि क्रोध भएर साठी हजार राजकुमारलाई एकै साथ भष्म गरी दियो । राजाले थाहा पाए पछि एक छिन् रिसाए, महादेवको स्मरण गरेर चित्त बुझाए । एकमात्र पुत्र असमन्जस राजकुमारले जनताहरूको छोराछोरी रोए भन्ने सुन्न नसकी उनिहरुलाई मारी दिन्थे । नगरवासीहरू मिलेर राजा सगर कहां आएर घोर अन्याय भयो हामीहरूलाई बचाउनु प-यो भनी विन्ति चढाए पछि राजाले छोरालाई देश निकाला गरी दिए । पछि राजाले नाती अशुमानलाई साठी हजार छोराहरू भष्म भएको र छोरालाई देश निकालिएको कुरा सुनाए । यज्ञको घोडा खोजेर लिएर आउ म स्वर्ग जान्छु भनेर नातिलाई भने पछि अशुमान घोडा खोज्न आफ्नो पुर्खाहरू भष्म भएको पातालमा पुग्यो । त्यही ठाउँमा कपिल ऋषि र घोडा देखियो । अशुमानले ऋषिको दर्शन गर्दै आफुमा भएको कुरा ग-यो । ऋषिले तिम्रो के इच्छा छ भन भन्दा यज्ञको घोडा र पितृ पुर्खाहरूको उद्धारको प्रार्थना गर्छु भने । तिमीले मागेको बर दिन्छु महादेव र गंगालाई कैलाशबाट ल्याउछु र घोडा दिन्छु । ऋषिको कुरा सुने पछि अशुमान खुशी भए । घोडा लिएर दरवार गएपछि राजा सगर खुशी भएर यज्ञ शुरु गरे । राजा सगरले आफ्नो भष्म भएको छोराहरूको शोक गर्न छोड्यो र प्रजाहरूलाई छोरा सरह माने र नातिलाई राज्य सुम्पेर सिधै स्वर्ग तर्फ गए । त्यसपछि अशुमानले आफ्नो पुत्र दिलिपलाई सवै कुरा सुनाएर आफु परलोक भए । राजा दिलिपले पनि दुःख महशुश गरेर आफ्नो पितृगमको उद्धारको लागी गंगाजी ल्याउन धेरै प्रयत्न गरे । सफल हुन सकेन पछि भगीरथ पुत्रको जन्म भयो । पछि राजा दिलिपले भगीरथलाई राज्य सुम्पेर बनवास हुंदै स्वर्गवास भयो (स्मारिका, २०७१ : ५) ।

पछि राजा भगीरथले आफ्नो पुर्खाहरू चिन्तित भएर मृत्यु भएकोमा,र राज्यमन्त्री भारदारहरूलाई लिएर हिमाल पर्वत तिर गएर तपस्या गर्न थाले। केहि वर्ष पछि कठोर तपस्याबाट गंगाले प्रत्यक्ष दर्शन दियो। गंगाको बरदान पाएपछि भगीरथ खुशी भएर आफ्नो पुर्खाहरूको उद्धारको लागी घोडाको ऋषिको कुरा भने गंगाले जुन समयमा स्वर्गबाट पृथ्वी माथि म झर्छु मेरो बेग असहय हुन्छ र म पातालमा पुग्छु। तिनै लोकमा भएको कोही छैन जसले मेरो बेगलाई धारण गर्न सक्छ तर एक देवाधिदेव नीलकण्ठ भगवान शंकरले अबश्य मलाई धारण गर्न सक्छ। तिमीले शंकरलाई जप, तप गरेर प्रसन्न बनाउ म पृथ्वीमाथि झर्छु उसैले मलाई शिरमा धारण गरी दिन्छ। तिम्रो पितृहरूको उद्धार अवश्य हुन्छ भनेर कैलाश पर्वतमा जानु भयो। त्यसपछि भगीरथले घोर तपस्या गरेको देखेर भगवान शंकर उभिनु भयो, महादेव उभिएको देखेर गंगा पृथ्वी माथि झर्नु भयो। देवताहरू एकत्रित भएर हेर्नुभयो। महादेवको शिरमा मोतिको माला झै भएर महादेवले गंगालाई धारण गर्नुभयो। महादेवले १२ वर्ष सम्म कपालको जटामा बेरी गंगाजीको एक थोपा पानी बग्न नदिइकन धारण गर्नुभयो। १२ वर्ष पछि जटामा रहेको प्रत्येक रौ रौं बाट थोपा थोपा भएर सहश्रधाराको रूपमा बग्न थाल्यो। पछि राजा भगीरथले गंगाजीको माघ महिनामा तपस्या गरेकोले माघ महिनाको महिमा बढेको हो भनी भनाई रहेका पाइन्छ।

# परिच्छेद पाँच

# नेवार समुदायहरूले मनाउने नाच

नेवार समुदाय संस्कृतिको निकै धनी स मुदाय हो। यिनीहरूको आफ्नै संस्कृति छन्। त्यसमध्ये नाच पनि एक हो। नेवार समुदायमा विभिन्न प्रकारका नाचहरू छन् ति निम्न छन्।

## ५.१ भैरव नाच

पोखराको प्रख्यात नाचहरू मध्ये एक महत्वपूर्ण प्रमुख नाच "बाह्र भैरब" नाच हो। नेवार समुदायहरूले मनाउने नाचमा धार्मिक, सांस्कृतिक महत्व बोकेको नाच मध्ये एक नाच "बाह्र भैरब नाच" लाई मानिन्छ। यस नाचको प्रदर्शन १२ वर्ष भित्रमा देखाइनु पर्दछ। प्रदर्शनको समय १२ वर्ष नघाउनु हुँदैन भन्ने मान्यताले ६।६ वर्षमा देखाइने गरिएको छ। भगवान शिवजीको बाहन भैरव हो। शिवजी भैरव रूप लिएर लोक कल्याण गरेर रक्षा गरेको कुरा रहेको छ। भैरब नाच संचालन गर्न २।३ महिना अगाडि बाटै नाचको अभ्यास शुरु गरेर नाच्ने नर्तकहरू १२ जना कलाकार हुन्छन्।

१. कालभैरव

२. महाकाली

३. इन्द्रायणी

४. बराह

५. कुमारी

६. बिष्णुबी

७. ब्रम्हायणी

८. माहेश्वरी

९. गणेश

१०. दागिं (पार्वती)

११. भुत्चा

१२. कवं

बाह्र भैरबको समूहमा चार भैरबहरू मध्ये काल भैरब, महाकाली, इन्द्रायणी, बराह हुन्छन् । चार देबीहरूमा कुमारी, बैष्णबी, ब्रम्हायणी, माहेश्वरी हुन्छन् । त्यसपछि एक गणेश, एक दागिं (पार्वती) दुईमा एक भुत्चा र एक कवाङ भुच्चा गरी जम्मा १२ जनाको परिवारको समूहलाई "बाह्र भैरब" भनिन्छ (अर्न्तवार्ता : अष्टमान प्रधानाङ्ग, वर्ष ६३) । नाचको लागि भजन, राग गाउने गरी ३०।३५ जना गायकहरू ८।१० जना बाध्यबादक ५०।६० जना स्वयंसेवी सहयोगीहरू समेत गर्दा एक पटक नाच देखाउंदा करिब १०० जना संलग्न हुन्छन् । यसरी भैरब नाचमा मानिसहरूको खचाखचले भरिएको हुन्छ । पोखरा बजार र पोखरा छिमेकी जिल्लाहरूमा समेत लोकप्रिय रहेको नाच हो यो । यो पोखराको महत्वपूर्ण सांस्कृतिक धरोहर पनि हो । यो नाच अढाइ सय वर्षको ईतिहास भए पनि बि .स .१९५७ बाट शुरु भएको नाच हो । यस नाचमा नेवार समुदायहरू संलग्न भएर भैरब नाच देखाउने गर्दैछन् (पोखरा भिन्तुना, २०७५ : १९) ।

कास्कीका अन्तिम राजा सिद्धिनरसिंह शाहको समयमा पोखरामा भक्तपुर, ललितपुर, पाटन, किर्तिपुर, काभे, धुलिखेल, बनेपा, दोलखा काठमाण्डौं आदि बाट बिस्थापित भएका नेवार समुदायहरूले पोखरामा व्यापार, रोजगार, सरकारी कर्मचारी सरुवा भएर आएका नेवार समुदायहरू खेतीपाती पनि गरी सुरक्षित भएर बस्न सक्ने ठाउँ देखेपछि स्थायी रुपमा बसोबास गरेका थिए । आज आएर पोखरा एक प्रमुख शहरको रुपमा बिकास हुन गएको देखिन्छ । बसाई सराईको क्रममा विभिन्न सांस्कृतिहरू पनि भित्रिए । सांस्कृतिमा रुचि राख्ने हाम्रा पुर्खाहरूले देखे भोगेका संस्कृतिहरू विभिन्न चाडपर्वहरू पोखरामा देखाउदै आए । सांस्कृतिक पर्वहरूमा तान्त्रिक पद्धतिसंग सम्बन्धि "भैरबनाच" एक प्रमुख नाच हो । यस नाचमा पूजागर्ने दिनमा मुख्य मुख्य व्यक्तिहरू नुहाई चोखो भएर ब्रत बसेर देवताहरूलाई पूजा गरिन्छ । सबै भक्तजनहरू रातभर छलङ्ग हुनेगरी "बाह्र भैरब नाच" हेर्दछन् । अर्न्तवार्ता :कृष्ण वैद्य, वर्ष ८२) । यो नाच रातको समयमा निकालिने हुंदा भक्तजनहरूको अनुरोधमा पोखराको विभिन्न ठाउँहरूमा रातभर प्रदर्शन गरेर बिहान मात्र देवता घरमा फर्किने गरिन्छ ।

भैरव नाच बि.स.२००६ सालदेखि शुरु भएको हो। भैरव नाच पनि काठमाडौं उपत्यकाका नेवार समुदायहरू काठमाडौं उपत्यका छोडेर, बसाइ-सराइ भएर पोखरा उपत्यकामा आएपछि शुरु भएको पाइन्छ। "बाह्र भैरब" को नृत्य प्रदर्शन गर्ने कार्य बि .स .२०२९ सालमा संस्थागत रुपमा भएको हो। बाह्र भैरबको मुकुट भक्तजनहरूको लागि दर्शन गर्नको लागि प्रत्येक वर्षको गाईजात्रामा (सापारु) १ दिनको लागि निकालिन्छ।

काल भैरबको रुप कालो भएको हुनाले सबै भेषभुषा कालो हुन्छ। महाकाली इन्द्रायणी र बराहका भेषभूषा सबै रातो हुन्छ। चार भैरबको हातमा लामो खड्ग र एक हातमा अत्याचारी असुरको मुर्कटा लिएको हुन्छ। चार देबी मध्ये कुमारी रातो बर्णको, बिष्णु हरियो बर्णको, ब्रम्हायणी पहेलो बर्णको, गंगाा सेतो बर्णको हुन्छ। सबैको हातमा डमरु रहेको हुन्छ भने अर्को हातमा ध्यान मुद्रा बूढी औला र सांहिली औला छोएको हुन्छ। गणेश सेतो बर्णको भएकोले भेषभूषा सबै सेतो हुन्छ भने एक हातमा बन्चरो अर्को हातमा ध्यान मुद्रमा हुन्छ। भैरबको भूतप्रेत प्रतिक सानो भुच्चा र कवाङ भुच्चा गरी दुई जना रातो बर्णको भएकोले रातो बर्ण भएकोले रातो भेषभुषामा हुन्छन् भने हातमा ध्यान मुद्रामा हुन्छन्। पार्वतीको प्रतिक दागिं पनि रातो बर्णको भएकोले रातो सारीमा हुन्छ भने हात ध्यान मुद्रामा हुन्छ। साथै देब्रे हातमा बल्दै गरेको मसाल -दागबत्तीा) र दाहिने हातमा फूलको अक्षता दियो कलः लिएको हुन्छ। बाह्र भैरब नृत्यमा मृदङ्ग र रागका बाट प्रारम्भ हुन्छ भने समापन पनि राग बाट नै हुन्छ।

बाह्र भैरब नाच निकाल्दा भैरब सांस्कृतिक संरक्षण समितिद्वारा दिन र समय निश्चित गरेर बिहिबारको दिन गुभाजु पुरोहितबाट मध्य रातमा तान्त्रिक पद्धतिबाट अनुष्ठान गरी पूजा आजा गरिन्छ। नाच्ने कलाकारहरू बिहानै नुहाई शुद्ध हुनु पर्छ। गुभाजु पुरोहित, गुरुबाट नाच्ने प्रथम मुख्य मुख्य कलाकारहरूलाई भैरब नाचको मुकुण्डो हस्तान्तरण गर्ने कार्य प्रारम्भ गरेपछि एक आपसमा कुराकानी समेत गर्नु हुदैन। भक्तजनहरू पनि मुकुटको सिधै आमने सामने हुनु हुदैन। भैरब नाच प्रारम्भमा भिमसेन मन्दिर हुदै गणेश मन्दिर, बिन्धबासिनी मन्दिर, सरस्वती मन्दिर पछि गुरुको घरमा प्रदर्शन हुन्छ। भैरब नाच लामो अवधि ७८ महिना सम्म हुन्छ। पोखरा उपत्यका भित्रका भक्तजनहरूवाट निमन्त्रणा गरेपछि टोल टोलमा लैजाने क्रम शुरु हुन्छ।

बाह्र भैरव नाच भैरव मन्दिर, भैरव टोलबाट मात्र निकालिन्छ। भैरव नाच साझपख निकाल्ने नाच हो। भैरव नाच व्यक्तिगत रूपमा र समुह रूपमा टोल टोलहरूमा बोलाउने गर्दछन्। यो नाच साक्षत देवताको रूप मानिन्छ। कोही जुठो, सुतक परेको बेलामा अगाडी जानु हुदैन। यी नाचमा १२ भैरव देवदेवीहरू हुन्छन् (पोरखा भिन्तुना २०७३:७)।

**बाजामा**

यस नाचमा कौसिक राग, रागनट, राग मादल, राग सारंग, राग, मालश्री र राग आरती प्रमुख हुन्छन्।

बाह्र भैरव नृत्यमा मृदङ्ग र राग बाट शुरु भएर समापन राग बाट नै हुन्छ। बाह्र भैरवको मुकुट पनि १२ वटा हुन्छ। बाह्र भैरव मध्ये मुख्य भैरव काल भैरव (काली भैरव) लाई भनिन्छ। महाकाली (बुढी भैरव) भनिन्छ। दुईटा छाउराहरूलाई कवं भुत्वा भनिन्छ।

१२. सानो भुत्वा (रातो हातमा ध्यान मुद्रा हुन्छ (अष्टमान प्रधानाङ्ग, वर्ष ६२)।

## ५.२ लाखे नाच

नेवार समुदायमा चाड पर्व, जात्रा र नाचहरूको छुट्टै पहिचान रहेको समुदाय मानिन्छ। नेवार समुदायहरू संस्कृतिको धनी समुदाय हो। नेवार समुदायमा चाडपर्वको शुरुवाट गठेमगंल(घण्टाकर्ण) देखि प्रारम्भ भएको हुन्छ। साथै गठेमंगलको दिन देखि लाखे नाच,तायामचा नाचको प्रारम्भ हुन्छ। लाखे नाच एउटा छुटै पहिचान भएको नाच हो। लाखे नाच डरलाग्दो र मनोरज्जनत्माक खालको नाच मानिन्छ। लाखे एउटा राक्षस हेर्दा पनि डरलाग्दो खालको हुन्छ। लाखेले जनताहरूलाई दुःख दिनुको साथै साना साना बालबालिकाहरूलाई आहार बनाई खाएको हुनाले जनताहरू सबै मिलि राक्षसलाई मारेर खुशियालीका साथ चाड मनाई आएको धारणा रहेको पाइन्छ (अन्तरवार्ता : अष्टमान प्रधानाङ्ग, वर्ष ६२)।

पोखरामा गठेमंगल देखि लाखे नाचको शुरुवाट हुन्छ। उक्त दिन देखि भैरब नाच, तायामचा, नासःद्यको पूजा आराधना गरिन्छ। साथै तायामचा नाचको प्रशिक्षण शुरु हुन्छ। लाखे नाच पनि टोल टोलबाट शुरु हुन्छ। लाखे नाच रातको समयमा देखाइने नाच हो। किन भने डरलाग्दो रुप भएको दारा निस्केको, कपाल जिङ्ग्रीएको मनुष्यको रगत मासु खाने

खालको भएकोले डर लाग्दो रुपमा लाखे हुन्छ। लाखेको विभिन्न नाम रुपका हुन्छन्। जस्तैःदानव लाखे, नरभक्षी लाखे, लाखेय आदि नामले उल्लेख भएको हुन्छ। नेवार समुदायमा लाखे र भूत प्रेतहरूलाई बिशेष स्थान दिएको पाइन्छ। राक्षसलाई नै लाखे भनिन्छ। लाखे नाच पनि नेवार समुदायहरूले काठमाण्डौ उपत्यकाबाट पोखरा आगमन भए पछि लिएर आएको नाच हो। लाखे नाच मल्ल राजाहरूको पाला देखि प्रचलनमा आएको भनाई रहेको छ।

पोखराका नेवार समुदायहरूको स्थानीय नाचमा भैरव पछि लाखे नाचको पनि महत्वपूर्ण स्थान छ। पोखरामा घण्टाकर्णको दिन देखि लाखे नाच शुरु भएर कृष्णअष्टमीको दिन समापन हुन्छ। लाखे नाच राजा गुण कामदेवको पालाबाट शुरु भएको मानिन्छ ( अन्तरवार्ताः माणिक साई वर्ष ८४)। लाखे नाचको सम्बन्धमा एउटा लोक कथा रहेको छ :

राजाको दरवारमा एकजना युवती कुचो लगाउदै थियो। लाखेको नजर ति युवती माथि परेको थियो। मनुष्यको धारण गरी ति युवतीसँग कुराकानी गर्दै दिन वितेको थाहा पाएन, लाखे मध्यरात नहुँदै फर्कनु पर्ने थियो। तर ति युवती छटपटी भएर तनावमा थिए। त्यति बेला लाखेले युवतीलाई सोधेछ किन तनावमा छौं भनेर सोधे, मेरो जागिर जाने भयो भनेर भन्दा तिमी जुन ठाउँमा सफा गर्नुपर्ने हो त्यही ठाउँमा गएर हिड्दै जाउ त्यो ठाउँ आफै सफा हुन्छ भनेछ। पछि नभन्दै त्यसरी नै सफा भएछ। ति युवतीले चमत्कार भएको देखेर त्यो युवकलाई सोधे ? लाखेले आफ्नो यथार्थ कुरा भनेपछि ति युवती डराएर दरवारमा राजा कहां विन्ति चढाएं। राजाले ति युवक लाखेलाई बोलाएर सोध खोज गर्दा लाखेले म मानब होइन म राक्षस हु भनेपछि राजाले राक्षसलाई शर्त बमोजिम ति युवतीसँग विवाह गरी दिन्छु भने ति राक्षसले हुन्छ भनि दिएपछि राजाले देश र जनताको सुरक्षा गरेर बस भनिएको हुनाले त्यो बेला देखि राक्षसले जनताहरूलाई दुःख नदिएको हुनाले खुशीयाली मनाउदै त्यति बेलादेखि नै लाखे नाचको शुरु भएको हो भन्ने उल्लेख गरिएको पाइन्छ। यसरी लाखे नाच हरेक वर्ष गठेमङ्गलको दिन शुरु भएर अष्टमीमा समापन हुन्छ। यसरी नेवार समुदायहरूले भूत प्रेतले दुःख नदियोस भनेर चाड मानेको पाइन्छ। लाखे नाच टोल टोलमा देखाइन्छ। ठूलो मानिस देखि लिएर साना साना बालबालिकाहरू समेत पछि पछि लागेर हेर्न थाल्छन्। लाखे नाच नेवार समुदाय भएको गाउं, ठाउँहरूमा पनि निकालिन्छ।

लाखे नाच एक महत्वपूर्ण संस्कृति नाच हो। यो नाच राष्ट्रिय तथा अन्तराट्रिय उत्सव तथा दिवसहरूमा समेत प्रदर्शन गरिने सांस्कृतिक उत्सब बन्दै आएको छ। लाखे नाच विभिन्न पर्यटकीय उत्सव तथा महोत्सवमा प्रमुख आकर्षणको रुपमा लाखे नाच प्रस्तुत भएको छ। लाखे नाचको प्रतियोगिता पनि बेला बेलामा हुन्छ (नेवा खलः २०७४:६)।

## ५.३ तायामचा नाच

नेवार समुदायहरूले देखाउने नाच मध्ये एक तायामचा नाच धार्मिक एवं ऐतिहासिक नाच मानिन्छ। नेवार बस्ती भएको ठाउँमा नेवार समुदायहरूले हरेक वर्ष जनैपूर्णिको भोलिपल्ट देखाउने एक किसिमको नाच हो। नाचमा परीहरू, जोकर, ख्यालीहरू, बाजा सहित समूह टोल टोलबाट निकालिने "तायामचा नाच" नाच हो। जस्तैः पोखरा बजारको टोलहरूमा बगर, मोहरियाटोल, तेर्सापट्टी, भिमसेनटोल, महेन्द्रपुल, नयांबजार, रामकृष्णटोल, रामबजार, रानीपौवा, चिप्लेढुङ्गा, सिमलचौर, परस्याङ्ग, बगालेटोल, गौडामुख, भैरबटोल, लामाचौर न्यूरोड, जिरो किलोटिर, गैह्रापाटन, राजाको चौतारा, आदी अन्य ठाउँहरूबाट पनि निकालिन्छ। त्यसैले यो नाच पोखराको परिचय वा पहिचान देखाउने नाच हो। जनैपूर्णिमा देखि कृष्णजन्माष्टमीको दिनसम्म तायामचा नाच नाचिन्छ (अन्तरवार्ता तिर्थ श्रेष्ठ वर्ष ५७)।

यो नाच निकाल्नु भन्दा अगाडि बिहानै परीहरू सिगार गरेर नाच्नु अघि बाजाहरू बजाई सकेको हुनु पर्छ। नाच शुरु हुदा नृत्येश्वरहरूलाई धुप बत्ती बालेर पूजा गरेर नाच शुरु हुन्छ। यो नाच पुरै पोखरा बजार परिक्रममा गरी टोल टोलमा निकाल्ने गरिन्छ।

यो नाचको नाम किन "तायामचा" भएको भन्दा, यो नाचमा अगाडि अगाडि लामो बांसमा पुरुष भएकोमा पुरुषको लुगा र महिला भएकोमा महिलाको लुगा झण्डाएको झांकी जस्तो हुन्छ। यसरी बनाएको झांकीलाई नै "तायामचा प्याख" (तायमचा नाच) भनिएको हो।

यो नाच निकालिएको दिनमा गाईजात्रा परेको हुन्छ। साथै नेवार समुदायहरूको कुनै घरमा वर्ष दिन भित्र मृत्यु भएको छ भने त्यस दिनमा तायामचा नाच संग दिवङ्गगत आफन्तहरूको सम्झनामा पूर्वजहरू प्रति श्रद्धाज्जली गरेर स्वर्गमा बास होस भनी गाईजात्रा

निकालिन्छ । गाईजात्रा निकालिएको घरबाट "तायामचा नाच" लाई मृत्यु भएको व्यक्तिको नामबाट तायामचा नाचको टोलीमा सहभागी भएकाहरूलाई प्रसाद बाडिन्छ (अर्न्तवार्ता : केशव ताम्राकार, वर्ष ६३) । तायामचा नाचमा ४ जना परीहरू र १ जना जोकर, मृदङ्ग बजाउने २ जना, झयाली बजाउने २ जना, १ जना ढल्कि बजाउने २ जना शहनाई बजाउने, १ जना ठूलो झल्लरी छाता समाउने २ जना, र ३०।४० जनाको समूह भएको हुन्छ । यो नाचमा( देबी, देवताको आव्हानमा हुन्छ । जसमा मृदङ्ग ढल्की आदि बाजा वजाइन्छ । द्यल्हायगु ताल र बोलमा बाजालाई धुप बालेर पूजा गरिन्छ । जोकर र परीहरूहरू कम्मर भांच्दै तायामचा नाचको तालमा नाच्न शुरु हुन्छ । यो नाच बजार परिक्रममा गदै लैजान्छ । साथै मन्दिर, दोबाटोमा आइपुग्दा द्यल्हायगु (देवतालाई आव्हान) गर्ने गर्दछ । यस नाचमा परीको पहिरनमा रंगविरङ्गका भेषभुपामा सजिएका हुन्छ । त्यसैगरी जोकर पनि टाउकोमा फेटा, लामो लट्ठी लिएर जुगादाऱ्हीले सजिएको हुन्छ । यस नाचमा परीहरूको साथी र जोकरको साथी पनि भेषभुषमा पहिरन गरेर हिडेको हुन्छ । साथै राक्षस, यमराज, सिपाई, मन्त्री, भारदारहरू निकालिने गर्दछ । यो तायामचा नाच कृष्णअष्टमी सम्म हुन्छ । कृष्णअष्टमीमा राती टोल टोलबाट तायामचा नाच निकालिएर बजार परिक्रमा गरी मध्य रातमा धुप बत्ती दिएर पूजा गरी भित्राइन्छ (अन्तरवार्ताः रामबहादुर उदास, वर्ष ८०) ।

नेवार समुदायले मात्र मनाउने नाचमा आफ्नै संस्कृति र मौलिकता रहेको नाच हो । यो नाचको महोत्सव र नृत्य प्रतियोगिता २०२६ सालबाट सुरु भएको हो । त्यस पश्चात २०३८, यनेस्को क्लब २०३९ सालमा र पछि सिद्धार्थ क्वल, महेन्द्रपुलका युवाहरुले मिलेर प्रतियोगिता गराएका थिए । नेवाः खल कास्कीले २०५६ सालदेखि पोखरा बजारको नेवार समुदायहरु मिलेर हरेक वर्ष भाद्र शुक्ल प्रतिपदा वा जर्ने पूर्णिमाको भोलिपल्ट विभिन्न टोलहरुमा पालै पालो 'तायमचा नाच' प्रतियोगिताको आयोजना गर्दै आएको छ । यस नाचमा पहिला केटाहरु मात्र परीको भेषमा नाच्ने गरिन्थ्यो भने अहिले केटीहरु पनि परीको भेष भूषमा पूरै गहना लगाएर सजिसजाउ भएर तायमचा नाच नाचिन्छ । यस नाच प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय, सान्त्वना र ख्याली, बाद्यवादन, उत्कृष्ट परी, उत्कृष्ट जोकर आदिलाई पनि पुरस्कार राखिएको हुन्छ ।

# परिच्छेद छ

# निष्कर्ष र सुझाव

## ६.१ निष्कर्ष

नेपालको ७ प्रदेश मध्ये प्रदेश ४ मा ११ वटा जिल्लाहरू रहेका छन् । जसमा कास्की, गोरखा, तनहुं, लमजुङग, स्याङजा, मनाङग, मुस्ताङग, पर्वत, बागलुङग, म्याग्दी र नवलपरासी छन् । यि जिल्ला मध्ये कास्की जिल्लामा पोखरा महानगरपालिकामा ३३ वडा र ४ गाउँपालिका रहेको छ । पोखरा पूर्ण रूपमा बहुधार्मिक, बहुसंस्कृति, बहुभाषिक, कला, महोत्सवले भरिएको, दोस्रो राजधानी, सौन्दर्य प्रकृति, भौगोलिक वातावरणको ठांउमा गनिन्छ । देशको सांस्कृतिक संस्कृति अति नै महत्वपूर्ण रहेको छ । संस्कृति, सांस्कृतिक, कला कौशल नै देशको महत्वपूर्ण अंग हो ।

पोखरा बजारमा बसोबास गर्ने जनजातीहरूको आ-आफ्नै संस्कृति र संस्कार रहेको छ । यस्तैगरी संस्कृति संस्कारहरू भएको धनी ,नेवार समुदाय हो । नेवार समुदायमा आफ्नै महत्वपूर्ण चाडपर्व र जात्राहरूको संस्कृति बोकेको एउटा छुट्टै पहिचान रहेको छ । यो समाजलाई माथि उठाउन चाडपर्व र जात्राको ठूलो देन छ । यो समुदायले धर्म र प्रकृतिमाथि ठूलो आस्था राख्दछ । संस्कृति भनेको त्यो बस्तु हो  जुन पुस्ता पुस्ता देखि मान्दै आएको चाडपर्व, जात्राबाट संस्कार, उत्साह, उमंग एवं मान्यताहरू गासिएको हुन्छ । त्यसैले संस्कृति मानिससँग नजिकको बस्तु हो । खेतीपाती भ्याएर थाकेको अवस्थामा मान्छेको शरीरलाई चाडहरूले आराम, शक्ति प्रदान गर्दछ । साथै रमाइलो पारिवारिक स्नेह, ममता, जमघट हुन्छ । साथै स्थानीय विचमा पनि सद्भावना राख्छ ।

जात्राहरूबाट पनि रमाइलो, आनन्द र उत्साहो बढ्छ । साथै हिन्दुहरूको मौलिक भनेको धर्म, संस्कृति हो ॥ नेवार समुदायहरू आफ्नो रितिरिवाज छोडेको छैन ।

काठमाडौं उपत्यकाका नेवारहरू बसाई-सराई गरेर आएपनि आफ्नो संस्कृतिलाई उल्लासका साथ जोगाई चाडपर्व, जात्रा मनाउदै आएको छ । नेवार समुदायहरूको संस्कृतिलाई नेवाः खल र ल्याम्हः पुच, मिसाः पुचाहरूले सहयोग र सम्वर्द्धन गर्दै आएको छ ।

## ६.२ सुझावहरू

१. चाडपर्वहरूलाई निरन्तरता पूर्वक अगाडि बढाउनु पर्छ ।

२. चाडपर्वलाई उन्नती र राष्ट्रिय भावनाको विकास गर्ने तिर प्रयत्न गर्नु पर्छ

३. चाडपर्वहरू जनताको विचमा समन्वय कायम गर्न सक्नु पर्छ ।

४. संस्कृति चाडपर्वहरूमा बढी मात्रामा खर्चालु देखाउनु हुंदैन ।

५. चाडपर्वको फाइदा र बेफाइदा पक्षको पहिचान हुनु पर्दछ ।

६. चाडपर्वलाई धार्मिक रूपमा  मात्र हेर्ने होइन यसको विविध पक्षलाई पनि हेर्नुपर्दछ ।

७. पोखरामा रहेका नेवार समुदायहरूले मनाउने जात्राहरूमा माघेजात्रा, गणेश जात्रा, बाघजात्रा, गाई जात्राहरूमा सांस्कृतिक परिचय दिने खालको सामग्रीहरू प्रयोगमा ल्याएर देखाउनु पर्दछ  ।

८. आफ्नो पुर्खाहरूले मान्दै आएको संस्कृति परम्परालाई जीवन्त राख्नको लागी नयां युवा पुस्ताहरूलाई हस्तान्तरण गरी दिनु पर्छ ।

९. जात्राहरूलाई लोप हुनबाट बचाउनु पर्दछ ।

१०. जात्राहरूलाई पर्ने आबश्यक सरसामानहरूको जानकारी दिन आफ्नो कर्तव्य, उत्साह, नयां नयां ज्ञान दिन सकेको छैन । जात्रालाई जीवन्त राख्नको लागी सांस्कृतिक प्रशिक्षण दिनु पर्दछ ।

११. लोप भएका जात्राहरूलाई यथास्थितिमा ल्याउन सरसल्लाह, संस्कृतिकर्मिहरूले समय मै बिशेष ध्यान दिनु पर्दछ  ।

१२. जात्राहरू प्रति रुचि राख्ने नयां पुस्ताका युवाहरूलाई नेवाः गुठी, नेवाः मिसाः पुचा, नेवाः ल्याम्ह पुचहरूलाई अघि बढ्न हौसला दिनु पर्दछ ।

१३. नेवारी कला र संस्कृतिलाई जोगाइ राख्नु र निरन्तरता दिनु पर्दछ ।

१४. नेवारी संस्कृति तथा परम्परागत साँस्कृतिक कार्यक्रमहरु लोप हुनबाट बचाउनु पर्दछ ।

१५. नेवारी संस्कृति झल्काउने नाच, चाडपर्व, बाजा, गरगहनाहरुको बारेमा जानकारी गराउने ।

१६. नेवारी संस्कृतिर्मा बाह्य संस्कृतिको प्रभाव पार्न दिनु हुदैन ।

१७. नेवारी कला कौशलबाट  बनेको घरहरुको बनोट बारेमा नयाँ पुस्तालाई जानकारी दिएर निरन्तरता दिनुपर्छ ।

# सन्दर्भ सामाग्री

*आदर्श समाज,* २०७१ असोज ३१ गते ।

*आदर्श समाज,* २०७१ मङ्सीर २० गते ।

*कान्तिपुर २०७४ अशौज ३१ गते ।*

खतिवडा, डा. सोमप्रसाद (२०७२), *नेपालको सांस्कृतिक पर्यटन,* काठमाडौँ : राज अफसेट प्रेस ।

*गोरखापत्र,* २०७४ असोज ३१ गते ।

जोशी सत्यमोहन, (२०६७), *नेपाली चाडपर्व,* काठमाडौँ : साझा प्रकाशन ।

जिल्ला बस्तुगत बिबरण,कास्की,२०७१ पोखरा, तथ्थाक कार्यालय कास्की, नवदुर्गा स्टेशनरी उद्योग, पोखरा ।

......................... २०७४, पोखरा तथ्याक कार्यालय,कास्की, न्यू सृजना छापाखाना, पोखरा ।

तुलाधर, प्रेमशान्ति (२०६७), *नेवार समुदायको चिनारी,* काठमाडौँः साझा प्रकाशन ।

......................... (२०७०), *नेवार समुदायको अभौतिक संस्कृति,* काठमाडौँः साझा प्रकाशन ।

नेपाली गोपाल सिंह (१९५६), *द नेवार्स,* बम्बईः यूनाइटेड एशिया पव्लिकेशन ।

पार्श्वचित्र आठौ अंक (२०७५) पोखरा, वडा नं ९ कार्यालय ।

पोखरा भिन्तुना (११३७), पोखरा : प्रतिक अफसेट ।

......................... (११३९), पोखरा : प्रतिक अफसेट ।

बज्राचार्य, चुन्दा (२०७२) *नेवा सांस्कृतिक चाडपर्व,* ललितपुर : आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

बिष्ट, डोरबहादुर (२०७४), *सवै जातको फुलवारी,* काठमाडौँः साझा प्रकाशन ।

मुनाकर्मी, लिलाभक्त (२०४३), *हाम्रो सांस्कृतिक पर्व,* काठमाडौँः साझा प्रकाशन ।

राजभण्डारी, बिनोदमान (२०६४), *सालाना मनाउँदै आइरहेको चाडपर्व,* काठमाडौं: साझा प्रकाशन ।

शर्मा, ऋृषि (२०७४), “नेपाल राष्ट्रिय चाड पर्व”, काडमाठौं, रत्नपुस्तक भण्डार,काठमाडौं ।

श्रेष्ठ, पदम (२०६२), *नेवार,* काठमाडौं: सीता श्रेष्ठ ।

श्रेष्ठ, तुलसीनारायण, (२०६६), *नेपालको नेवारहरूको पहिचान र पृष्ठभूमि,* काठमाडौं: अनुसन्धान तथा विकास संस्था ।

हिस्टोरिया २०७४, पोखरा : इतिहास तथा संस्कृति विभाग ।

# परिशिष्ट - १

## अन्तर्वार्ता लिएका व्यक्तिहरुको नामावली

| सि.नं. | घरमुलीको नाम | वर्ष |
|---|---|---|
| १ | अष्टमान प्रधानाङ्ग | ६३ |
| २ | कमल प्रजु | ७४ |
| ३ | केदार बजिमय | ८५ |
| ४. | केशव ताम्राकार | ६३ |
| ५. | कृष्ण बैद्य | ८२ |
| ६ | किशोरी देवी श्रेष्ठ | ८२ |
| ७ | गंगादेवी पालिखे | ६७ |
| ८ | गेहेन्द्रमान उदास | ८२ |
| ९ | चन्द्रिकादेवी बजीमय | ८३ |
| १० | टंकमान नापित | ८१ |
| ११ | तेजनारायण ताम्राकार | ८० |
| १२ | तिर्थ श्रेष्ठ | ५७ |
| १३ | तुलसी नापित | ८४ |
| १४ | दिलकुमारी ताम्राकार | ७९ |
| १५ | नारायणबहादुर श्रेष्ठ | ७३ |
| १६ | क्षेत्रप्रसाद लिगल | ८४ |
| १७ | पुष्पादेवी श्रेष्ठ | ६५ |
| १८ | प्रकाशमान पालिखे | ६७ |
| १९ | मानिक शाही | ८४ |

| | | |
|---|---|---|
| २० | मिश्रीदेवी उदास | ८० |
| २१ | राजकुमार भारी | ९२ |
| २३ | रामबहादुर उदास | ७९ |
| २४ | रामजी उदास | ८१ |
| २५ | सुलोचना श्रेष्ठ | ६३ |
| २६ | सेतुली जलारी | ७२ |

## परिशिष्ट - २

### अर्न्तवार्ताको क्रममा सोधिएको प्रश्नावली :

- नेवार समुदायहरुको आगमन कहांबाट र कहिले भएको हो ?
- नेवार शव्द उत्पत्ति कसरी भएको होला ?
- पोखरा शव्द उत्पत्ति कसरी कहांबाट भएको हो ?
- पोखरामा नेवार समुदायहरुको बसाई सराई कहांबाट भएको होला ?
- नेवार समुदायले मनाउने चाडपर्वहरु के के हून ?
- नेवार समुदायहरुले मनाउने जात्राहरु कुन कुन हो ?
- नेवार समुदायहरुले मनाउने नाचहरु के के हुन ?
- नेवार समुदायमा कति थर हुन्छन् ?
- नेवार समुदायमा जात्राहरु कहांबाट कसरी मनाईन्छ ?
- जात्राहरु तडक भडक नभइकन सांस्कृतिक रुपमा लान मिल्छ कि मिल्दैन ?
- तपाईलाई नेवारी भाषा बोल्न आउछ ?
- तपाईलाई नेवार जातिको बारेमा केही भन्नु छ ?
- नेवारहरुको घरको बनोट कस्तो हुन्छ ?
- नेवारहरुको घर कति कच्ची कति पक्की हुन्छ ?

धन्यवाद

# परिशिष्ट ३

गठेमंगल चाडको झलकहरु



गठे मंगल



गठे मंग्ललाई दागबत्ती दिँदै





गठे मंगल जलाउँदै

जनैपूर्णिमामा नौ गेडागुडी मिसाएको क्वाटी



जनैपूर्णिमामा नौ गेडागुडी मिसाएको क्वाटी

महिला मृत व्यक्तिको सम्झनामा निकालिएको गाईजात्रा (सापारु)




गाईजात्रामा निकालिएको रामायण बजार परिक्रमाको र पुरुष मृत व्यक्तिको सम्झनामा निकालिएको गाईजात्रा (सापारु)




झल्लरी छाता सहित पोखरामा गाईजात्राको बजार परिक्रमा र गाइजात्रासँगसँगै दिवंगत व्यक्तिको फोटोसहित परिक्रमा फोटो



तायमचा (गाइजात्रा) सँगै बजार परिक्रमा गरेको दृश्य

दसैँको दृश्य




दसैँमा टीका लगाउँदै



**यमपञ्चक तिहार**



काग तिहार




कुकुर तिहार



गाई तिहार

नेपाल सम्बतमा पोखरामा ऱ्यालीको झलकहरु






बजार परिक्रमा गरिदै



नेपाल सम्बतको ऱ्याली

म्हपूजाको दृश्यहरु



म्हपूजाको तयारी



म्हपूजा गरिदै



म्हपूजाको समापन पनि

भाइपूजा गरिँदै दृश्य







भाइपूजाको लागि माला र जजङ्का र मण्डप सहित भाइपूजा गरिदैको दृश्य






दाजुभाइलाई दिनका लागि तयार पारिएको उपहार र भाइ पूजा गरेपछि सगुन खादै



भाइपूजा सकेपछि चोखो कुचोले बलेको बत्ति सहित बढारेर एक ठाउँमा राख्ने चलन

**योमरीः (भुक्रेरोटी)**



अचार र खुवाको योमरी



चाकुको योमरी

## माघे संक्रान्तिको चाडमा पकाएको परिकारहरु










तिल, भुजाको लड्डु सखरखण्ड, चाकु, तरुल, सेलरोटी

सिठी नखा चाड



सिठी न:ख: पूजा गरिदै



सिठी नख: प्रसादहरु फुरौला, वमरी, चतामरी, हाकुमुस्या ।

गणेश जात्राको झलकहरु



गणेश मन्दिरमा बिष्केट जात्राको रथ





रथ सहितको गणेश जात्रा बजार परिक्रमा गर्दै गरेको दृश्य



बाजा सहितको गणेश जात्रा बजार परिक्रमा गर्दै गरेको दृश्य

माघे जात्राका दृश्यहरु





माघे जात्रा बजार परिक्रमामा पूजा गरेका दृश्यहरु





माघेजात्रामा सहश्रधारा निकाल्नु अघि सेतीनदीमा विहानै नित्य पूरा गरेर निकालिएको श्रीपञ्चमीको दिनमा सरस्वतीदेवीको दृश्य





माघे जात्रा मनाइँदै गरेको दृश्य

बाघ जात्राको झलकहरु



बाघ जात्रामा राजा रानी बजार परिक्रमा गर्दै गरेको दृश्य





बाघले आक्रमण गरेको दृश्य र बाघ लखेटेको धनुषबाणको दृश्य





बाघ जात्राको घोडा सहित सिपाहीहरु

## भैरब नाचको झलकहरु



काल भैरवको नृत्य



बाह्र भैरबको नृत्य



कुमारी नृत्य

लाखेनाचको झलकहरु



लाखे निकाल्नुभन्दा अगाडि पूजाको तयारी





पोखराको लाखे नृत्यको दृश्य,





लाखे नृत्य गर्दै बजार परिक्रमा

तायमचाको झलकहरु





गाईजात्रा तायमचा नृत्यको बजार परिक्रमा गरेको, जोकर सहितको दृश्य





गाईजात्राको जोकरसहित परीहरुको दृश्य






टोलमा तायमचाको नृत्य





तायमचासँगै रामायण

## नेवार समुदायको पुराना घरहरु



गणेश टोलको पुरानो घर



गणेश टोलको पुरानो घर




भिमसेन टोलको पुरानो घर

अन्तरर्वार्ता लिदैको स्रोतकर्ताहरुको फोटो



भैरव नाचसम्बन्धी अष्टमान प्रधानाङ्गसँग लिएको अन्तर्वार्ता



जात्रासम्बन्धी केदार बजिमयँसँग लिइएको अन्तर्वार्ता



नेवार समुदायमा वसाईसराईको बारेमा डा. गेहेन्द्रमान उदास र तुलसी नापितसँग लिएको अर्न्तवार्ता

अन्तरवार्ता लिदैको स्रोतकर्ताहरुको फोटो



चाडपर्वसम्बन्धी सेतुली जलारीसँग लिइएको अन्तर्वार्ता



गाईजात्रा र तायमचा सम्बन्धी केशव ताम्राकारसँग लिइएको अन्तर्वार्ता